# ओलाङचुङगोलाका वालुङ (भोटिया) जातिको साँस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तरगत
समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक
आवश्यकता परिपूर्तिको लागि तयार गरिएको शोध-पत्र

प्रस्तुतकर्ता
दिलविक्रम आङदेम्बे
समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर,काठमाडौँ
रोल नं. :९८/२०७०

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौँ**

## सिफारिस-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तरगत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपूर्तिको लागि दिलविक्रम आङदेम्बेद्वारा तयार पारिएको यस ‘‘ओलाङचुङगोलाका वालुङ (भोटिया) जातिको साँस्कृतिक अध्ययन’’ शीर्षकको शोध-पत्र मेरो निर्देशनमा तयार पारिएको व्यहोरा प्रमाणित गर्दै यसको आवश्यक मूल्याङ्कनको लागि विभाग समक्ष सिफारिस गर्दछु ।

..............................

डा.टिकाराम गौतम

(शोध निर्देशक)

**समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग**

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौँ

मिति: २०७०/१०/०४

# त्रिभुवन विश्वविद्यालय
# समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग
# कीर्तिपुर, काठमाडौँ

## स्वीकृति-पत्र

ओलाङचुङगोलाका वालुङ (भोटिया) जातिको साँस्कृतिक अध्ययन सम्बन्धी दिलविक्रम आङदेम्बेद्वारा तयार गरिएको यस शोध-पत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तरगत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि स्वीकृति गरिएको छ ।

**शोध-पत्र मूल्याङ्कन समिति**

१ डा.टिकाराम गौतम ..........................
(सोध निर्देशक)

२ डा.विनोद पोखेल ..........................
(बाह्य परिक्षक)

३ डा.ओम गुरुङ ..........................
(विभागीय प्रमुख)

मिति .२०७०/११/२५

## कृतज्ञता ज्ञापन

सर्वप्रथम नेपालको अत्यन्त दुर्गम क्षेत्र ओलाङचुङगोलाका बासिन्दा वालुङ भोटियाहरूको साँस्कृतिक अध्ययन गर्ने अवसर दिएकोमा त्रिभुवन विश्वविद्यालय समाजशास्त्र/मानवशास्त्र केन्द्रीय विभाग (कीर्तिपुर) प्रति हार्दिक आभार प्रकट गर्दछु । त्यसैगरी उक्त विभागका प्राध्यापक तथा शोध-पत्रका निर्देशक मेरा श्रद्धेय गुरू डा. टिकाराम गौतमज्यूलाई म हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु । गुरू टिकारामज्यूकै सल्लाह, सुझाव र निर्देशनमा मेरो शोध-पत्रले यस्तो रूप लिन पुगेको हो । ओलाङचुङ क्षेत्रको अध्ययन गर्न प्रोत्साहन गर्नुहुने अर्का मेरा श्रद्धेय गुरू तथा विभागीय प्रमुख डा.ओम गुरुङज्यूलाई पनि म हार्दिक आभार व्यक्त गर्दछु ।

ओलाङचुङ क्षेत्रको अध्ययन गर्न आर्थिक तथा भौगोलिक रूपले ज्यादै चुनौतिपूर्ण थियो । त्यस क्षेत्रको अध्ययन गर्न आर्थिक सहयोग गरिदिने नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान तथा उक्त प्रतिष्ठानका अनुसन्धान विभाग प्रमुख डा.लाल-श्याँकारेलु रापचाप्रति म हृदयदेखि नै आभार व्यक्त गर्दछु । मलाई ओलाङचुङ जान मार्ग-निर्देशन गर्ने र आवश्यक सल्लाह/सुझाव दिनुहुने दाजु ताम्ला उक्याव तथा स्थलगत अध्ययनमा साथ र सहयोग गरिदिनुहुने दाई लोजक लामाप्रति पनि म हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । स्थलगत अध्ययनमा आवश्यक तथ्याङ्क र जानकारीहरू दिएर सहयोग गर्नुहुने दाई बरादोर्जे लामा, ताम्लीङ शेर्पा, वाङ्दी लामा तथा दिदी चुङ्दाकला भोटिया, पासाङ किपु शेर्पा आदि पनि मेरा लागि धन्यवादका पात्रहरू हुन् । अध्ययन-अनुसन्धान गर्न मलाई सधैं प्रेरित गरिरहनुहुने ब्यक्तिहरू बैरागी काँइला (नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति), प्रा.डा. प्रेम खत्री र डा.मृगेन्द्र बहादुर कार्की (सिनास) लाई पनि म हृदयदेखि नै आभार व्यक्त गर्दछु ।

अन्त्यमा मलाई यहाँसम्म आइपुग्न सबै भन्दा पहिला मार्ग-निर्देशन दिनहुने मेरी आमा लाखमाया योङहाङ र बुबा हिमाली प्रसाद आङदेम्बे तथा मेरो अध्ययनको लागि सधैं सहज वातावरण बनाएर मलाई सहयोग गरिरहनुहुने मेरी दिदी मायादेवी आङदेम्बे उहाँहरूका गुणको ऋण मलाई सधैंभरि रहिरहने छ । म उहाँहरू सबैलाई हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु ।

दिलविक्रम आङदेम्बे

# विषय सूची

**सिफारिस पत्र**

**स्वीकृति पत्र**

**कृतज्ञता ज्ञापन**

## विषयसूची


| **विषयसूची** | **पृष्ठ संख्या** |
|---|---|
| **अध्याय - एक** | |
| १.वालुङ (भोटिया) को परिचय | १ |
| २ समस्याको कथन | ३ |
| ३ अध्ययनको मूल उद्देश्य | ३ |
| ४ अध्ययनको औचित्य | ४ |
| **अध्याय - दुई** | |
| १.पूर्व साहित्यको पुनरावलोकन | ५ |
| (क) आर्थिक पक्ष | ९ |
| (ख) सामाजिक पक्ष | १० |
| (ग) साँस्कृतिक पक्ष | १२ |
| २ अध्ययनको रूपरेखा | १३ |
| **अध्याय - तीन** | |
| **अध्ययन विधि** | |
| १ अध्ययन क्षेत्र छनौट | १४ |
| २ अध्ययनको ढाँचा | १४ |
| ३ मुख्य: सूचनादाताहरू | १५ |
| ४ तथ्याङ्क सङ्कलन विधि | १५ |
| (क) प्राथमिक तथ्याङ्क सङ्कलन विधि | १५ |
| अन्तरवार्ता | १५ |
| अवलोकन | १६ |
| घरधुरी सर्वेक्षण | १६ |
| सामूहिक छलफल | १६ |

(ख) द्वितीय तथ्याङ्क सङ्कलन विधि १६
५.अध्ययनको सिमा १७
६.स्थलगत अध्ययनको शिलशिलामा प्राप्त अनुभव १७
७.तथ्याङ्क विश्लेषण विधि १८

**अध्याय-चार**

**अध्ययन क्षेत्र र वालुङ**

१.अध्ययन क्षेत्रको परिचय १९
२.ओलाङचुङगोला नामाकरणको इतिहास २०
३.बासस्थानको संरचना २१
४.जनसङ्ख्या २२
५.घरको बनावट २३

**अध्याय-पाँच**

**सामाजिक-साँस्कृतिक व्यवस्था**

१.उत्पति र आगमन २५
२.वालुङ जाति निर्माण २६

३.थर तथा समुदाय २७
(क) स्थान नामबाट जोडिएको थर (समुदाय) २८
(ख) आगमनको आधारले बनेको थर (समुदाय) २८
४.बसाई/सराई २८
५.भाषा २९
(क) वालुङ भाषाको वर्तमान अवस्था ३०
(ख) वालुङ भाषि स्थान नामहरू ३१
६.शिक्षा ३२
७.नातेदारी ३४
८.भौतिक तथा अभौतिक सँस्कृति र लोकवार्ता ३५
(क) गरगहना ३५
(ख) मौलिक गीत तथा नृत्यहरू ३६

(ग) बाजागाजा ३६
(घ) खानपान ३७
(ङ) भेष-भूषा ३८
९.जीवन संस्कारहरू ३८
(क) जन्म संस्कार ३८
छेमा (स्वागत) ३९
ठूसोल (न्वारन) ३९
(ख) विवाह संस्कार ४०
केटी मगनी ४२
विवाह मिति तोक्ने प्रकृया ४२
विवाह सम्पन्न प्रकृया ४२
(ग) मृत्यु संस्कार ४४
दिन्जीङ ४७
जेंएसाक ४७
स्याकु ४७
(घ) जीवन सस्ंकारमा परिवर्तन ४८
१०.धर्म ४९
११.स्थानीय देवी-देवता ४९
१२.चाड/पर्व ५०
(क) फुटुक ५०
(ख) ठुक्पा-छ्येसी ५०
(ग) नेसो ५१
(घ) ल्होसार ५२
(ङ) चाड-पर्व मनाउने शैलीमा परिवर्तन ५२
१३.पूजा/आजा ५३
(क) लुमो (नाग) पूजा ५३
(ख) छ्येदा (छ्येदर) पूजा ५३
(ग) याङ्ढुप पूजा ५४

| | |
|---|---|
| (घ) ग्यावो पूजा | ५४ |
| १४.राजनैतिक प्रणाली र सहभागिता | ५५ |
| (क) परम्परागत शासन व्यावस्था | ५५ |
| गोभा (गोवा) | ५५ |
| मझिया | ५६ |
| काजी | ५६ |
| विचारी | ५७ |
| कारबारी | ५७ |
| नाइके | ५७ |
| टाले (होक्तेवा) | ५७ |
| (ख) गोभाङगी प्रथाको अन्त्य | ५८ |
| (ग) राजनैतिक संलग्नता | ५८ |
| (घ) परम्परागत न्याय प्रणाली | ६० |
| १५.स्वास्थ्य | ६१ |
| (क) परम्परागत आयुर्वेदिक उपचार प्रणाली | ६१ |
| (ख) तान्त्रिक (धामी/झाँक्री) उपचार प्रणाली | ६२ |


## अध्याय - छ

## आर्थिक व्यावस्था


| | |
|---|---|
| १.आय आर्जनको श्रोत | ६३ |
| (क) व्यापार/व्यावासय | ६४ |
| (ख) पशुपालन | ६५ |
| (ग) घरेलु उद्योग | ६६ |
| (घ) जडीबुटी सङ्कलन | ६७ |
| (ङ) नोकरी | ६७ |
| २.बस्तु विनिमय | ६८ |
| ३.खाद्य सुरक्षा प्रणाली | ६९ |
| ४.आर्थिक आय-आर्जनमा परिवर्तन | ६९ |

## अध्याय - सात

## सारांश र निष्कर्श


| | |
|---|---|
| १.सारांश | ७१ |
| २.निष्कर्ष | ७५ |
| सन्दर्भ-सामग्री | ७७ |
| परिशिष्ट | ८० |

# अध्याय - एक

## १.वालुङ (भोटिया) को परिचय

वालुङहरू नेपालको हिमाली भू-भागमा बस्ने भोटे (भोटिया) मूलका एक समुदाय हुन् । उनीहरूको मुलः बसोबास क्षेत्र ताप्लेजुङ जिल्लाको पूर्वी उत्तरी भू-भागमा पर्ने ओलाङचुङगोला, याङ्मा, घुन्सा, लुङ्थुङ् र लेलेप गाँउ पर्दछन् । अन्यः स-साना गाउँ लेप्चुङ, स्याकाथुम, अम्जीलेसा, ग्याब्ला आदिमा पनि छिटफुट रूपले यी समुदायहरूको वस्ती भेटिन्छ । आजभोलि बसाई-सराईले गर्दा जिल्ला सदरमुकाम फुङ्लिङ, तेह्रथुम, धनकुटा, इलाम, काठमाडौ लगायत दार्जिलिङ, कालिम्पोङ हुदैं बेल्जीयम अमेरिका र क्यानडामा समेत धेर-थोर वालुङहरूको बसोबास भेटिन्छ । वि.स. २०६८ को तथ्याङ्कले नेपालमा यी समुदायहरूको कुलः जनसङ्ख्या ११७० देखाउँछ । यी मध्ये ताप्लेजुङ जिल्लामा ११२९, झापामा २७ र काठमाडौमा १४ रहेको भेटिन्छ ।

वालुङहरूलाई अघि भोटे (भोटिया) (हेर्नुहोस् परिशिष्ट १) मात्र भनिन्थ्यो । पछि देशको राजनैतिक सामाजिक फेरबदलसँगै उनीहरूलाई शेर्पा भन्न (आङदेम्बे, २०६९) थालियो । यी समुदाय मध्ये अधिकांसले नागरिकता पनि शेर्पा भएरै निकालेका छन् । त्यसैगरी सरकारी कागच-पत्रहरूमा समेत धेरैजसो वालुङहरूलाई शेर्पा नै भनेर लेखिएको छ । कहीँ कतै लामा (भोटिया) पनि लेखिएको छ । आजभोलि मात्र यी समुदायहरूलाई वालुङ (भोटिया) भन्न थालिएको हो । खासगरी वालुङ पछिल्लो कालमा निर्माण गरिएको नयाँ जाति (समुदाय) हो । त्यसकारण ओलाङचुङ क्षेत्रका मूल बासिन्दा भोटे (भोटिया) तथा पछि परिमार्जित भई शेर्पा भएकाहरू नै वर्तमान वालुङ भोटियाहरू हुन ।

वालुङ भोटियाहरूको भाषा-धर्म, रिति-रिवाज, रहन-सहन आदि तिब्बतीयन भोटियाहरुसँग मिल्दो-जुल्दो (Hooker_1987:205) छ । उनीहरु बुद्ध धर्म मान्छन् । यसका अलावा 'बोन्पो' (हेर्नुहोस परिशिष्ट १) को प्रभाव पनि छिटफुट रूपले यस समुदायमा रहेको देखिन्छ । वालुङ भोटियाहरू स्थानीय देवी-देवता, तान्त्रिक तुना-मुना तथा भुत/प्रेतहरूमा समेत त्यतिकै विश्वास राख्छन् । फुटुक, ल्होसार, नेसो न्युन्ने जस्ता चाड-पर्वहरू (Bista, 2011:208) मनाउँछन् ।

वालुङहरूले गर्ने सामाजिक संस्कार तथा कर्म-काण्ड विधि पनि आफ्नै किसिमका छन् । जुन नेपालको हिन्दू तथा अन्य केही समुदायहरूले गर्ने संस्कार तथा कर्म-काण्ड विधि भन्दा फरक छ । उनीहरू काठ, ढुङ्गा र माटो आदिले घर बनाउँछन् । त्यसैगरी पशु-पालन तथा व्यापारबाट जीवन गुजारा गर्छन् । अन्य समुदाय झैँ वालुङ भोटियाहरूले खेतीपाती गरेको खासै देखिन्न । यी समुदायहरू 'दे-मेन्दे' (हेर्नुहोस् परिशिष्ट १) (भोटिया) भाषा बोल्छन् । लिपि उही तिब्बती 'सम्बोटा' (हेनुहोस् परिशिष्ट १) नै प्रयोग गर्छन् । क्षेत्र अनुसार एक क्षेत्रका वालुङहरू र अर्को क्षेत्रका वालुङहरूले बोल्ने केही भाषिक शब्दावलीको उचारणमा नगन्य रूपले फरकता पनि (शेर्पा,२०६८) भेटिन्छ ।

नेपालका जात-जाति अध्ययनको इतिहास हेर्दा वालुङ भोटिया जातिको बारेमा अत्यन्त न्यून रूपले मात्र अध्ययन भएको देखिन्छ । खासगरी वालुङहरूलाई अघि 'भोटे' (भोटिया) मात्र भनिएकाले यी समुदायहरूबारे विगतमा गरिएको अध्ययनहरूमा पनि उनीहरूलाई उही भोटे (भोटिया) मात्रै भनिएको छ । वालुङ भनिएको छैन । यसरी वालुङहरूलाई भोटे (भोटिया) भनि सम्बोधन गर्दै उनीहरूको बसोबास क्षेत्र ओलाङचुङगोलाबारे सबै भन्दा पहिला कलम चलाउने विद्वानहरूमा Hooker (1987) र Das (1970) पर्दछन् । यी विद्वानहरूले आफ्नो यात्रा वर्णन पुस्तक Himalayan Journals (1987) र Lasha and Central Tibet (1970 ) मा वालाङचोङ, वालोङ गाउँ (वर्तमान ओलाङचुङगोला) र यस गाउँको नजिक रहेको अर्को याङमा उपत्यकाको बारेमा वर्णन गरिएको पाइन्छ । त्यसैगरी उक्त पुस्तकभित्र यी दुई क्षेत्र (ओलाङचुङगोला, याङमा) मा बसोबास गर्ने भोटे (वर्तमान वालुङ भोटिया), धार्मिक लामा तथा गोभाहरूको वारेमा चर्चा गर्नुको साथै ती क्षेत्रहरूमा पाइने वनस्पति, खोला-नाला, हिमाल, पर्वत तथा त्यहाँ पालिने पशु-प्राणी र उब्जाउ गरिने खाद्य् वस्तुहरूको समेत चर्चा गरिएको भेटिन्छ । यी दुई विद्वान Hooker (1987) र Das (1970) पछि Haimendorf (1975,1984) र Bista (1987) आदिले पनि यस वर्तमान ओलाङचुङगोला बजारलाई वालोङचुङ (वालोङ) नामले उचारण गर्दै त्यहाँका स्थानीय बासिन्दा भोटे (भोटिया) हरू बारे चर्चा गरेका छन् ।

## २.समस्याको कथन

नेपालको जाति तथा समुदाय अध्ययनको इतिहास हेर्दा वालुङ भोटिया जातिको अध्ययन तुलनात्मक रूपले नेपालका अन्य जाति/समुदाय भन्दा न्युन रूपमा मात्र भएको छ। यसको मूल कारण भौगोलिक विकटता र विगत देशमा भएको राजनैतिक उतार/चढाव पर्दछ। अघिः देशी तथा विदेशी कुनै पनि अध्ययन/अनुसन्धान कर्ताहरूलाई ओलाङचुङगोला र त्यहाँका बासिन्दाबारे अध्ययन गर्न बन्देज थियो। जसले गर्दा वालुङ भोटियाबारे लेखिएको इतिहास, साहित्य तथा अन्यः कागज-पत्रहरू त्यति धेरै भेटिन्न। भौगोलिक विकटताका कारण आजभोलि वालुङ भोटिया बस्तीहरूमा पुर्खौली क्षेत्र छाडी अन्यत्रः बसाई जाने र नयाँ सँस्कृतिको ग्रहण गर्ने प्रकृया पनि बढी रहेको छ। उनीहरूका मौलिक पहिचानहरू लोप हुँदै गइरहेको अवस्था छ। त्यसकारण वालुङ भोटियाहरूको मौलिक पहिचान सँग-सँगै उनीहरूका सामाजिक, आर्थिक र साँस्कृतिक पक्षको अन्वेषण गर्नु यस अध्ययनको मूलभुत समस्या हो। उक्त अनुसन्धान समस्या अन्तर्गत निम्न अनुसन्धान प्रश्नहरू रहेका छन्।

(क) वालुङ जातिको सामाजिक अवस्था कस्तो छ ?

(ख) वालुङ जातिको आर्थिक अवस्था के छ ?

(ग) वालुङ जातिको साँस्कृतिक अवस्था कस्तो छ ?

## ३.अध्ययनको मूल उद्देश्य

यो अध्ययनको मूलःउद्देश्य बर्णानात्मक र अन्वेषणात्मक तरिकाले ओलाङचुङगोलाबासी वालुङ भोटियाहरूका विविध पक्ष जस्तैः ऐतिहासिक, सामाजिक, आर्थिक, साँस्कृतिक, शैक्षिक र राजनैतिक आदिको वर्तमान अवस्थाबारे अध्ययन गरी उनीहरूको छोटो जातिशास्त्रीय विवरण तयार गर्नु हो। यस अध्ययनका विशिष्ट उद्देश्यहरू निम्न छन्।

१. वालुङ जातिको सामाजिक अवस्थाको अध्ययन गर्नु,

२. वालुङ जातिको आर्थिक अवस्थाको विश्लेषण गर्नु

३. वालुङ जातिको साँस्कृतिक पक्षको अन्वेषण गर्नु,

## ४.अध्ययनको औचित्य

नेपालका जात-जाति अध्ययनको इतिहास हेर्दा हालसम्म अत्यन्तः न्यून रूपले मात्र अध्ययन भएको वालुङ भोटिया जातिका बारेमा तयार गरिएको यस शोध-पत्र अध्ययनभित्र वालुङ भोटियाहरूको मुल बासस्थान क्षेत्र ओलाङचुङगोला बजारमा केही महिना बसी प्रत्यक्ष रूपले उनीहरूबाटै तथ्याङ्क सङ्कलन गरी समाजशास्त्रीय/मानवशास्त्रीय अवधारणाबाट अध्ययन/अनुसन्धान गर्ने प्रयास गरिएको छ। खासगरी यस सोध अध्ययनमा अत्यन्त विकट जग्गा ओलाङचुगोला र त्यस आसपासमा शदियौं वर्षदेखि बस्दै आइरहेका वालुङ भोटियाहरूले हालसम्म गर्दै आएका जीवन गुजारा प्रकृया, प्रकृति-प्रकोपसँग बच्न गरिरहेको अभ्यास तथा छिमेकी देश चीनको स्व-शासित क्षेत्र तिब्बत (भोट) र वालुङ भोटियाहरू बिच हुँदै आइरहेको ब्यापारिक अन्तर निर्भरता लगायत वालुङहरूले गर्दै आइरहेको सँस्कृति-संस्कार, कर्म-काण्ड विधिको अभ्यास र वालुङहरूको इतिहास आदिबारे विस्तृत अध्ययन गर्ने प्रयास गरिएको छ । जुन कुराहरू जातिय अध्ययनको लागि ज्यादै महत्वपूर्ण छन् । त्यसकारण यो शोध-पत्र समग्र वालुङहरू लगायत वालुङ समुदायबारे अध्ययन गर्न चाहन्ने अन्य ब्यक्तिहरूको लागि समेत धेरै फाइदा हुने देखिन्छ। जसले गर्दा यस शोध अध्ययनले अध्ययनको औचित्यको पुष्टी गर्दछ ।

# अध्याय - दुई

## १.पूर्व साहित्यको पुनरावलोकन

यस अध्यायमा वालुङ भोटिया जातिबारे लेखिएको पुस्तक, जर्नल, वंशावली तथा पत्र-पत्रिका आदिका बारेमा चर्चा गरिएको छ । नेपालमा जातिय अध्ययनको इतिहास हेर्दा भौगोलिक, सामाजिक तथा राजनैतिक कारणले अन्य जाति (समुदाय) भन्दा कम् मात्र वालुङ भोटिया जातिका बारेमा अध्ययन अनुसन्धान भएको देखिन्छ । यसः अध्ययनमा हालसम्म वालुङ भोटिया सम्बन्धी अध्ययन भएका कुराहरूलाई उल्लेख गरिएको छ । साथै उनीहरू सम्बन्धी लेखिएका कुराहरूलाई आर्थिक, सामाजिक तथा सांस्कृतिक गरी तीन पक्षबाट चर्चा गर्ने प्रयास पनि गरिएको छ ।

वालुङ भोटियाबारे सबै भन्दा पहिला लेखिएको पुस्तक युरोपियन बनस्पतिविज्ञ Hooker (1987:196-220) पर्दछ । यस पुस्तकमा लेखकले वालाङचोङ (वर्तमान ओलाङचुङगोला बजार) को प्राकृतिक सुन्दरता, भौगोलिक स्थिति, त्यहाँको स्थानीय बासिन्दा भोटियाहरूको जीवनशैली तथा उनीहरूका प्रशासनिक मान्यता आदि बारे लेखेका छन् ।

लेखकका अनुसार वरिपरि पहाड तथा अग्ला-अग्ला हिमालका चुच्चुराहरूले ढाकेको तमोर नदीको किनारमा अवस्थित सिमा क्षेत्रमा पर्ने वालाङचोङ (वर्तमान ओलाङचुङगोला बजार) तथा त्यस आसपासमा बस्दै आएका बासिन्दा (वर्तमान वालुङ) हरू धेरै शताब्दी अघिदेखि नै उक्त क्षेत्रमा बस्दै आएका वासिन्दाहरू हुन् । एउटै नश्लका भए पनि यी वासिन्दाहरू दुई भन्दा बढी वंशजका छन् । समग्रमा उनीहरूलाई भोटे अथवा भोटिया भन्ने गरिन्छ । यी भोटिया (वर्तमान वालुङ) हरू उनीहरूका रिति-रिवाज, प्रवृत्ति, भाषा तथा धर्म-सँस्कृति आदि हेर्दा तिब्बतीयन तथा लामा भोटे (भोटिया) जस्तै देखिन्छन् । लामो समयदेखि उनीहरूले कर नेपाल र सिक्किमका राजालाई तिर्दै आएका छन् । खासगरी नेपाल र तिब्बतमा निर्भर हुदैं आएका देखिए पनि यी भोटियाहरू आफैं स्वावलम्बी पनि छन् ।

उक्त पुस्तकका अनुसार वलाङचोङ (ओलाङचोङगोला) गाउँमा साँघुरो फोहोरी बाटोहरू रहेको त्यहाँको सार्वजनिक घर, मठ-मन्दिर, गुम्बा आदिको छेउमा माने (मेन्दाङ) हरू

बनाएको तथा त्यहाँका भित्ता पर्खालहरूमा 'ओम माने पेमँ हुँ' मन्त्र लेखेको आदि भेटिन्छन् । त्यसैगरी गाउँभित्र पानीबाट घुम्ने मनि-चक्र (माने) हरू पनि बनाएका हुन्छन् । वालाङचोङ (ओलाङचुङगोला) बासी भोटियाहरू ढुङ्गा र काठले घर बनाउँछन् । उनीहरूको भाँडा-कुडा तथा चिया खाने भाँडाहरू तामा र माटोबाट निर्मित तिब्बतीयन शैलीका हुन्छन । घ्यु, नून र सोडाबाट निर्मित तोर्लङ (हेर्नुहोस परिशिष्ट १) मा बनाएको भोटे चिया (फ्येच्या) खान्छन् । अन्डा, कुखुरा, मुला आदि ओलाङचुङबासी भोटियाहरूका मौशमी खाने-कुराहरू हुन् । वालाङचोङ क्षेत्रमा गाउँको मूली एक जना गोभा (गोवा) हुन्छन् । गोभाले पाँचवटा गाउँको रेखदेख गर्छन् आदि हुक्करले उल्लेख गरेका छन् ।

Haimendorf (1975:121-130 ) ले लेखे अनुसार तमोर नदीको आसपासमा रहेका बस्तीहरू मध्ये वालोङचुङ स्थानीय भाषामा 'वालोङ' (वर्तमान ओलाङचुङगोला) सबै भन्दा ठुलो बस्ती हो । Hooker (1987:205) लाई उद्धित गर्दै लेखक Haimendorf (1975) ले पनि सिमा क्षेत्रमा पर्ने यस ओलाङचुङगोला भेगमा दुई भन्दा बढी जाति (ल्होमी र नावा) का बासिन्दाहरू बसेका कुरा लेखेका छन् । लेखकका अनुसार एउटै नश्ल भएका यी बासिन्दाहरू उक्त क्षेत्रमा धेरै शताब्दी अघिदेखि नै बस्दै आएका पुराना बासिन्दाहरू हुन् । समग्रमा यी वासिन्दाहरूलाई 'भोटिया' भन्ने गरिन्छ । ओलाङचुङबासी भोटियाहरू सिवा, फेच्यावा र लङ्मे गरी तीन वंशजका छन् । उनीहरू मध्ये सामाजिक रुपले सिवा वंशीको स्तर उच्च रहेको देखिन्छ भने लङमे वंशीको स्तर सबै भन्दा न्यून देखिन्छ । लङ्मे वंशी वालुङहरूसँग अन्य वंशीका वालुङहरू मुख-जुठा लगाउँदैनन् । कुल-कुटुम्ब पनि त्यति गर्दैनन् ।

त्यसैगरी उक्त पुस्तकमा लेखिए अनुसार ओलाङचुङबासी (वर्तमान वालुङ) भोटियाहरू लामो समयसम्म आफ्नै स्वायत्ततामा चलेका थिए । गोभा (गोवा) गाउँको मूली हुन्थ्यो । वंशजको आधारले उनीहरू गोभा (गोवा) को चयन गदर्थे । खासगरी सिवा वंशीका भोटियाहरू गोभा हुन्थे । गोर्खाका राजा पृथ्वीनारायण शाहले उथल-पुथल गर्न खोज्दा समेत केही सीप नलागेका वालोङ (वर्तमान ओलाङचुङ) क्षेत्र र त्यहाँका भोटियाहरू पछि सन् 1950 तिर J.D. Hooker जाँदा सम्म पनि आफ्नै स्वाययतामा रमाएका थिए ।

नेपाली विद्वानहरूमा वलाङचोङ (ओलाङचुङगोला) क्षेत्र र त्यहाँका भोटियाहरू बारे अध्ययन-अनुसन्धान गर्ने पहिलो व्याक्ति Dor Bahadur Bista हुन् । Bista ( 2011: 205-207) मा लेखिए अनुसार ओलाङचुङगोला बजारलाई स्थानीय भाषामा 'होलुङ' भनिन्छ । यो बजार

तिब्बत (भोट) र इष्ट-इन्डिया कम्पनी (कलकत्ता) बिचको मुख्य व्यापारिक केन्द्र पनि हो । ओलाङचुङ बजारमा जम्मा एक सय भोटिया घरहरू भेटिन्छ ।  यो गाउँ अन्दाजी दुई सय वर्ष अगाढि निर्माण भएको हो । यस ओलाङचुङगोला बजारमा एक जना गाउँको मुख्य गोभा (गोवा) बसेका हुन्छन् । गोभाको सहायक कारबारी पनि चयन गरिएको हुन्छ । गोभाले ओलाङचुङगोला लगायत त्यस आसपासका समेत गरी जम्मा पाँचवटा गाउँहरू हेर्दछन् । यी पाँचवटै गाउँबाट उनले कर उठाएर सरकारलाई तिर्दछन् । ओलाङचुङबासी भोटियाहरूको सामाजिक संरचना धर्म-कर्म पनि आफ्नै किसिमको छ ।

Regmi (1978:541) मा लेखिए अनुसार हाल धनकुटामा बसोबास गर्ने भोटियाहरू पनि ओलाङचुङगोला कै भोटियाहरू हुन् । उक्त पुस्तकमा लेखक महेशचन्द्र रेग्मीले विदेशी यात्री Hooker (1987:205-206 ) को भनाईलाई आधार मान्दै उनाइसौं शताब्दीको मध्यतिर सम्म पनि धनकुटामा बस्दै आएका यी ओलाङचुङ मुलका भोटे-लिम्बूहरूले कर चाहिँ नेपाल र सिक्किम दुवै देशलाई तिर्दै आएको र उनीहरू नेपाल र तिब्बत दुवै देशमा पर्दै आएको कुरा उल्लेख गरेका छन् ।

मेची देखि महाकाली (२०३१:६३) मा लेखिए अनुसार ताप्लेजुङ जिल्लाकै सबैभन्दा ठूलो व्यापरिक केन्द्र ओलाङचुङगोला बजार हो । भोटे (भोटिया) हरू यस बजारलाई ‘वालुङ’ भन्छन् । यस क्षेत्रमा भोटे जातिहरू मात्र बस्छन् । ओलाङचुङगोला बजारमा एउटा गुम्बा, सिमा भन्सार कार्यालय, हुलाक, प्रहरी चेक पोष्ट तथा प्राथमिक पाठशाला पनि छ । यहाँका प्राय सबै मानिसहरू व्यापारमा लाग्छन् । ओलाङचुङ क्षेत्रमा धेरै हिउँ पर्ने हुनाले धेरैजसो त्यहाँका मानिसहरू मंसिरको पहिलो हप्तातिर गाउँ छोडी तल बेसीमा झर्छन् ।

नेपाल (२०२५:२८) मा कवि प.वैयाकरण कथा वाचनानिमित्त नेपाल सरकारको आग्रहबाट ओलाङचुङगोला पुगेको कुरा लखेका छन् । हर्क गुरुङले ‘मैले देखेको नेपाल’ (इ.२००७:२८०) मा धनकुटा जिल्लामा पर्ने मुगा खोला र निबुवा खोलाको बिचमा पर्ने साँघुरो डाँडामा हालसाल ओलाङचुङगोलाबाट बसाई सरेका एक दर्जन जति भोटियाहरूको घर रहेको र उक्त ठाउँमा ती भोटियाहरूले राम्रो व्यापार गरेको कुरा उल्लेख गरेका छन । त्यसैगरी ‘मादेन फेन्दुवा बंशावली’ (२०६२:१७) मा किराती पुर्खा  राजा मावोहाङ (युमाको अवतार) ले आफ्नो महारानी मावोरोक्मासँग सन्: ८७७ मा भोट (तिब्बत) बाट तल नेपालको लिम्बूवान क्षेत्रतिर प्रवेश गर्ने क्रममा इम्बीरी याङथाङ्वा ‘फुल्लासो वेल्लासो’ (वरक) हुदैं

‘ताङ्वारा फेवाफाङ’ भन्ने स्थानमा पहिलो गढी बनाएर बसे । केही समय त्यहाँको बसाई पछि  पुनः अलिक तल झरी राम्रो जग्गामा एउटा ‘पानी-घट्टा’ बनाई त्यस घट्टलाई ‘इरुम्सुम बरुम्सुम’ नाम राखी त्यहाँको राजा भएर बस्न थाले । त्यहीँ ‘इरुम्सुम बरुम्सुम’ नै पछि अपभ्रम्स भई ‘वलुङचुङ’ भयो र उक्त जग्गाको नाम पनि वालुङचुङ नै राखियो हालः यसलाई ‘ओलाङचुङ’ भन्ने गरिन्छ ।

लामो समय भोटे (भोटिया), त्यसपछि शेर्पा भनेर चिनिएका ओलाङचुङगोलाबासीहरूले देशको राजनैतिक सामाजिक परिवर्तनसँगै पछि नयाँ वालुङ जनजाति  हुनु पर्ने प्रस्ताब अघि सारे । उक्त प्रश्ताबलाई नेपाल सरकारले मान्यता पनि दियो । यसरी नेपाल सरकारले नै मान्यता दिइसकेपछि उनीहरूलाई वालुङ जाति भनेर चिन्न थालियो । त्यसपछि लेखिएका केही पुस्तक तथा जर्नलहरूमा ओलाङचुङबासी भोटियाहरूलाई वालुङ भोटिया जाति भनेर लेख्न थालिएको छ । यसरी वालुङ जाति भनेर लेखिएका केही पुस्तक, जर्नल तथा पत्र-पत्रिकाहरू तल उल्लेख गरिएको छ ।

Ukyab र Adhikari (2000:69) ले ओलाङचुङगोला क्षेत्रभित्र पर्ने पाँच गाउँका बासिन्दाहरूलाई वालुङ भनिएको, खासगरी वालुङ चाँहि ओलाङचुङगोलाको पुरानो नाम रहेको आदि कुरा लेखिएको छ । व्यापार-ब्यवासयलाई मूल जिउने आधार बनाउने यी वालुङ भोटियाहरूका चाड-पर्व तथा धर्म-कर्म पनि आफ्नै किसिमको रहेको कुरा उक्त पुस्तकमा लेखिएको छ । उनीहरूको धर्म, भाषा रहन-सहन सबै तिब्बतीयनसगँ मिल्दो-जुल्दो छ । थापा (२०६५) ले पूस्तकमा वालुङ भोटियाहरूको उत्पति, आगमन, बसाई-सराई, भाषा, धर्म, रहन-सहन, लोक सँस्कृति आदि सबैको सार रूपले उल्लेख गरेको पाइन्छ । त्यसैगरी ढुङ्गेल (स.२०६९:१४२) ले अघिः वालुङ भोटियाका पूर्खाहरू भोटबाट कसरी यस भेगमा आएर बस्न सुरू गरे भन्ने कुराको विस्तृत रूपले उल्लेख गरेका छन् । साथै ढुङ्गेलले त्यस क्षेत्रका अन्वेषक गर्ने केही देशी तथा विदेशीहरूको विचाहरूलाई आधार मान्दै यी वालुङ भोटिया र उनीहरूले आवाद गरेको भूमि (ओलाङचुङगोला) को इतिहास दुई सय वर्ष भन्दा बढी नरहेका कुरा पनि उक्त पुस्तकमा लेखेको पाइन्छ । आङदेम्बे (२०७०:३५७) ले वालुङहरूको जातीय संस्कार (जन्म, विवाह, मृत्यु) भित्र पर्ने सम्पूर्ण कर्म-काण्ड तथा कर्म काण्ड गर्ने प्रकृयाको वारेमा विस्तृत रुपले उल्लेख गर्ने प्रयास गरेका छन् ।

## (क) आर्थिक पक्ष

वालुङ भोटियाका आर्थिक पक्षलाई मात्र समेटिएर अध्ययन-अनुसन्धान गर्ने कार्य हालसम्म भएको खासै देखिन्न तर पनि यी समुदाय र उनीहरूको मूलः क्षेत्र ओलाङचुङगोला बजारबारे लेखिएका केही पुस्तक, जर्नल आदिमा भने छिटफुट रूपले वालुङहरूको आर्थिक पक्षका केही कुराहरू पनि समायोजन गरिएको पाइन्छ । पुस्तक, जर्नल तथा पत्र-पत्रिकामा लेखिएको आधारमा वालुङहरूको आर्थिक अवस्था सामान्यतया राम्रो देखिन्छ । उनीहरूको आय-आर्जनको मूलः माध्यम व्यापार व्यावसय हो ।

वालुङहरूको आर्थिक पक्षबारे लेखिएका पहिलो पुस्तक Hooker (1987:202-220) हो । यस पुस्तकमा उल्लेख गरिए अनुसार वालुङ भोटियाहरूको मूलः पेशा व्यापार-व्यवासय हो । उनीहरू आलु र मुलाको मात्र खेती गर्छन् । मूल कुरा वालुङ (ओलाङचुङ) क्षेत्रमा उब्जाउ युक्त जमिन खासै छैन । थोरै मात्रामा यी भोटियाहरूले भेडा, बाखा, कुखुरा र सुँगुर आदि पनि पाल्ने गर्छन् ।

Haimendorf (1975:124-130) अनुसार वालोङचुङ (ओलाङचुङ) मा उब्जाउ युक्त जमिन छैन । उनीहरू तल्लो भेग स्थित लिम्बूहरूबाट खाद्य ढुवानी गरी जीवन गुजारा गर्छन् । खासगरी यी भोटियाहरू याक-चौरी पालेर आय-आर्जन गर्छन् । व्यापार-व्यवसाय उनीहरूको मूल पेशा हो । अघि वालोङचोङ (वर्तमान ओलाङचुङगोला) बासी भोटियाहरू व्यापारिक फाइदाका लागि टाढा-टाढाबाट पनि व्यापार गर्दथे । उनीहरू तिब्बतको सार, रिहु हुँदै सिगाक्चे, ल्हासासम्म व्यापार गर्दथे । त्यहाँसम्म नै उनीहरूको व्यापारिक पदमार्ग जोडेको थियो । त्यसैगरी तल्लो क्षेत्रको व्यापारिक पदमार्ग ताप्लेजुङ, तेह्रथुम धनकुटा, धरान र विराटनगरसम्म जोडिएको थियो । ठूला व्यापारको लागि कहिले काहिँ कलकत्ता, दिल्ली बम्बैसम्म पनि पुग्थे । तिब्बत (भोट) बाट उनीहरूले नुन, उनबाट बनेका लुगा, बक्खु आदि ल्याउँथे । यसरी ल्याएका बक्खुहरू कालिम्पोङसम्म लगेर बेच्दथे । तर सन् १९५७ पछि विस्तारै तिब्बती नुनको व्यापार घट्दै गयो । भारतिय नुनले बजार लिदै गयो । यसको प्रभाव ताप्लेजुङको उत्तरी भेगसम्म पनि पऱ्यो ।

Bista (2011:205-206) ले उल्लेख गरे अनुसार ओलाङचुङ (होलुङ) गाउँमा उब्जाउ युक्त जमिन नभएकोले व्यापार-व्यवसायबाट त्यहाँका भोटियाहरू जीवन गुजारा गर्छन् ।

ओलाङचुङमा केही सम्पन्नशाली व्यापारी भोटियाहरू पनि बस्छन् । उनीहरू तिब्बत र भारतका विभिन्न सहरहरू विच व्यापार गर्छन् । व्यापारीक समान ढुवानी गर्न याक, खोम्जो,डी आदिको प्रयोग गर्छन् ।

नेपाल (२०२५:२८) ले ओलाङचुङगोला बजार तिब्बतबाट असल-असल घोडा, राडी/पाखी, गलैँचा कस्तुरी आदि निकासी हुने घाँटी मै पर्दछ भनी लेखेका छन् । नेपालका अनुसार अघि ओलाङचुङगोला बजारमा भोटे घोडाको ताँती लाग्दथ्यो । चैनपुर, ताप्लेजुङ धनकुटा, भोजपुरका मानिसहरू पनि घोडा खरिद गर्न उही ओलाङचुङगोला बजार नै पुग्दथे ।

मेची देखि महाकाली (२०३१:६३) पुस्तकमा लेखिए अनुसार ओलाङचुङगोला बजारमा आलु, भोटे मुला, फुल कोपी, बन्दा कोपी आदि मात्र उब्जनी हुन्छ । अधिकांस त्यहाँका बासिन्दाहरू जीवन गुजारा गर्न व्यापार-व्यावायसमा लाग्दछन् । उनीहरू बाहिरबाट देखिने गरी पसलहरू थाप्ने गर्दैनन् ।

गुरुङ (इ.२००७:२८०) ले धनकुटा स्थित मुगा खोला र निबुवा खोला बिच साँघुरो डाँडामा हालसाल केही ओलाङचुङबाट बसाई सरेका भोटियाहरूले राम्ररी व्यापार-व्यवसाय चलाएर बसेको कुरा लेखेका छन् । त्यसैगरी शेर्पा (२०५६) ले ओलाङचुङगोला बजार साँघुरो जग्गामा रहेको र त्यहाँका बासिन्दाहरू मध्ये धेरै जमिन हुनेको नाममा २ रोपनीसम्म र कम हुनेको नाममा ४ आना देखि ८ आनासम्म रहेको लेखेका छन् । ओलाङचुङबासीहरू घर बनाएर बाँकी रहेको जग्गामा साग/सब्जी लगाउछन् । अधिकारी (२०५९:९) मा ओलाङचुङगोलाको चौरी व्यावासयबारे लेखिएको पाइन्छ । के.सी (२०५९:१) ले ओलाङचुङगोलाको गलैँचा व्यावासयबारे लेखेका छन् ।

## (ख) सामाजिक पक्ष

वालुङ भोटियाहरूको सामाजिक पक्षलाई मात्र समेटिएको पुस्तक, जर्नलहरू खासै नभेटिए पनि यी समुदाय र उनीहरूको बसाई इतिहासबारे लेखिएको पुस्तकहरूमा सामान्य तवरले सामाजिक पक्षको पनि चर्चा गरिएको पाइन्छ ।

Haimendorf (1975:127-128) अनुसार वालोङचुङ (ओलाङचुङ) मा सिवा, फेच्यावा र लङ्गे गरी तीन परिवारका भोटियाहरू बस्छन । यी मध्ये सिवा परिवारलाई उच्च स्तर र

लङ्गे परिवारलाई न्यून स्तरको रुपले उनीहरू लिन्छन । लङ्गेहरू गरिब परिवारका हुन्छन् । उनीहरू भारी बोक्ने, भाँडा-कुडा बनाउने आदि काम गर्दछन् । उच्च स्तरका सिवाहरूले न्यून स्तरका फेच्यावा तथा लङ्गेहरूसँग कुलु-कुटुम्ब त्यति गर्दैनन् । तर सामान्य स्तरका सिवा परिवारले भने फेच्यावाहरूसँग चाँहि बिहा गरेका देखिन्छ ।

वालोङचुङ (वर्तमान ओलाङचुङ) का भोटियाहरूमा गाउँ मूली एक जना गोभा पनि हुन्छन् । गोभा पद काली गन्डकीको थकालीले पाएको सुब्बा पद जस्तैः हो फरक के हो भने थकालीहरू तिब्बतीयन होइनन् । उनीहरू तिब्बती सँस्कतिबाट प्रभावित मात्र हुन् तर गोभा पद चाँहि पुरै तिब्बतीयन सँस्कृतिबाट प्रभावित एउटा प्रथा हो । गोभा वंशज परिवारको आधारबाट चयन गरिन्छ । वालोङ भोटियाहरूमा तिब्बती प्रथा धेरै देखिन्छ । धेरैजसो यी समुदायहरू तिब्बतीयनहरूसँगै बिहा गर्छन् । अघि उनीहरूमा बहुपति प्रथा पनि थियो तर सन् १९०० तिर नेपाली कर्मचारीहरू त्यस क्षेत्रमा छिरेपछि ती कर्मचारीहरूले बहुपति विवाहलाई इन्कार गर्न थाले र त्यसपछि ओलाङचुङमा एकल विवाह सुरु भयो । मूलकारण बहुपति प्रथालाई नेपाली कानुनमा स्वीकृति थिएन ।

Bista (2011:206 ) ले पनि उहि Haimendorf (1975) मा उल्लेख गरिएको कुरा झै होलुङ (वर्तमान ओलाङचुङ) का मानिसलाई तीन समुदायमा विभाजन गरिएको कुरा लेखिएको छ । लेखकका अनुसार उक्त जग्गामा सबै भन्दा पहिला बस्ने सिवा परिवारहरू हुन् । सामाजिक रूपले उनीहरूको स्तर उच्च छ । फेच्यावा र लङमे पछि आउने परिवारहरू हुन् । लङ्मे परिवार सामाजिक रूपले सबै भन्दा तल्लो वर्गमा पर्दछ । लङ्मेहरू शेर्पा समुदायभित्रको ‘खामेन्डु’ परिवार जस्तै हुन ।

विष्टका अनुसार ओलाङचुङका भोटियाहरूमा एकल विवाह गर्ने प्रचलन छ । दाजुको मृत्यु भएमा देवरले भाउजु बिहा गर्न सक्छन् तर भाइको मृत्यु भएमा दाजु (जेठाजु) ले बुहारी बिहा गर्न सक्दैनन् । उनीहरू पुर्खौउली सम्पति छोराहरूलाई समान रूपले हस्तान्तरण गर्छन् । छोरा नभएको खण्डमा सम्पति छोरीलाई दिने र बाबु-आमाको रेखदेख छोरी-ज्वाईंले नै गर्ने प्रचलन उनीहरूमा छ । परिस्थिति आए घर-ज्वाईं राख्ने चलन पनि छ ।

आङदेम्बे (२०६९:२६) अनुसार ओलाङचुङबासी वालुङ भोटियाहरूमा हिन्दु समुदायभित्रका झैँ छुवा-छुतको प्रभाव त्यति छैन । यति हुदाँ-हुँदै पनि ओलाङचुङगोला बजारमा हाल

रहेका ६ (छ) घर तावाली भोटियाहरूसँग भने स्थानीय अन्यः उच्च वंशजका वालुङ भोटियाहरू मुख जुठा गर्दैनन्, कुल-कुटुम्ब पनि गर्दैनन् । उच्च वंशी वालुङहरूले तावाली भोटियाहरूलाई अछुत जाति (समुदाय) को रूपमा हेर्दछन् । वालुङहरू बौद्ध धर्मावलम्बी भए पनि स्थानीय तान्त्रिक देवी-देवताप्रति पनि उत्तिकै विश्वास राख्दछन् । उनीहरू ल्होसार, फुटुक, नेसो जस्ता चाड-पर्वहरू मनाउँछन् ।

लिम्बू र गुरुङ (२०६६:४) अनुसार वालुङहरू एउटै जग्गामा सामुहिक रूपले बस्दछन । छिटफुट रूपमा कर्मचारीहरू बसेको बाहेक अन्यः कुनै पनि जाति/समुदायहरू वालुङ क्षेत्रमा बसेका भेटिँदैन । उनीहरू अन्य कर्मचारीहरूसँग बिवाह गरी बच्चा जन्माए पनि वालुङ भोटियामै समायोजन गर्दछन् । अघि वालुङहरूमा मातृसत्ताको प्रभाव धेरै देखिन्थ्यो ।

लामा (२०६६:६२) अनुसार धेरेजसो वालुङहरूमा एकात्मक परिवार देखिन्छ । घर मुलीले घरका सबै आय-व्याय हेर्दछन् । यो समाजमा लोग्ने-स्वास्नी, सासु-बुहारी बिच कुनै भेदभाव छैन । सबै परिवार सामुहिक रूपमा खाना खान्छन् । परिवारभित्र सबैमा मुख-जुठा चल्छ । अघिः वालुङ समुदायमा माहिली छोरीलाई आनी राख्ने चलन थियो । तर आजभोलि यो चलन छैन ।

## (ग) साँस्कृतिक पक्ष

ओलाङचुङबासी वालुङ भोटियाहरूको संस्कार-सँस्कृति सम्बन्धी छिटफुट रूपले लेखिएको पुस्तकहरू निम्न छन् । थापा (२०६५) मा नेपालका हिमाली भू-भागमा बस्ने अन्यः हिमाली जाति/समुदायहरू भन्दा वालुङ भोटियामा बढि मात्राले तिब्बती सँस्कृतिको प्रभाव रहेको लेखेको पाइन्छ । लेखकका अनुसार उनीहरू तिब्बती भोटे भाषा बोल्छन् । यो भाषालाई अघिः 'भोटे' (थाक्से) भाषा पनि भनिन्थ्यो । यस पुस्तकमा वालुङ लोक सँस्कृति, लोक बाजा, लोक गीत, लोक नृत्य तथा वालुङ मौलिक भेष-भूषको बारे समेत चर्चा गरिएको पाइन्छ ।


आङ्देम्बे (२०६९) मा वालुङहरू बौद्ध धर्मावलम्बी भए पनि तान्त्रिक देवी-देवता तथा तुना/मुनामा पनि उत्तिकै विश्वास राख्ने कुरा लेखिएको पाइन्छ । लेखकका अनुसार वालुङहरू ढुङ्गा र काठले घर बनाउँछन् । यस समुदायमा आफ्नो घरमा आउने जो कोहीलाई पनि घरभित्र छिराई हाल्ने अनौठो चलन छ । उनीहरू पाहुनालाई सामुहिक नाचगान (धुन्ज्याङ) गरेर अथवा तोङ्वा (पै), याकको सुकुटी आदि ख्वाएर सत्कार गर्दछन् ।

शेर्पा (२०५६) अनुसार वालुङ (होलुङ) हरू घर हावा नछिर्ने तरिकाले बनाउँछन् । उनीहरूको घर दुईदेखि तीन तलासम्मको हुन्छ । वालुङहरू घरभित्रको अघिल्लो भागमा बुद्ध भगवान तथा दलाई लामाको तस्बीर राख्छन् । उनीहरू भाँडा-कुडा टल्काएर राख्छन् । घरभित्रको दलिनमा बिभिन्न बुट्टाहरू भर्दछन् । वालुङहरु नयाँ मान्छे आएमा तिनको खुब चासो राख्दछन् । घरमा आगन्तुक जो कोहीलाई पनि सत्कार गर्दछन् ।

## २ अध्ययनको रुपरेखा

ओलाङचुङगोलाका वालुङ (भोटिया) जातिको साँस्कृतिक अध्ययन सम्बन्धी तयार गरिएको यस शोध-पत्रमा अध्ययन गर्न खोजिएको मुख्य विषय-वस्तुलाई अझ प्रष्ट रूपले बुझ्न यहाँ एउटा अध्ययनको रूपरेखा तयार गरिएको छ । उक्त रूपरेखालाई चित्र न.१ र चित्र न.२ गरी दुई चरणमा विभाजन गरिएको छ । खासगरी यस अध्ययनभित्र प्रकार्यात्मक विधिलाई मुल आधार मानिएको छ ।

(चित्र न.१)





यस शोध-पत्र अध्ययन रूपरेखाको चित्र न. १ मा ओलाङचुङगोलाबासी वालुङहरूको ऐतिहासिक, सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिक तथा राजनैतिक पक्षहरूबारे उल्लेख गरिएको छ । उक्त चित्रमा उल्लेख गरिए अनुसार वालुङहरूभित्रका यी उल्लेखित सबै पक्षहरूको एक-आपसमा अन्तर-सम्बन्धित रहेको देखिन्छ । उदाहरणको लागि वालुङ भोटियाहरू मध्ये सवै भन्दा पहिले ओलाङचुङगोला क्षेत्रमा आएर बसेका परिवारहरूको सामाजिक स्तर उच्च हुने गर्दछ । गाउँ-घरमा सञ्चालित परम्परागत नीति-नियम तथा संघ-संस्थाहरूका मुख्य पदहरू उनीहरूले नै लिने गर्छन् । यी परिवारहरूको साँस्कृतिक,

आर्थिक, राजनैतिक तथा शैक्षिक अवस्था पनि अन्य वालुङ परिवारहरूको भन्दा धेरै राम्रो देखिन्छ । सबै भन्दा पछाडि ओलाङचुङगोला क्षेत्रमा आएर बसोबास गर्ने वालुङ परिवारहरूको सामाजिक स्तर निम्न हुने गर्दछ । वालुङ समाजमा लङ्गे र तावाली सबै भन्दा पछाडि आउने परिवारहरू हुन् ।

ओलाङचुङगोलाबासी वालुङहरूको सामाजिक, साँस्कृतिक आदि पक्षहरू त्यस क्षेत्रको भूगोल, पर्यावरण तथा आर्थिक कृयाकलापको आधारले पनि निर्धारण गरेको देखिन्छ । उनीहरू तिब्बती सँस्कृतिबाट प्रभावित छन् । बाक्लो बक्खु कपडाबाट निर्मित पहिरनहरू लगाउने गर्छन । र व्यापार-व्यावासयबाट जीवन गुजारा गर्दछन् ।

(चित्र न.२)




शोध-पत्र अध्ययन रूपरेखाको चित्र न.२ मा ओलाङचुङगोलाबासी वालुङ भोटियाहरूको सामाजिक, साँस्कृतिक तथा आर्थिक प्रकृयामाथि हाल भइरहेको फेरबदल र यस्ता फेरबदलका कारक तत्वहरूबारे चर्चा गरिएको छ । खासगरी ओलाङचुङगोलामा सरकारी-कर्मचारीको प्रवेश, विश्व-व्यापीकरणको प्रभाव र वर्तमान ओलाङचुङ क्षेत्रमा देखिएको आर्थिक-उपार्जनको वृद्धिले नै त्यहाँका स्थानीय वालुङहरूको सामाजिक संरचनामा सामान्य

फेरवदल भएको देखिन्छ । उदाहरण: ओलाङचुङ क्षेत्रमा हिन्दु अनुयायी कर्मचारीहरूको प्रवेश भए पछि त्यहाँका स्थानीयवासी वालुङहरूले हिन्दु मान्यता र रीति-थितिहरू सिक्न थाले । केन्द्रीय तहका शासक कर्म-चारीहरूको प्रवेशका कारण स्थानीय वालुङ गोभाहरूको अधिकारमा कटौती हुँदै गयो । दिनानु-दिन बढिरहेको विश्वव्यापीकरणको प्रभावका कारण ओलाङचुङगोलामा नयाँ-नयाँ प्रविधिहरू भित्रिन थाल्यो । देशी-विदेशी पर्यटकहरू पनि आउन थाले । स्थानीय वालुङहरूको आर्थिक स्तरमा सामान्य फेरबदल हुँदै गयो । उनीहरूले नयाँ-नयाँ शैलीले चाड-पर्वहरू मनाउन थाले । विदेशी कम्पनीका अल्कोहलहरू खान थाले, नयाँ-नयाँ परिकारका पहिरनहरू लगाउन थाले ।

# अध्याय - तीन

## अध्ययन विधि

### १.अध्ययन क्षेत्र छनौट

वालुङ जातिको अध्ययन गर्न यो शोध-पत्रमा क्षेत्रकार्यको लागि ओलाङचुङगोला बजारलाई छानिएको छ । ओलाङचुङगोला बजार ताप्लेजुङ जिल्लाभित्रको एउटा गाविस हो । यो बजार सदरमुकाम फुङलिङ बजारबाट ६४ कि.मि पूर्वी उत्तरी भू-भागमा पर्दछ । जहाँ पुग्न सदरमुकामवाट तीन दिन पैदल हिँड्नु पर्दछ ।

ओलाङचुङगोला बजार वालुङ भोटियाहरूको मूलः बासस्थान क्षेत्र हो । यस बजार कै पुरानो नाम वालोङ, होलुङ, वालुङ आदि नामबाट वर्तमान नया 'वालुङ' जाति नामाकरण गरिएको हो । त्यसकारण यी वालुङ जातिबारे अध्ययन गर्न ओलाङचुङगोला बजार र त्यहाँका बासिन्दा (वर्तमान वालुङ भोटिया) हरूलाई छानिएको हो । यसरी ओलाङचुङगोला बजार र वालुङ भोटियाहरूबारे अध्ययन गर्नुको अर्को कारण नेपालका अन्यः क्षेत्र र जाति समुदायको तुलनामा उनीहरूबारे अत्यन्त न्यून अध्ययन र अनुसन्धान हुन पनि हो । यद्यपि ओलाङचुङगोलाको इतिहास, त्यहाँको सामाजिक, आर्थिक तथा साँस्कृतिक संरचना भने नेपाली समाजमा धेरै महत्वपूर्ण छ । जुन कुराहरू समाजशास्त्री/मानवशास्त्री लगायत अन्य खोज अनुसन्धानकर्ताहरूको लागि ज्यादै महत्वपुर्ण विषय-वस्तु बन्ने छ । ओलाङचुङ क्षेत्रको अध्ययन र अनुसन्धान धेरै न्यून हुनमा विगतको नेपाली राजनीति र भौगोलिक विकटता दुई मुख्य कारक तत्वहरू पर्दछन् ।

### २.अध्ययनको ढाँचा

यस शोध कार्यमा वर्णनात्मक र अन्वेषणात्मक दुवै अध्ययन विधिः प्रयोग गरी वालुङ भोटियाका जातिशास्त्र अध्ययन गर्ने प्रयास गरिएको छ । वर्णनात्मक विधिबाट उनीहरूको इतिहास, उत्पति, सामाजिक तथा साँस्कृतिक अवस्था आदिबारे अध्ययन गरिएको छ । जस्तैः वर्तमान ओलाङचुङ बजारमा बसोबास गर्न भन्दा पहिला यी वालुङहरूको मूल उत्पति स्थल

कहाँ थियो ? ओलाङचुङ क्षेत्रमा उनीहरू कसरी आए ? ओलाङचुङ क्षेत्रबाट अन्यत्र जग्गामा वालुङहरू किन र कसरी विस्थापित हुँदै गए ? त्यसैगरी सामाजिक साँस्कृतिक विषय-वस्तुभित्रका कुराहरू जस्तैः वालुङहरू ओलाङचुङगोला क्षेत्रमा हालसम्म कसरी बस्दै आइरहेका छन् । उनीहरूको जीवन धान्ने मूल आधार के हो ? उनीहरू के-के चाड-पर्व मनाउँछन् ? चाड-पर्वहरू कहिले र कसरी मनाइन्छ ? वालुङहरूको संस्कार-कर्मकाण्ड विधिहरू के-के हुन् ? यस्ता कमं-काण्ड विधिहरू कसरी सम्पन्न गरिन्छ ? आदि कुराहरूको अध्ययन गरिएको छ ।

अन्वेषणात्मक विधिबाट वालुङहरूको सामाजिक संरचनाहरू कसरी निर्माण भएको छ । उनीहरू कुन-कुन देवी-देवताका पूजा गर्छन् ? वालुङहरूमा धार्मिक प्रभाव कस्तो छ ? धार्मिक प्रकृयाले उनीहरूको दैनिक जीवनमा कस्तो प्रभाव पारेको छ ? यी समुदायले गर्दै आएको पेशाभित्र विगत र वर्तमानमा के-कस्तो फेरवदल भएको छ ? यस्तो फेरवदल प्रकृयाले उनीहरूको दैनिक जीवनमाथि के-कस्तो असर पारेको छ । वालुङहरूले मान्दै आएको संस्कार कर्म-काण्ड विधिमा हाल कस्तो परिवर्तन भएको छ । यस्ता परिवर्तनका कारक तत्वहरू के-के हुन् ? परिवर्तनले यी समुदायका जीवन-चर्यामाथि के-कस्तो असर पारेको छ ? वालुङ समुदायमा वर्तमान शैक्षिक अवस्था कस्तो छ ? त्यसैगरी जलवायु परिवर्तन र वर्तमान नेपालको राजनैतिक प्रकृयाले उनीहरूलाई के-कस्तो प्रभाव पारेको छ ? आदि कुराहरूको अध्ययन गर्ने प्रयास गरिएको छ ।

## ३.मुख्यः सूचनादाताहरू

यसः अध्यायमा शोध-पत्रको मूल उद्देश्य अनुरूप वालुङ भोटिया जातिका विविधः विषय-वस्तुमाथि जानकारी दिने मुख्य सूचनादाताहरूबारे उल्लेख गरिएको छ । शोध-कार्यलाई बढी विश्वाशीलो बनाउन वालुङ भोटियाहरूको मूल थल्लो ओलाङचुङगोला गाविस लगायत छिमेकी गाविस लेलेप, जिल्ला सदरमुकाम फुङलिङ बजार तथा काठमाडौंबासी वालुङहरूबाट समेत जानकारी लिने काम गरिएको छ । खासगरी यस शोध-पत्र अध्ययनमा ओलाङचुङबाट ७ जना, लेलेपबाट ७ जना, काठमाडौंबाट ४ जना र फुङलिङबाट १ जना वालुङहरूबाट जानकारी लिने काम गरिएको छ । सूचनादाताहरू प्राय सबै किसिमको जस्तैः महिला, युवा, शिक्षित/अशिक्षित, वृद्ध-वृद्धा आदिलाई चयन गरिएको थियो ।

# ४.तथ्याङ्क सङ्कलन विधि

## (क) प्राथमिक तथ्याङ्क सङ्कलन विधि

### अन्तरवार्ता

वालुङहरूको सामाजिक, आर्थिक, साँस्कृतिक आदि पक्षको आमने-सामने बसी प्रत्यक्ष रूपले उनीहरूबाटै तथ्याङ्क लिन यस शोध-पत्रमा अन्तरवार्ता विधिको प्रयोग गरिएको थियो । जसको लागि संरचित साक्षात्कार र असंरचित साक्षात्कार गरी दुई प्रकारको अन्तरवार्ता विधिः प्रयोग गरिएको थियो । अन्तरवार्ता ३२ घर परिवारभित्रको प्रायः सबै प्रकारका मानिसहरू जस्तैः बूढा-पाका, युवा-युवती, गाउँका गन्य-मान्य, शिक्षित अशिक्षित आदिबाट लिने प्रयास गरियो ।

### अवलोकन

वालुङहरूको रहन-सहन आदि लगायत अन्यः विविध पहिचान जनित विषयहरू र यस्ता विषयहरू वालुङ समाजभित्र विगत र वर्तमानमा देखिएको परिवर्तन आदिबारे प्रत्यक्ष हेरेर अवलोकन गरि त्यस्ता कुराहरूको तथ्याङ्क सङकलन गर्न यस अध्ययनमा अवलोकन विधिको प्रयोग गरिएको थियो । अवलोकन गर्न वालुङबस्ती ओलाङचुङगोला बजारमै गइएको थियो ।

### घर-धुरी सर्बेक्षण

वालुङ जातिको रहन-सहन, बासस्थान क्षेत्र जस्तैः उनीहरू कस्तो ठाउँमा घर बनाउँछन ? घरमा करेसा-बारी छ कि छैन ? वालुङहरूका घरको संरचना कस्तो हुन्छ ? घर कति तले हुन्छ ? उनीहरू के ले घर बनाउछन् ? घरको कुन तला के-के को लागि प्रयोग गरिन्छ ? आदि सबै कुराको प्रत्यक्ष अवलोकन गर्न यस शोध-पत्रमा घर-धुरी सर्वेक्षण विधिको प्रयोग गरिएको थियो । अध्ययनको लागि छानिएको ओलाङचुङगोला बजारका जम्मा ३२ वालुङहरूका घर-धुरीको सर्वेक्षण गरिएको थियो ।

वालुङहरूको अध्ययनका लागि छानिएको घर-धुरीहरू भौगोलिक बसाई, सामाजिक, आर्थिक, शैक्षिक अवस्था तथा जनसङ्ख्याको आधारले छानिएको थियो । उदाहरणः- उच्च स्तरका वालुङ घर-परिवार (गोभा, मझिया, कारबारी) बाट पाँचवटा घरको सर्वेक्षण गरिएको थियो । वालुङहरूमा यी परिवारहरू शैक्षिक, सामाजिक र आर्थिक रूपले उच्च स्तरका मानिन्छ । स्थानीय तावाली वालुङ भोटियाहरूबाट चारवटा घर-धुरीको सर्वेक्षण गरियो । यस समुदायमा तावालीहरूलाई सामाजिक तथा आर्थिक रूपमा न्युन परिवारका मानिन्छ । अन्य सबै घर-धुरीहरू मध्य स्तरका वालुङ परिवारबाट छानिएको थियो । त्यसैगरी जनसङ्ख्याको आधारले एक घरमा तीनजना सम्ममात्र सदस्य हुनेका घर-परिवारबाट आठवटा, पाँचजना सम्म हुने घर-परिवारबाट चौधवटा र त्यो भन्दा बढी परिवारसङख्या हुने घर-परिवारबाट दशवटा घर-धुरीको सर्वेक्षण गरिएको थियो ।

### समुहिक छलफल

एक व्याक्ति र एक ठाउँबाट लिएको तथ्याङ्क कम् विश्वाशनीय हुन्छ । त्यसकारण यस शोध-पत्रको अध्ययन गर्दा तथ्याङ्कलाई पारदर्शी र विश्वाशनीय बनाउन क्षेत्रकार्य अध्ययनबाट लिएको तथ्याङ्कलाई पुनः वालुङहरूबारे जानकार भएका सबै प्रकारको ब्याक्ति जस्तैः-स्थानीय गाउँ-मूलि, राजनीतिक-कर्मि, महिला, युवा-बर्ग, समुदायका शिक्षित व्याक्ति, कर्मचारी आदि सबै व्याक्तिहरू बिच सामुहिक रूपले बसी प्राप्त तथ्याङ्कबारे वृहत रूपमा छलफल गरिएको थियो । उक्त छलफलबाट अध्ययनको निचोड निकाल्ने प्रयास गरिएको थियो ।

## (ख) द्वितीय तथ्याङ्क सङ्कलन विधि

कुनै पनि जाति वा समुदायको अध्ययन गर्न प्राथमिक तवरबाट लिइएको तथ्याङ्कलेमात्र त्यति पूर्ण हुँदैन । त्यसकारण यो शोध-पत्र तयार गर्दा द्वितिय श्रोत विधिबाट पनि तथ्याङ्क सङ्कलन् गरिएको छ । यस प्रकारको तथ्याङ्क सङ्कलन विधिमा अध्ययनको उद्देश्य बमोजिमका विषयबस्तुहरू जस्तैः वालुङ जाती सम्बन्धी लेखिएका बिभिन्न किताब, जर्नल, पत्र-पत्रिका, बुलेटिन, वंशावली, लालमोहर आदि पर्दछन् । उल्लेखित कुराहरू प्राप्त गर्न यस शोध-पत्र तयार गर्दा पुस्तकालय, पुस्तक पसल, सङ्ग्राहलय, पुरातत्व बिभाग, वंशावली,

दस्तावेज लगायत अन्य बिभिन्न लालमोहर आदिको प्रयोग गरिएको छ । साथै आवश्यक अनुसार इमेल इन्टरनेटको प्रयोग पनि गरिएको छ ।

## ५.अध्ययनको सिमा

यो शोध-अध्ययनको मूलः उद्देश्य वालुङ समुदायको जाति शास्त्रीय अध्ययन विवरणीका तयार गर्नु हो । नेपालको बर्तमान तथ्याङ्क अनुसार हाल वालुङहरू आफ्नो मूलः स्थान पाँच गाउँ लगायत बसाइ-सराइका कारण अन्यः बिभिन्न क्षेत्र तथा बिदेशमा समेत बसेका भेटिन्छ । सिमीत समय, श्रोत र साधनले यी सबै क्षेत्रका वालुङहरूको अध्ययन गर्न असम्भव छ । त्यसकारण यस शोध-पत्रमा वालुङहरूको मुख्य स्थान ओलाङचुङगोला बजारलाई मात्र छानी त्यस बजारभित्रका जम्मा ३२ वालुङ घरलाई नमुना छनौट गरी तिनीहरूको मात्र आर्थिक सामाजिक, साँस्कृतिक लगायत त्यस क्षेत्रको अन्यः विविध पक्षबारे अध्ययन⁄अनुसन्धान गरिएको छ । जसले गर्दा सबै क्षेत्रका वालुङहरूका सबै विषय-वस्तुबारे यस शोध अध्ययनले नसमेट्न सक्छ । खासगरी यो शोध-पत्र अध्ययन वालुङ समुदायको विविधः पक्षको अध्ययनसँगै त्रिभुवन विश्व-विद्यालय मानविकी संकाय अन्तरगतका समाजशास्त्र विषयको स्नातकोत्तर तह-उपाधि प्राप्त गर्नमा बढी केन्द्रीत रहेको छ ।

## ६.स्थलगत अध्ययनको सिलसिलामा प्राप्त अनुभव

वालुङहरूको बासस्थान क्षेत्र ओलाङचुङगोला पुग्न भौगोलीक, आर्थिक तथा पर्यावरणीय रूपले ज्यादै कठिन थियो । यो क्षेत्र पुग्न ताप्लेजुङको जिल्ला सदरमुकाम फुङलिङ बजारबाट तीन दिन पैदल हिँड्नु पर्दछ । ओलाङचुङ क्षेत्र र त्यहाँका वालुङ भोटियाको अध्ययन गर्न कार्य क्षेत्र अध्ययनको लागि मलाई नेपाल आदिवासी जनजाति उत्थान प्रतिष्ठान (नेआजउप्र) ले आर्थिक सहयोग गरेको थियो । त्यसकारण वालुङ जातिको अध्ययन गर्न पहिलो पल्ट वि.स. २०६८ साल वैशााखतिर म त्यस क्षेत्रमा पुगेको थिएँ । अन्दाजी दुई महिनासम्म गरिएको उक्त कार्यक्षेत्रमा स्थानीयबासी तथा वालुङ समितिका अध्यक्ष लोजक लामा, नुर्भु र पेमा लामाले ओलाङचुङ बजारको कार्यक्षेत्र पूरा गरिएसम्म साथ र सहयोग गरेका थिए ।

ओलाङचुङगोला क्षेत्रका वालुङ जनजातिहरूको अध्ययन गर्न हिँडिएको पहिलो दिन काठमाडौँदेखि ताप्लेजुङसम्म हवाई यात्रा गरियो । फुङलिङ बजारमा एक दिन विश्राम

गरेपछि सिधै ओलाङचुङ क्षेत्रतिर लागियो । फुङ्लिङ बजारदेखि ओलाङचुङ जाने मार्ग देखाउन लोजक लामा र पेमा लामाले साथ दिएका थिए । हामी एक दिनमा छिरुवा भन्ने जग्गामा पुग्यौं । दोस्रो दिन लेलेप स्थित इलाडाँडामा पुगियो । इलाडाँडामा एउटा मात्र घर भोटिन्छ । इलाडाँडादेखि माथि साँघुरो जोखिमपूर्ण जङ्गलको बाटो काट्नु पर्दछ । त्यहाँदेखि माथि ओलाङचुङ नपुगेसम्म रात्रि बासको लागि बाटोमा कुनै घर तथा गोठहरू भेटिँदैन । तेस्रो दिन बल्ल हामी ओलाङचुङ बजार पुग्यौं । व्यवस्थित रूपमै हामीले लुगा तथा खाजा-सामलहरू बोकेकोले गर्दा हाम्रा झोलाहरू ठूल-ठूला थिए । ओलाङचुङ बजार पुग्ने बित्तिकै हाम्रो स्वागतको लागि हातमा खादा र सेतो टिका (याक्का) बोकेर केही स्थानीय भोटियाहरू हामी सामु आए । केही भोटियाहरू चाँहि हामीलाई देखेर विदेशी पर्यटक जस्तो लागेर स्वागत गर्न आएको त नेपालीहरू पो रहेछ भनी नाक खुम्च्याएर फर्के पनि । याङ्मा नुप्पु शेर्पा (भोटिया) को घरमा डेराको व्यवस्था गरियो । ओलाङचुङ बजारमा तिब्बतीयन शैलीका भोजन (खाना, खाजा, चिया आदि) खान पाइन्छ । त्यहाँ आगन्तुक पाहुनाहरूलाई खाने र बस्ने व्यवस्था राम्ररी गर्दारहेछन् । वालुङहरू धेरैजसो तिब्बती (भोटिया) भाषा नै बोल्दछन् । भाषिक समस्याले गर्दा कहीँ-कतै अन्तरवार्ता लिने क्रममा केही अप्ठ्यारो महसुस पनि भयो तर साथमा वालुङहरूकै अध्यक्ष र भाषिक उचारण गर्ने सहयोगी पेमा लामा समेत रहेकाले त्यति धेरै कठिनाई चाहिँ खेप्नु परेन । त्यहाँका स्थानीयहरू माथि विश्वास दिलाउन धेरै सजिलो भयो । अन्तरवार्ताको लागि उपयुक्त समयको चाहिँ निकै ख्याल गर्नुपर्‍यो । मुख्यकारण वालुङहरू बिहान सबेरै काम-व्यवहार, बस्तु-गोठ तथा अन्य बिभिन्न कामको लागि घर बाहिर निस्कन्ने गर्दछन् । बाँकी गाउँमै बसेकाहरू पनि दिनको मध्य समय पश्चात् देशी तथा विदेशी अल्कोहल (हुस्की, तोङवा, रक्सी) सेवन गरी केही कुरा नमिल्ने अवस्थासम्म पुगेका हुन्छन् ।

ओलाङचुङ बजारका वालुङहरूको क्षेत्रकार्यको अध्ययन गरेपछि अर्को भोटिया बस्ती याङ्मा उपत्यकातिर लागियो । याङ्मा जान ठूल-ठूला जङ्गल र खर्कहरू काट्नु पर्दछ । त्यस क्षेत्र जानुको लागि ओलाङचुङ बजारका स्थानीय ढन्डु शेर्पा भोटियाले साथ दिएका थिए । पहिलो दिन हामी चेने भन्ने जग्गामा पुग्यौं । ओलाङचुङदेखि याङमा जाँदा रात्रि बास बस्न चेनेमा रहेको गोठ बाहेक अन्य ठाउँ छैन । चेनेको बसाइपछि अर्को दिन याङमा पुगियो । त्यहाँ नेपाली भाषा बोल्न सक्ने महिलाहरू कुनै पनि भेटिएनन् । त्यसकारण स्थानीयहरूसँग अन्तरवार्ता लिन याङ्मामा धेरै गाह्रो थियो तर पनि खस (नेपाली) भाषा बुझ्न र बोल्न

सक्ने याङ्मा कै स्थानीयबासी ताम्लिङ भोटियाले भाषिक उचारणमा सहयोग गरेको हुनाले केही मात्राले सजिलो चाहिँ भयो । सकेसम्म यथार्थ किसिमकै तथ्याङ्क लिने प्रयास गर्‍यौं । याङ्मा उपत्यका अत्यन्तै विकट जग्गामा रहेको हुनाले उपयुक्त किसिमको खान बस्न तथा अन्य भौतिक सेवा-सुविधा पाउन त्यहाँ ज्यादै कठिन् छ । एउटा चुरोट तथा सलाई मात्र किन्न पनि त्यहाँका भोटियाहरूलाई ओलाङचुङ तथा घुन्सासम्म पुग्नु पर्दछ ।

याङमाली भोटियाहरूको क्षेत्रकार्य समाप्त पश्चात् लेलेप स्थित घुन्सा बजार हुँदै वालुङ गोभाङ्गी क्षेत्रभित्र पर्ने अन्य गाउँ जस्तैः ग्याब्ला, लुङ्थुङ र लेलेपका केही स्थानीय व्यक्तिहरूसँग पनि वालुङ सम्बन्धी केही जानकारीहरू लिने काम गरियो । यी उल्लेखित गाउँबाट छानिएका केही उत्तरदाताहरूले भने वालुङ ओलाङचुङ बजारका भोटियाहरूलाई मात्र भनिएको र त्यहाँका भोटियाहरूबारे सबै कुरा त्यति थाहा नभएको भनी शोध-पत्र अनुसारको अन्तरवार्तालाई इन्कार गर्न पनि खोजे । प्रस्तावित वालुङ क्षेत्रको पाँचैवटा गाउँबाट सामान्य कार्यक्षेत्र पुरागरिएपछि ताप्लेजुङ जिल्लाको सदरमुकाम फुङलिङ बजार हुँदै पुन काठमाडौं फर्कियो । त्यसपछि काठमाडौंमा बसोबास गर्ने वालुङ गोभाङ्गी क्षेत्रका पाँचवटै गाउँका भोटियाहरूसँग पनि उद्देश्य अनुसारको आवश्यक जानकारीहरू लिने काम गरियो । अन्त्यमा प्रतिवेदन लेख्ने काम सुरू भयो । प्रतिवेदन लेख्दा चाहिँ वालुङ (भोटिया) सम्बन्धी पुस्तकहरू त्यति धेरै नभेटिएकोले साहित्यिक पुनरावलोकनका लागि केही मिहेनत पनि गर्नुपर्‍यो ।

## ७.तथ्याङ्क विश्लेषण विधि

तथ्याङकहरू सङ्ख्यात्मक र गुणात्मक दुवै तरिकाले राखिएको छ। यस शोध-पत्रमा धेरैजसो गुणात्मक तथ्याङकको बिवेचना गरिएको छ । गुणात्मक तथ्याङ्कलाई वर्णनात्मक र अन्वेशणात्मक शैलीबाट पनि विवेचना गरिएको छ । त्यसैगरी प्राथमिक तथ्याङ्कलाई वर्णनात्मक सैलीबाट राखिएको छ । सङ्ख्यात्मक तथ्याङकलाई भने तालिका मार्फत राख्ने प्रयास गरिएको छ । साथै यो शोध-पत्रमा आवश्यक विषयवस्तु अनुसारका फोटोहरू पनि राखिएको छ ।

# अध्याय-चार


# अध्ययन क्षेत्र र वालुङ

## १. अध्ययन क्षेत्रको परिचय

वालुङ भोटियाहरूको जातिशास्त्र अध्ययन गर्न छानिएको यो ओलाङचुङगोला बजार पूर्वी नेपालको ताप्लेजुङ जिल्ला सदरमुकाम फुङलिङ बजारबाट अन्दाजी ६४ कि.मि. (२० कोष) उत्तर-पूर्वी तमोर नदीको किनारमा अवस्थित छ। ओलाङचुङगोला बजारलाई अघि 'वालोङ' (J.D.Hooker 1987:196, Haimendorf 1975:124), 'होलुङ, (Bista 2000:147), 'ओलाङचुङ,' (नेपाल,२०२५:२८), 'वाःलुम्सुम' (चेम्जोङ,२०३१:५२) आदि नामले चिन्ने गरिन्थ्यो । केही स्थानीयबासिहरूले 'वालुङचुङ' पनि भन्ने गर्दथे । स्थानीय भोटिया भाषामा 'वालुङचुङ'को अर्थ 'सानो-गाउँ' भन्ने लाग्दछ।

वालुङ भोटिया बस्ती ओलाङचुङगोला बजारलाई वरिपरिबाट उकेरी, अचिङ्गल, लिखादे नामका अग्ला-अग्ला पहाडहरूले घेरिएको छ । यो बजार समुन्द्री सतहबाट ३,२३१ मिटर उचाइमा रहेको पाइन्छ । हालः यस ओलाङचुङगोला बजारमा पुरानो शैलीको ५४ (चौवन) वटा भोटिया घरहरू भेटिन्छ । यी मध्ये ५१ (एकाउन) वटा घरमा आजभोलि वालुङ भोटियाहरू बस्दछन् ।

(ओलाङचुङगोला क्षेत्र)




(क) ओलाङचुङगोला बजार - १, ५, ८

(ख) जोङ्गिम् - ३

(ग) याङमा उपत्यका क्षेत्र - ९

ओलाङचुङगोला बजार अघि तिब्बत र भारतको मूल व्यापारिक नाका थियो । त्यसकारण धेरै वर्ष अघिदेखि नै यस बजारमा व्यापारिक चहल-पहल राम्रो रहेको देखिन्छ । नेपालमा पञ्चायती व्यवस्था लागू भएपछि भने ओलाङचुङगोला बजारलाई एउटा गाउँ-पञ्चायत बनाइयो । उक्त गाउँ-पञ्चायतलाई पछि पुन वि.सं. २०४६ सालतिर नेपालमा भएको जनआन्दोलनबाट प्रजातन्त्रको पुन स्थापना भए पछि गाविसमा रूपान्तरण गरियो । हाल यस ओलाङचुङगोला गाविसभित्र ओलाङचुङगोला बजार, याङमा र जोङ्गिम् गरी तीनवटा गाउँहरू समावेस गरिएको छ । जोङ्गिम्मा आजभोलि मानव बस्ती छैन ।

## २.ओलाङचुङगोला नामाकरणको इतिहास

वालोङ, वालोङचुङ, वालुङचुङ, आदि हुदैं ओलाङचुङ भएको यो बजारको नामाकरण पछाडि धेरै इतिहास, लोक कथा तथा जनश्रुतिहरू रहेको पाइन्छ । प्राप्तः इतिहास तथा जनश्रुति अनुसार अघि ईशाको नवौँ शताब्दीतिर गुरु पद्म-सम्भवले प्रचारमा ल्याएको बौद्धधर्मलाई प्रसार गर्न तिब्बत (भोट) को ल्हासादेखि दक्षिण बुद्धगया (हेर्नुहोस् परिशिष्ट १) तर्फ हिँडेका धार्मिक तीर्थ-यात्रीहरू अचानक हिमालय पर्वत ठिप्ताला (हेर्नुहोस परिशिष्ट १) क्षेत्रमा पुगेपछि बाटो बिराए । त्यसैताक उनीहरू  माझ एउटा 'वाः' (हेर्नुहोस् परिशिष्ट १) देखा पर्‍यो । केही समय पश्चात त्यो देखिएको 'वा' दक्षिणतर्फ लाग्यो । तीर्थ-यात्रीहरू पनि 'वाः' कै पछि लाग्नथाले । अन्त्यमाः उनीहरू बस्ती योग्य राम्रो जग्गामा पुगे । त्यसपछि 'वाः' अदृष्य भयो । तीर्थ यात्रीहरूले यात्रा पुरा गरेपछि अन्त्यमा तीनै बस्ती योग्य जग्गामा आएर बसोबास गर्न थाले । पुन उनीहरू तिब्बत ल्हासातिर फर्केनन् । यसरी 'वा' मार्फत भेटिएको कारण ती वासिन्दाहरूले उक्त जग्गाको नाम 'वाःलुङ' राखिदिए । भोटिया भाषामा वाः को अर्थ सानो जनावर र लुङको अर्थ जग्गा भन्ने लाग्दछ ।

अर्को एउटा लोककथा (folk story) अनुसार धेरै वर्ष अघिः तिब्बत (भोट) का एक जना सिकारीले नजिकै एउटा  'ह्वा' (फ्याउरो) देख्यो । सिकारीले उक्त 'ह्वा' (फ्याउरो) लाई मार्ने प्रयास गर्‍यो । त्यसकारण ह्वा (फ्याउरो) लाई खेदाउदै त्यो सिकारी तिब्बत (भोट) बाट यता आई तल दक्षिण तर्फ झर्‍यो । अन्त्यमाः वर्तमान ओलाङचुङगोला जग्गामा पुगेपछि त्यो 'ह्वा' (फ्याउरो) हरायो । यसरी जुन ठाँउमा 'ह्वा' हरायो त्यस ठाँउको नाम 'ह्वालुङ' रहन गयो । पछि 'ह्वालुङ' लाई 'होलुङ' भन्न थालियो । त्यसैगरी किरात लिम्बू

वंशावलीहरूमा पनि 'ओलाङचुङ' नामाकरणबारे सामान्य उल्लेख गरिएको पाइन्छ । किरात मादेन फेन्दुवा वंशावली अनुसार अघि किरात पुर्खा राजा मावोहाङ् (हेर्नुहोस् परिशिष्ट १) ले आफ्नो महारानी मावोरोक्मासँग सन् ८७७ तिर तिब्बतबाट यता आई तल झर्ने क्रममा सबै भन्दा पहिला 'इम्बीरी याङ्थाङ्वा' 'फुल्लासो वेल्लासो' ( वरक ) (हेर्नुहोस परिशिष्ट १) हुँदै नेपालको 'लिम्बुवान' क्षेत्र अन्तरगत पर्ने 'ताङ्वारा फेवाफाङ' भन्ने स्थानमा पहिलो गढ बनाएर बस्न सुरू गरेका थिए । केही वर्ष उक्त गढमा बसाई पछि राजा मावोहाङले पुन अलिक तल झरी एउटा खुल्ला जग्गामा बसोबास गर्न थाले । त्यस क्षेत्रमा उनले एउटा 'पानी-घट्टा' पनि बनाए । किराती लिम्बू मुन्धुमी भाषामा पानी-घट्टालाई 'इरुम्सुम-वरुम्सुम' (हेनुहोस परिशिष्ट १) भनिन्छ । त्यहिँ 'इरुम्सुम-वरुम्सुम' नै पछि 'वलुङचुङ' मा परिणत भयो (मादेन २०६२:१७) ।

वालोङ, वालुङचुङ, वालुङ, होलुङ, आदि नामले उचारित उक्त बजार पछि वि.स.१८३१ साल पश्चात् त्यस जग्गामा छिरेका कर्मचारीहरूलाई उचारण गर्न गाह्रो भएपछि ओलाङचुङ नाममा (गुरुङ,२०६६:४२) परिणत भयो । ओलाङचुङ बजार इष्ट इन्डिया कम्पनी कलकत्ता र भोट बिचको व्यापारिक नाका समेत रहेकाले त्यो बजारलाई अघि गोला पनि भनिन्थ्यो । मुख्यकारण व्यापारिक मन्डिहरूमा नाका तथा भन्सार समेत रहेको जग्गालाई त्यो बेला गोला भन्ने गरिन्थ्यो (ढुङ्गेल,१९८९:१५) । त्यसकारण पछिल्लो कालमा ओलाङचुङ र गोलालाई एउटै रूपले समायोजन गरी 'ओलाङचुङगोला' भन्न थालियो । वि.स २०१७ सालतिर पञ्चायती व्यावस्था लागु भएपछि यस ओलाङचुङगोला क्षेत्रलाई ओलाङचुङगोला गाउँ-पञ्चायत बनाइयो । त्यसपछि यो (ओलाङचुङगोला) नामले धेरै प्रसिद्ध पायो ।

## ३.वासस्थानको संरचना

वालुङहरू खोला नदीको किनारमा आफ्नो बासस्थान क्षेत्र बनाउँछन् । उनीहरू सामुहिक रूपले बसोवास गर्छन् । वालुङ घरहरू बाक्ला हुनका साथै एउटा घर अर्को घरसँग सामान्य जोडिएको पनि हुन्छ । घर-आँगन तथा बँलेसीमा ढुङ्गा विछ्याइको हुन्छ । उनीहरू गाउँको विचतिर मान्छे हिँड्ने ठुलो बाटाहरू निकाल्ने गर्छन् । बाटोको बिच-बिचमा माने (मेन्दाङ) हरू पनि बनाइएको हुन्छ । त्यसैगरी वालुङ बासस्थान क्षेत्र प्रवेश गर्ने मूलः गल्लीहरूमा विभिन्न मन्त्र लेखिएको माने ढुङ्गाहरू राख्नुका साथै प्रवेशद्वार कानी (हेर्नुहोस परिशिष्ट १)

हरू पनि बनाएको भेटिन्छ । वालुङ भोटियाहरू प्रवेशद्धार (कानि) बाट गाउँ छिरे भूत-प्रेतबाट टाढा रहने, ग्रह/दशा नलाग्ने आदि जनविश्वास गर्दछन् । उनीहरू बासस्थानदेखि माथिल्लोक्षेत्र पवित्र भू-भागहरूमा गुम्बा तथा अन्यः देवस्थलहरू बनाउने गछर्न् । त्यसैगरी गाउँभित्र तथा आसपासमा स्थानीय देवी-देवता जस्तै ग्यावो, चैँ, लुमो आदिका थानहरू पनि बनाएका हुन्छन् । वालुङ क्षेत्रभित्र उब्जाउ योग्य जमिन त्यति नभएको कारण घर नजिक सामान्य करेसाबारी निकालेको बाहेक उनीहरूले आवादीको लागि बनाएका जग्गाहरू भने खासै भेटिन्न । गाउँभित्र पानी ढलो, कुलो, खोल्सी आदिमा पानी-घट्टाहरू बनाएका हुन्छन् । गाउँ आसपासका पहाड, रुख, ढुङ्गा तथा खोला किनार आदिमा मन्त्र लिखित विभिन्न रङ्का ध्वजा (लुङदा) हरू झुन्ड्याएर गाउँलाई सजिसजावट बनाउँछन् ।

## ४.जनसङ्ख्या

वालुङ भोटियाका हालको जनसङ्ख्या शोध-पत्र अध्ययनको लागि छानिएको ओलाङचुङगोला बजारभित्रका ३२ (बत्तिस) घर-धुरीमा स्थलगत अध्ययन गर्दा जम्मा १५४ (एक सय चौवन) जना रहेको देखियो । यी मध्ये पुरूषको सङ्ख्या ८२ (बयासी) देखिन्छ । यो कुल सङ्ख्याको जम्मा ५४ % (प्रतिशत) हुन्छ । महिलाको सङ्ख्या ७२ (बहत्तर) देखिन्छ । यो कुल जनसङ्ख्याको जम्मा ४६ % (प्रतिशत) हुन्छ । स्थलगत अध्ययनमा उमेरको स्तर र उमेरको स्तर अनुसारको लिङ्गको आधारबाट पनि अध्ययन स्थलका वालुङहरूको जनसङ्ख्या विवरण निकाल्ने प्रयास गरिएको छ । खासगरी जनसङ्ख्यालाई उमेरको आधारमा १४ वर्षदेखि मुनिको, १५ वर्षदेखि ५९ वर्षसम्मको र ६० वर्षदेखि माथिको गरि तीन चरणमा वर्गीकरण गरिएको छ । जुन तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नः १

| क्र.स | उमेर | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | <१४ | २२ | २६.८२ | १८ | २५ | ४० | २५.९७ |
| २ | १५-५९ | ५५ | ६७.०७ | ५० | ६९.४४ | १०५ | ६८.१८ |
| ३ | ६०> | ५ | ६.०९ | ४ | ५.५५ | ९ | ५.८४ |
| जम्मा | | ८२ | | ७२ | | १५४ | १०० |

(स्थलगत अध्ययन २०६९)

माथिको तालिकामा उल्लेख गरिए अनुसार कुल जनसङख्या १५४ जना रहेको मध्ये १४ वर्षमुनिको सङ्ख्या ४० जना भेटियो । यो कुल सङ्ख्याको २५.९७ % (प्रतिशत) हुन्छ । १५ देखि ५९ वर्षसम्मको १०५ जना भेटियो । यो कुल सङ्ख्याको ६८.१८ % (प्रतिशत) हुन्छ । त्यसैगरी ६० वर्षदेखि माथि ९ जना भेटियो । यो कुल सङ्ख्याको ५.८४ % (प्रतिशत) हुन्छ ।

## ५.घरको बनावट

वालुङले चित्रा, काठको चिरपट, ढुङ्गा, माटो आदिबाट घर बनाउँछन् । यी समुदायका घर दुईदेखि तीन तलासम्मको हुन्छ । घरहरू आर्थिक स्तर अनुसार बनाइएको हुन्छ । धनाढ्य परिवारका वालुङहरूको घर ठूलो हुन्छ । उनीहरूको घरमा बुट्टा जन्य धेरै झ्याल, ढोकाहरू राखिएको हुन्छ । सामान्य परिवारका वालुङहरूको घर सानो हुनका साथै त्यति कोठा र झ्याल-ढोकाहरू निकालीएको हुँदैन । अध्ययनको लागि छानिएको ३२ वटा वालुङ घरहरूमा स्थलगत अध्ययन गर्दा चारवटा ठुल-ठुला शृङ्गार युक्त घरहरू भेटियो । यी घरहरू क्रमश गोभा, कारबारी र विचारी परिवारका वालुङहरूको थियो । आजभोलि गोभा तथा कारबारीका परिवारहरू काठमाडौं बस्छन् । उनीहरूका घरहरूमा अन्य नातेदारहरू बसेका भेटिन्छन् । त्यसैगरी अन्य तीनवटा घरहरू मसिना त्यति व्यवस्थित नगरिएको भेटियो । यी घरहरू स्थानीय तावाली भाटियाहरूको थियो । ओलाङचुङगोलामा तावाली भोटियाहरूलाई सामाजिक रूपले न्यून वर्गका समुदायको रूपमा हेरिन्छ । यी समुदायका घरहरूमा कुनै पनि बुट्टाजन्य तथा सिसाका झ्यालहरू त्यति निकालेका देखिन्न । उनीहरूका घरहरू मसिनो झुप्रा-झुप्री हुनका साथै घरभित्र पलङ (ठ्यी) र कोठाहरू पनि त्यति छैन । बाँकी पच्चिसवटा घरहरू सामान्य स्तरका थिए । उल्लेखित यी सबै घररूहलाई तलको तालिकामा पनि देखाइएको छ ।

तलिका नः २

| परिवार | घरको बनावट | घर-सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| सामाजिक मान्यता प्राप्त उच्च परिवारको घर | ठुल-ठुला घर धेरै झ्यालढोका भएको तथा शृङ्गार गरिएको | ४ | १३ % |
| सामान्य परिवारको घर | एकदेखि दुई तला सम्म भएको सामान्य कोठाहरू निकालिएको | २५ | ७९ % |
| तावाली परिवारका घर | घर एक तला मात्र रहेको त्यति व्यवस्थित नगरेको | ३ | ८ % |
| जम्मा | | ३२ | १०० |

(स्थलगत अध्ययन २०६९)

माथिको तालिका अनुसार अध्ययनको लागि छानिएको घर-सङ्ख्यामध्ये सामाजिक मान्यता प्राप्त उच्च परिवारको घर तथा धेरै झ्याल ढोका भएका व्यावस्थित गरिएका घर सङ्ख्या ४ (चार) वटा देखिन्छ । जुन कुल घर सङ्ख्याको १३ % (प्रतिशत) हुन जान्छ । एकदेखि दुईतला सम्म भएका सामान्य कोठाहरू निकालिएको घर २५ वटा देखिन्छ । यो कुल सङ्ख्याको ७९ % (प्रतिशत) हुन्छ । त्यसैगरी घर एक तला मात्र रहेको त्यति व्यावस्थित नगरेको यस्ता घरहरू धेरेजसो तावाली परिवारका रहेको देखिन्छ । ती घर सङ्ख्या ३ वटा देखिन्छ । यो कुल सङ्ख्याको ८ % (प्रतिशत) हुन्छ ।

वालुङहरू घरको सबैभन्दा मुनि तललाई होकाङ भन्छन । होकाङ ढुङ्गाको गाऱ्होबाट बनिएको हुन्छ । सामान्यतया होकाङभित्र दुईवटा कोठाहरू निकालिन्छ । यी कोठाहरू बस्तुभाउ बाँध्न, काठ/दाउरा राख्न आदि प्रयोग गरिन्छ । केही वालुङले होकाङमा पसल पनि थाप्ने गर्छन् । हालसाल ओलाङचुङगोलामा दुई घरले होकाङमा पशल थापेका भेटिन्छ । त्यसैगरी बिच तलालाई वालुङहरू 'मनाङ' भन्छन् । यस मनाङ तलालाई वरिपरि चिरपट काठ (ल्होक्स्याक) ले बारिएको हुन्छ । भुईमा मोटो काठको तख्ति (होको) बिछ्याइन्छ । वालुङहरू बस्न, सुत्न, सरसमान राख्न धेरै जसो मनाङकै प्रयोग गर्छन् । मनाङ तलाको बिचमा थाका (ओदान) हुन्छ । वालुङहरूले थाका (ओदान) को वरिपरी 'ठ्यी' (पलङ) हरू पनि राखेका हुन्छन् । यसरी राखिएका 'ठ्यी' (पलङ) हरू दिनभरी मानिस बस्ने कुर्सीको रूपले प्रयोग गरिन्छ भने राति सुत्न खटियाको रूपमा पनि प्रयोग गरिन्छ । मनाङ तलाभित्र छिर्ने ढोका (मनाङ घो) प्रायः एउटै मात्र हुन्छ । ढोका अगाडि सानो सिकुवा (एताङ) पनि निकालेका हुन्छन् । त्यसैगरी वालुङ घरको सबै भन्दा माथिको तलालाई 'राप्तक' भनिन्छ । यो तला जाँड/रक्सी तथा अन्यः घरायसी सर-समान आदि राख्न प्रयोग गरिन्छ । उनीहरू घरको छानो (नाङ्गीक) पातलो काठको तक्ती (थोक्स्याक) ले छाउँदछन् । छानो (नाङगीक) को दुवै सुरमा मन्त्र लिखित दुईवटा ध्वजाहरू गाडेका हुन्छन् ।

वालुङहरू घरको ढोका उत्तर हिमाल तिर राख्दैनन् । उच्च हिमाली भू-भागमा बस्ने वालुङहरूले घरमा झ्याल-ढोकाहरू पनि त्यति निकाल्दैनन् । उनीहरू घरभित्रको मूल खम्बा तथा झ्याल/ढोका लगायत अन्यः विभिन्न भागहरूमा मन्त्रो लिखित सेतो चित्र (याका) हरू कोर्दछन । यसरी कोरिएको सेतो चित्र (याका) हरूले विभिन्न अर्थहरु दिएको हुन्छ । वालुङहरूले घरका झ्यालहरूमा बुट्टेदार झल्लर (स्याम्पु) हरू पनि झुन्ड्याउने गर्दछन् ।

# अध्याय-पाँच

# सामाजिक-साँस्कृतिक व्यवस्था

## १.उत्पति र आगमन

वालुहरूको जीवनशैली संस्कार-सँस्कृति तिब्बतीयन भोटियाहरूसँग मिल्दो-जुल्दो छ । अघि उनीहरूलाई भोटे (भोटिया) मात्र भनिन्थ्यो । वालुङ भोटियाका धेरै थर तथा वंशज पनि तिब्बतीयन गाउँ-ठाउँको नामसँगै जोडिएको छ । जस्तै 'उक्याप' तिब्बतको 'पेरुक उकेवा' भन्ने जग्गासँग मिल्दो/जुल्दो छ । 'फुकेतापा' तिब्बतको 'फुकुवा' र 'बरावो' तिब्बतको 'बरा' भन्ने जग्गासँग मिल्दो जुल्दो छ । त्यसकारण वालुङ भोटियाको मूल उत्पति तिब्बत (भोट) नै हुन सक्छ भन्ने अनुमान लगाउन सकिन्छ । तर तिब्बत (भोट) बाट यता कहिले र कसरी आए भन्ने सवालमा भने केही किम्बदन्ती कथा र जनश्रुति बाहेक दरिलो प्रमाण हालसम्म प्राप्त हुन सकेको छैन ।

केही प्राप्त इतिहास अनुसार धेरै वर्षअघि भोट (तिब्बत) बाट यता आउने क्रममा वालुङ भोटियाका पुर्खाहरू सबै भन्दा पहिला वर्तमान ताप्लेजुङ जिल्लाको उत्तरी नाका ठिप्ताला भन्ज्याङ पार गरी दक्षिण उकान भन्ने जगामा सानो बस्ती बनाई बस्न सुरु गरेका थिए । नयाँ बस्ती सुरू गर्दा उनीहरू सात थरीका थिए जस्तैः उक्याप्प, वारुप्पा, रुइट, थुम्जामा, ल्हाचा, कोजापा तथा उच्युङ आदि (ढुङ्गेलः २०६९:१४१) । एक दुई पुस्ता उकानमा बसाइपछि उनीहरू पुनः तल्लो भेग देहङमा थाङ (वर्तमान देवमाया टार) मा बसाई सरे । कालान्तरमा वालुङ्चुङ (.वर्तमान ओलाङ्चुङ) मा आएर बस्न थाले । वालुङहरूलाई आगमनको आधारले  तीन चरणमा बाँडिएको छ । यी मध्ये पहिलो चरणमा आउनेलाई सिवा (सिज्यावा) भनिन्छ । दोस्रो चरणमा आउनेलाई फेजा (फेच्यावा) भनिन्छ । त्यसेगरी तेस्रो चरणमा आउनेलाई लङगे (लङमे) भनिन्छ (Haimendorf 1975:126) । बर्तमान् ओलाङ्चुङका वालुङ भोटियाहरू उही तीन वंशजका सन्तानहरू नै हुन् भन्ने भनाइ छ  तर माथि भोटबाट यी भोटियहरू ओलाङ्चुङ जग्गामा कसरी र कहिले आए भन्ने कुराको दरिलो प्रमाण भने हालसम्म प्राप्त भएको छैन । (गुरुङ.२००७:२७३) ले अन्दाजी १३०० (तेह्र सय)

वर्ष अघिदेखि उक्त ओलाङचुङ भेगमा मानिसको बसोबास भएको आशंका व्यक्त गर्छन् । त्यसैगरी (उक्याप,२०६८) ले भने ओलाङचुङगोलामा वालुङ भोटियाका बसोबास तेह्रौ शताब्दीबाट नै सुरू भएको दावि गर्छन् । उक्यापका अनुसार वालुङ भोटियाहरू अघि तिब्बत (भोट) बाटै आएका हुन् तर उनीहरू कुनै शरणार्थीको रूपले नआएर भूमिसँगै आएका हुन् । मुख्यकुरा अघि ओलाङचुङगोला क्षेत्र तिब्बतकै मातहतमा थियो ।

लामो समय तिब्बतकै अधिनमा रहेको ओलाङचुङगोला क्षेत्र पछि तिब्बतको केन्द्रीय शासन कमजोड भए पछि सिक्किमको अधिनमा रहन गयो (उक्याप.२०६६:११३, लिम्बू र गुरुङ.२०६६:१०) । नेपाल एकिकरण गर्ने अभियानमा वि.सं. १८३१ तिर राजा पृथ्वीनारायण शाहले पूर्व लिम्बूवानका सम्पूर्ण भूमिलाई नेपालभित्र गाभे पश्चात पनि त्यसको धेरै पछिसम्म ओलाङचुङ क्षेत्र पूर्णरूपले नेपाल राज्यको मातहतमा रहेको थिएन । मुख्य कारण उनाईसौ शताब्दीको मध्यतिरसम्म नै ओलाङचुङबासी भोटियाहरूले कर नेपाल र तिब्बत दुवै देशलाई तिर्ने गर्दथे (Regmi 1978: 541) । यी कुराहरूले गर्दा ओलाङचुङगोला क्षेत्रमा वर्तमान वालुङ भोटियाहरूको बसाइ धेरै पुरानो रहेको अनुमान लगाउन सकिन्छ । उनीहरू त्यस जग्गामा आउन भन्दा पहिला ओलाङचुङ क्षेत्रका केही भू-भागमा किराँतीहरूले आवादी गरेका थिए भन्ने छिटफुट इतिहास तथा किम्बदन्तीहरू रहेको पनि भेटिन्छ ।

## २.वालुङ जाति निर्माण

ओलाङचुङगोला क्षेत्रमा बसोवास गर्ने वालुङ भोटियाहरूलाई अघि भोटे तथा भोटिया मात्र भनिन्थ्यो । अधिकांस देशि/विदेशीहरूले लेखेका पुस्तक, जर्नल जस्तैः (Hooker,1987:205), (Haimendorf,1975:124), (Regmi,1978:541), त्यसगरी (मेची देखि महाकाली,२०३१:६३ ), (गुरुङ,२००७:२८०) आदिमा उनीहरूलाई भोटे (भोटिया) नै भनी लेखिएको छ । पछि नेपालको राजनैतिक उतार चढावका कारण ओलाङचुङगोलाबासी भोटिया (वर्तमान वालुङ) हरूले आफ्नो पहिचान फेरे । मूल कुरा नेपालमा हिन्दु राज्यको हालीमुहाली हुन थाले पश्चात भोटे (भोटिया) भन्दा असभ्य, टोप्रे, सिनो खाने समुदाय भनी चिन्न थालियो । त्यसैताक सन १९५९ तिर चीनले तिब्बतलाई स्वायतक्षेत्र घोषणा गरेपछि धेरै तिब्बती खम्पा (हेर्नुहोस् परिशिष्ट १) हरू पनि ओलाङचुङगोला क्षेत्रमा आएर बस्न थाले । त्यो बेला नेपाली समाजमा भोटे (भोटिया) भन्दा तिब्बती खम्पाहरूलाई समेत बुझिन्थ्यो । त्यसकारण तिब्बती

खम्पाहरूकै कारणले गर्दा पनि नेपाल सरकारले उक्त क्षेत्रका भोटे मुलका बासिन्दाहरूलाई भोटे (भोटिया) बाट नागरिता दिन हिचकिचावट गर्न थाल्यो । र शदियौँदेखि ओलाङचुङ क्षेत्रमा बस्दै आएका वर्तमान वालुङ भोटियाहरू तिब्बती खम्पाहरू भन्दा भिन्न चिनिनुको लागि पनि पहिचान फेर्न बाध्य भए । उनीहरूले शेर्पा भएर नागरिता निकाले । विशेष गरी वि.सं. २०२२ मा उत्तरी प्रशासन क्षेत्र न.४ को प्रमुख प्रशासक भई गएका सहायक अञ्चलाधिस कर्णेल शैलेन्द्रबहादुर महतको पालामा धेरै वालुङ भोटियाहरूले शेर्पा भई नागरिता निकाले ।

वालुङ (वर्तमान ओलाङचुङगोलाबासी) भोटियाहरूले शेर्पा भनेर बुझ्ेका समुदायहरू ओलाङचुङगोला क्षेत्र भन्दा अन्दाजी १५ कोष दक्षिण-पश्चिमतिर पर्ने खेजेनिम, सावादिन, खोक्लिङ, लिङ्थेम साँवा, लिवाङ, सान्थाक्रा आदि गाँउहरूमा बसोवास गर्ने भोटे (भोटिया) हरू थिए । उनीहरूले बुझ्ेका यी शेर्पा भोटियाहरू नश्लीय रूपमा ओलाङचुङगोलाबासी वालुङ भोटियाहरूसँग एउटै देखिए पनि भौगोलिक फरकताका कारण उनीहरूको शारीरिक बनावट, रहन-सहन  तथा संस्कार/सँस्कृति आदिमा भने केहि भिन्न देखिन्छन् । उल्लेखित यी शेर्पा भोटियाहरूमा छिटफुट रूपले हिन्दुको प्रभाव पनि देखिन्छ । दशैँ-तिहार, जस्ता हिन्दु चाड-पर्व उनीरूले मनाउने गर्छन् ।

वालुङ भोटियाहरूले बुझ्ेका यी शेर्पा भोटियाहरूको मुख्यः पेशा कृषि र भारी बोक्नु हो । अघि उनी (उल्लेखित शेर्पा) हरूले वालुङ (वर्तमान ओलाङचुङ) का गोभा (गोवा), मझिया, बिचारी आदिका भारी बोकी जीवन गुजारा गर्दथे । आजभोलि पनि यी समुदाय मध्ये धेरैले उही ओलाङचुङ र घुन्सा क्षेत्रका भोटियाहरूको भारी बोकेर नै घर चलाउने गर्दछन् । व्यापार गर्न नजान्ने, खेतिपाती गर्ने तथा भारी बोकेर जीवन गुजारा गर्ने यी शेर्पा भोटियाहरूलाई माथिल्लो भू-भाग ओलाङचुङगोला क्षेत्रका वालुङ भोटियाहरूले न्यून स्तरका समुदायको रूपमा हेर्ने गर्दछन् । वालुङहरू उल्लेखित यी शेर्पा भोटियाहरूसँग कुल-कुटुम्ब गर्दैनन् । त्यसकारण सामाजिक, आर्थिक तथा राजनैतिक रूपले उच्च रहेका वालुङ भोटियाहरू आफू शेर्पा भई  न्यून स्तरका समुदायको रूपमा उनीहरूले बुझ्दै आएका ती शेर्पा भोटियाहरूसँग एउटै जाति समुदायभित्र समायोजन भएकोमा वालुङ (वर्तमान ओलाङचुङगोला) वासी भोटियाहरू त्यति सन्तुष्ठि थिएनन् । त्यसकारण ओलाङचुङबासी भोटियाहरू फेरी नयाँ पहिचानको  खोजीमा लागे । पछि नेपालको राजनैतिक परिवर्तनसँगै

वि.सं. २०४७ को संविधानले नेपाललाई बहुजातिय, बहुभाषिक तथा बहुसाँस्कृतिक देशको रूपमा घोषणा गऱ्यो (आङदेम्बे,२०६७) । त्यसपछि नेपालमा नयाँ जाति निर्माणको लहर बढ्दै गयो । त्यसैताक नेपाल सरकारले पनि सम्पूर्ण नेपाल देशभरिका आदिवासी जनजातिहरूका अनुसूचि निकाल्ने योजना बनायो । वि.सं.२०५६ बैसाख २ गते सन्तबहादुर गुरुङको कार्यदलमा ६१ जन-जातिहरूको अनुसूचि निकाल्ने निर्णय भयो । उक्त निर्णयमा वालुङचुङ (वर्तमान ओलाङचुङगोला) का अगुवा भोटियाहरूले उनीहरू आफू हिमालीक्षेत्र वालुङ (वर्तमान ओलाङचुङगोला) का बासिन्दा भएको कारण नयाँ जाति (समुदाय) बनाउने सवालमा उही 'वालोङ' (ओलाङचुङगोला) ठाउँ विशेषको नामबाट उनीहरूलाई नयाँ 'वालुङ' आदिवासी जनजाति बनाउनु पर्ने प्रस्ताव पेश गरे (जनजाति,२०५६:१२२) । ओलाङचुङगोलाबासी अग्रज भोटियाहरूले वालुङ जनजाति प्रस्ताव पेश गर्नुको पछाडि वालोङ (ओलाङचुङगोला) क्षेत्रबाट अध्ययनको लागि दार्जिलिङ गएका विद्यार्थीहरूले मौलिक पहिचानको निम्ति गरेका अभियानलाई मुख्य आधार मानेका थिए (उक्याप,२०६८) । मूल कुरा अघि अध्ययनको लागि दार्जिलिङतिर गएका ओलाङचुङगोला क्षेत्रको भोटिया विद्यार्थीहरूले स्कुलमा उनीहरू आफू तिब्बती भोटिया विद्यार्थीहरू भन्दा भिन्न चिनिनुको लागि सन् १९०४ तिर वालोङ (वालुङ) तथा वर्तमान ओलाङचुङगोला क्षेत्रको नामबाट वालुङ विद्यार्थी सङ्गठन (walung Students Organization) खोलेका थिए । वालुङ नामलाई निरन्तरता दिँदै पछि सन् १९३५ तिर दार्जिलिङमा बसोबास गर्ने सम्पूर्ण ओलाङचुङबासी भोटियाहरूले आफ्नो मूल क्षेत्र (ओलाङचुङगोला) र आफ्ना भाषा धर्म-सँस्कृतिको संरक्षण गर्ने उद्देश्यले दार्जिलिङ वालुङ (भोटिया) समाज (Darjeling Walung (Bhotia) society) को स्थापना गरेका थिए ।

ओलाङचुङबासी भोटियाहरूले प्रस्ताव पेश गरेको वालुङ जनजाति (समुदाय) भित्र अघि वालोङ (वालोङचोङ) गोभाङ्गी (हेर्नुहोस परिशिष्ट १) क्षेत्रभित्र परेका पाँच गाउँ (ओलाङचुङ, याङमा, घुन्सा, लुङथुङ, लेलेप) बासी सम्पूर्ण भोटियाहरू पर्दछन् । मुख्य कारण उल्लेखित पाँच गाउँहरू अघि वालुङ गोभाङ्गी मार्फत् रेखदेख गरिन्थ्यो । पाँच गाउँबासी धेरैजसो यी भोटियाहरू तिब्बती मूलकै भए पनि शदियौं वर्षदेखि उक्त जग्गाहरूमा बस्दै आएका र उनीहरू मध्ये प्राय सबैले 'दे-मेन्दे' भाषा प्रयोग गरेका आदि कारणहरूले गर्दा पनि उल्लेखित पाँचैवटा गाउँका भोटियाहरूलाई वालुङ जनजातिको प्रश्तावमा समायोजन गरिएको हो (उक्याप २०६८) । त्यसपछि वालोङ (ओलाङचुङ) क्षेत्रका सबै भोटियाहरूलाई

वालुङ आदिबासी जनजाति भनी चिन्न थालियो । विभिन्न जर्नल, बुलेटिन पत्र-पत्रिका आदिमा उनीहरूलाई ‘वालुङ जाति’ भनि लेख्न थालियो ।

वालुङ जनजातिभित्र पाँच गाउँ (ओलाङचुङ, याङमा, घुन्सा, लुङथुङ, लेलप) का सबै भोटियाहरू हुनुपर्ने प्रस्ताव पेश गरिए पनि वालोङ (वर्तमान ओलाङचुङगोला बजार) का भोटियाहरू बाहेक अन्यः गाउँका कतिपय भोटियाहरूले भने आफू वालुङ जनजाति हुनुलाई त्यति स्वीकारेको देखिँदैन । मुख्यः कारण ओलाङचुङ बाहेक अन्य गाउँ (घुन्सा, ग्याब्ला, लेलेप) वासि केही भोटियाहरूले ‘वालुङ’ लाई ओलाङचुङगोला बजारको पुरानो नामको रूपले मात्र बुझेको र त्यहाँका भोटियाहरूलाई मात्र वालुङ भनिएको भनेर बुझ्दछन् । घुन्साका स्थानीयबासी हिमाली चुङ्दाक शेर्पा भोटियाको भनाइ अनुसार हाल घुन्सामा बसोवास गर्ने भोटियाहरू अघि वालुङ (वर्तमान ओलाङचुङगोला) बाट आएका नभई शदियौं वर्षअघि पुर्खाहरू तिब्बत (भोट) बाट जिङ्साङला नाका हुदैं यता छिरेका समुदायहरू हुन् । तिब्बत (भोट) बाट यता छिरेपछि यी समुदायहरू धेरै वर्ष खम्बाचेँन (हेर्नुहोस परिशिष्ट १) उपत्यकामा बसेका थिए । कालान्तरमा उनीहरू अझ तल झरी वर्तमानको घुन्सा जग्गामा बसोबास गर्न सुरू गरे । आजभोली घुन्साबजारमा बसोवास गर्ने भोटियाहरू तिनै समुदायका सन्तानहरू हुन् । त्यसकारण घुन्साबासी भोटियाहरूलाई ‘वालुङ’ भोटिया नभनि ‘खम्बाछेन्दा’ भोटिया चाहिँ भन्न सकिन्छ । त्यसैगरी गोभाङ्गी क्षेत्रभित्र पर्ने अर्को गाउँ लेलेप स्थित ग्याब्ला गाउँका ओङदी शेर्पा भोटिया पनि आफू वालुङ (ओलाङचुङ) बासी भोटिया नभई ग्याब्लाबासी भोटिया भएको बताउदै उनी आफू वालुङ भोटिया नभई ग्याब्लेली भोटिया हुनमा दावि गर्छन् । समग्रमा ओङदी शेर्पा भोटियाले आफूलाई शेर्पा भएरै चिनिएकोमा गर्भ गरेका देखिन्छ । अन्य बाँकि गाउँ जस्तै लुङथुङ, लेलेपका कतिपय भोटियाहरू पनि आफ्नो पुर्खा सोलुबाट आएको शेर्पा बताउँदै उनीहरू आफूलाई वालुङ भोटिया नभई शेर्पा भोटिया नै हुनु पर्नेमा दाबी गर्छन् ।

## ३.थर तथा समुदाय

वालुङ भोटियाहरूमा अन्यः जातिहरूको जस्तो थर-उप-थरहरू खासै हुँदैन । उद्गम स्थल, बासस्थान क्षेत्र, बंशज तथा सामाजिक मान्यता आदिको आधारले उनीहरू आफ्नो पहिचान बनाउँछन् । जुन पहिचानलाई आजभोलि थर वा समुदाय भनेर बुझ्न थालिएको छ ।

वालुङहरूका यस्ता थर तथा समुदायहरूमा उक्याप्प, वारुप्पा, रुइट थुम्जामा, ल्हाचा कोजापा, उच्युङ (ढुङगेलः स:२०६९:१४१) आदि मुख्य पर्दछ । यसका अलावा च्याङवा, कुदा, ठावा, आदि थरहरू पनि वालुङहरूमा रहेको भेटिन्छ । यी थर वा समुदायहरू प्रायः स्थान नाम विशेष र आमगनको आधारले बनेका हुन्छन् । अधिकांस वालुङहरूको थर तिब्बतको विभिन्न क्षेत्रका नामहरूसँग जोडिएको छ । थर वा समुदायबाटै उनीहरूको सामाजिक स्तर पनि जोडिएको पाइन्छ ।

तालिका न.३

## (क) स्थान नामबाट जोडिएको थर (समुदाय)

| क.स | थर | स्थान नाम |
|---|---|---|
| (१) | उक्यापा | पेरूक उकेवा |
| (२) | ठाउ | ठावा |
| (३) | फुकेतापा | फुकु |
| (४) | बरावो | बरा |
| (५) | रूइट | रूतक |

(श्रोतः स्थानीय वासिन्दाहरुबाट लिएको जानकारीमा आधारित)

माथिको तालिकामा उल्लेख गरिएको थर तथा समुदायहरू तिब्बत (भोट) क्षेत्रका विभिन्न स्थान नामहरूसँग मिल्दो-जुल्दो छ । 'उक्याप' यो तिब्बत (भोट) को 'पेरुक उकेवा' भन्ने जग्गाको नामसँग मिलेको देखिन्छ । 'ठाउ' यो थर तिब्बत (भोट) को 'ठावा' भन्ने ठाउँको नामसँग मिल्दछ । त्यसैगरी 'फुकेतापा' यो पनि 'फुकु' भन्ने ठाउँको नामसग मिल्दो-जुल्दो छ । 'बरावो' यो तिब्बत (भोट) को 'बरा' भन्ने ठाउँको नामसँग मिल्दछ । त्यसैगरी 'रुतक' ठाउँको नामसँग वालुङ (भोटिया) का 'रुइट' थर मिल्दछ ।

तालिका न.४

## (ख) आगमनको आधारले बनेको थर (समुदाय)

| क.स | थर वा समुदाय | आगमनको चरण |
|---|---|---|
| (१) | सिवा (सिच्यावा) | प्रथम |
| (२) | फेजा (फेच्यावा) | दोस्रो |
| (३) | लङ्गे (लङमे) | तेस्रो तथा अन्तिम |

(श्रोतः स्थानीय बासिन्दाहरूबाट लिएको जानकारीमा आधारित)

माथिको तालिकामा उल्लेख गरिए अनुसार ओलाङचुङ क्षेत्रमा सबै भन्दा पहिला आएर बसोवास गर्ने वालुङ भोटियाहरूलाई 'सिवा' (सिज्यावा) भनिन्छ । सिवा (सिज्यावा) हरू भन्दा केही पछाडि आएकालाई 'फेजा' (फेच्यावा) भनिन्छ । त्यसैगरी यी दुई परिवारहरू भन्दा पछि आएर बसेका वालुङ भोटियाहरूलाई 'लङ्गे' (लङमे) भनिन्छ ।

## ४.बसाई/सराई

वालुङहरूको बसाई/सराई प्रक्रिया स्थाई र अस्थाई गरी दुई तरिकाबाट हेरिन्छ । स्थाई रूपले सर्नेहरूमा फुङलिङ, इलाम, तेह्रथुम, धनकुटा, दार्जिलिङ काठमाडौँ आदि ठाउँमा सरेर बस्नेहरू पर्दछन् । अस्थाई रूपले सर्नेहरूमा समय र जलवायु अनुसार गाउँ नजिक तल्लो भेगतिर केही अवधीसम्म सरेर बस्नेहरू पर्दछन् ।

वालुङहरूको बसाई सराईको कारक राजनैतिक प्रक्रिया र प्रकृति प्रकोप नै मुख्य पर्दछ । अघि यी समुदायका बसोबास ओलाङचुङमा मात्र थियो । विस्तारै केन्द्रीय तहबाट उक्त जग्गामा राजनीति भित्रिन थाल्यो । नेपालको केन्द्रीय सरकार मार्फत् ओलाङचुङगोला क्षेत्रलाई अधिनमा राख्न थालेपछि त्यहाँ सरकारी कार्यलयहरू पनि भित्रिन थाल्यो । स्कूल, उप-स्वास्थ्य चौकी, सिमा भन्सार कार्यलय आदि बन्यो । यसरी ओलाङचुङगोलाका हरेक क्षत्रहरुमा केन्द्रीय तहको अधिनत्व बढ्दै गएपछि त्यहाँका स्थानीय वालुङ गोभा (गोवा) भोटियाहरूको अधिकार न्यून हुदैं गयो । जसले गर्दा विगत लामो समयदेखि आफ्नो क्षेत्रको आधिपत्य जमाउँदै आएका यी गोभा भोटियाहरूलाई विस्तारै आत्म-ग्लानी महसुस हुन थाल्यो । पछि फेरि सन् १९५९ तिर चीनले तिब्बतलाई स्वायत क्षेत्र घोषणा गरेपछि धेरै तिब्बती खम्पाहरू ओलाङचुङ परिसरमा आएर बस्न थाले । खम्पाहरू आएपछि त्यहाँ खाद्य बस्तुको सङ्कट पनि हुन थाल्यो । गाउँमा चोरी, डकैती जस्ता अपराधिक कृयाकलाहरू सुरू भयो । त्यसकारण स्थानीय सम्पन्न गोभा, कारबारी, बिचारी आदि परिवारहरूले आफ्नो सम्पति र जीवनको केही असुरक्षित महसुस गर्न थाले । त्यसपछि हिनता बोध भएर बसेका धेरै ओलाङचुङबासी गोभाहरूले आफ्नो गाउँ छाडी अन्यत्र जग्गामा गएर बस्न सुरु गरे । यी गोभाहरू मध्ये धेरै काठमाडौँ गएर बस्न थाले । केही इलामतिर पनि गएर बस्न थाले । गोभाहरूले छाडेको केहि वर्ष पछि ओलाङचुङमा ठुलो खडेरी पनि लाग्यो । पहिरो समेत गएर त्यहाँका धेरै वालुङ (भोटिया) घरहरू नष्ट भयो । उनीहरूले जोह गरेर राखेका खाद्य

वस्तु तथा अन्य धन/सम्पतिको ठूलो क्षति भयो । ओलाङचुङ बजारमा हाहाकार मचियो । त्यसकारण पुनः त्यहाँका अन्य स्थानीय भोटियाहरू पनि जीवन रक्षाको लागि अन्यत्र जग्गामा विस्थापित हुनथाले । अन्दाजी चालिस-पचास परिवार दार्जिलिङ बसाई सरे । तीन-चार गोभा परिवार काठमाडौं गए । र केही भोटियाहरू चाहिँ धनकुटा हिलेमा आएर पनि बस्न (Haimendorf 1975:130) थाले ।

न्यून परिवारहरू तल्लो भेग लिम्बू, राई आदि गाउँमा गई सामुहिक रूपले गाउँभरी डुल्दै माथिबाट झारेको सियो, जिम्भु (हेर्नुहोस परिशिष्ट १) भोटे जुत्ता (दोचा) आदिले धान, सामल, कोदोको पीठो आदि साटेर खाद्य परिकारहरू सङ्कलन गर्दथे । उनीहरू मध्ये कतिपयहरू हिउँदयाममा तल्लो जग्गा जस्तै तापेथोक, मित्लुङ, तावा, थिवा आदि जग्गामा झरी पाँचदेखि छ महिनासम्म मसिनो व्यापार/व्यावसाय गर्दै अस्थाई रूपले बसेर पछि बर्खा लागेपछि पुन माथि ओलाङचुङ फर्कन्थे । आजभोलि पनि छिटफुट रूपले वालुङ भोटियाहरू अन्यत्र जग्गामा बसाइ सर्ने गरेका देखिन्छ तर विगतको जस्तो अस्थाई रूपले व्यापारको लागि तल्लो जग्गाहरूमा आएर बसेका भने देखिँदैन । उनीहरू जिल्ला सदरमुकाम फुङलिङ बजार तथा काठमडौंतिर सर्ने गर्दछन् । धेरैजसो ओलाङचुङ बजारका वालुङ घरहरूमा हाल अन्यत्र जग्गा जस्तै याङ्मा, ग्याब्ला आदि गाउँका भोटियाहरू गएर बसेका भेटिन्छ ।

## ५.भाषा

वालुङले बोल्ने भाषालाई 'वालुङ भोटे' भाषा भनिन्छ । यो भाषा तिब्बतीयन भोटे भाषासँग मिल्दो छ । उनीहरू तिब्बतीयन सम्बोटा लिपि प्रयोग गर्छन् । त्यसकारण वालुङ भाषालाई भोटे भाषा अन्तरगतको एउटा भाषिका मान्न सकिन्छ (गुरुङ,२०६७) । नेपालको हिमाली भेगका भोटे समुदाय जस्तै लार्के, मनाङ्गे, डोल्पो, मुगाली, शेर्पा थुदाम, सिङ्सा (ल्होमी), तोप्केगोले आदि भाषिसँग पनि वालुङ भाषा बिच धेरै सामिप्यता छ ।

तालिका न.५

माथि उल्लेखित हिमाली समुदायहरु विच देखिएको भाषिक एकरुपता

| क. | नेपाली | लार्के | मनाङ्गे | डोल्पो | मुगाली | शेर्पा | तोप्केगोला | ल्होमी | वालुङ |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | बुबा | आप्वा | आप्पा | आकि | हावा | पप्पा | आप्पा | पाव | आप्पा/पाला |
| २ | आमा | आह | आमा | आवा | आमा | मम्मा | आम्मा | आम | आमाला |
| ३ | छोरा | बुहु | भिच | भिसा | वुहु | पुज्युङ | फिजा | फु | फिजा |
| ४ | छोरी | पोव | भोमो | भोमो | फ्होमु | पुमो | फुमा | फुमु | फोमो |
| ५ | काका | औं | औं | उगु | औं | औ | औ | आगु | औं |
| ६ | काकी | हुरु | रुहुम | सोमु | टुमु | उरु | ह्रु | आमाछ्या | हुरुला |
| ७ | मामा | आच्याङ | आस्याङ | आस्याङ | आयाङ | आज्याङ | आस्याङ | आस्याङ | आस्याङ |
| ८ | आगो | म्हे | म्हे | म्हे | म्हे | म्हे | म्हे | म्हे | म्हे |
| ९ | दाउरा | सिङ | सिङ | सिङ | सिङ | सिङ | सिङ | सिङ | सिङ |
| १० | आकास | नाम | नाम | नाम | फ्हानोङ | नाम | नाम | नाम | नाम |

(**श्रोत**:-लार्केको निमा लामा, मनाङगेको थुक्तेन पुनेल, डोल्पोको र्नुभु घले, मुगालीको गुरु स्याङ्ग्याप, तोप्केगोलेको ढन्डु सेर्पा, सिङसा(ल्होमी) को छेजाप ल्होमी र वालुङःको तेन्जीङ चेसोङ बाट लिएको जानकारीमा आधारित)

**नोटः:-** बाजुरा, दार्चुला, हेल्मो समुदाय, शेर्पा, तोप्केगोला, सिङ्साल्होमी, वालुङ आदि हिमाली क्षेत्रका सम्पूर्ण आदिवासीहरूको भाषामा ८० देखि ९० प्रतिशत एकरूपता रहेको पाइन्छ ।

## (क) वालुङ भाषाको वर्तमान अवस्था

अधिकांस ओलाङचुङका वालुङहरू हालसम्म पनि मौलिक भाषा नै बोल्छन् । अध्यनको लागि छानिएको वालुङ घर-परिवारमा स्थलगत अध्ययन गर्दा प्राय सबैले आफ्नो मौलिक भाषा बुझ्ेको र घरमा पनि वालुङ भाषा नै बोलेको भेटियो । वि.स २०६८ को तथ्याङ्क अनुसार ताप्लेजुङमा रहेका कुल वालुङ जनसङ्ख्या ११२९ मध्ये १०७८ ले आफ्नो मौलिक भाषा बुझ्ेको र बोलेको देखिन्छ ।

वालुङ क्षेत्र ओलाङचुङगोलामा अघि त्यहाँका धेरै वालुङ वृद्ध/वृद्धाहरुले खस नेपाली भाषा त्यति बुझ्दैनथे तर पछिल्लो समयमा उक्त क्षेत्रतिर अन्य हिन्दु समुदायका कर्मचारीहरू तथा अन्य देशका पर्यटकहरू आउन थाले पछि उनीहरूबाट सिको गरेर बिस्तारै स्थानीय वालुङ वृद्ध-वृद्धाले खस नेपाली भाषा बुझ्न र बोल्न थालेका देखिन्छ । तर यी वृद्ध-वृद्धाको नेपाली भाषा उचारण अन्य खस नेपाली भाषि समुदायका भन्दा थोरै फरक छ । ओलाङचुङ बजारकै अन्य छिमेकी गाउँ याङ्मा, ग्याब्ला आदिका वृद्ध-वृद्धा भोटियाहरूले भने अझै खस नेपाली भाषा त्यति बुझ्दैनन् । ती गाँउहरूमा हिन्दु समुदायका कर्मचारीहरू पनि त्यति छिरेका छैनन् । युवा वर्गका वालुङहरूले  चाहिँ नेपाली भााषा राम्ररी उचारण गर्न सक्छन् ।

नेपालको अन्य समुदाका भाषा झै सरकारी तवरबाट वालुङ भोटिया भाषाको शैक्षिक अभियान कार्य हालसम्म सुरु भएको छैन । निजी श्रोतबाट ओलाङचुङ स्थित श्री महेन्द्र प्रा.वि मा आजभोलि सामान्य वालुङ भोटिया भाषाको कक्षा सञ्चालन सुरू गरिएको बाहेक अन्य क्षेत्रहरूबाट समेत यो भाषाको अध्ययन/अनुसन्धान पनि त्यति हुन सकेको छैन । जसले गर्दा वालुङ भाषामा लेखिएको कथा, कविता, साहित्य, किताब, पत्र-पत्रिका, जर्नल शब्दकोश, व्याकरण आदि हालसम्म उपलब्ध छैन । साथै सञ्चार माध्यम टि.भि, रेडियो, एफ.एम आदिमा पनि वालुङ भाषा प्रशारण हुन सकेको छैन ।

## (ख) वालुङ भाषि स्थान नामहरु

वालुङ क्षेत्रभित्र गाउँ, ठाउँ, पहाड/पर्वत आदिका अधिकांस नामहरू वालुङ भाषामै छन् । जस्तैः ओलाङचुङ, मगावा, राम्स्याङ सिङदेन, स्यायालाप, स्याक्ताङ, याङमाछेसाम, चेने, तालेलुङवा, लाङस्वाफुक्पा, सिलोक, याङमाक, पाङवोक, थ्वाँलासे, फुकाङराक्चा, थाङजे, फदाक, जेयोङगा, छोदाङ्गा, सिङबुकलाग्चा, सिम्बुकलाग्चा, फाइएवा, छुरायाक्सा, खङमुकेसा, स्याम्दो, राम्नेसुकी आदि । यी मध्ये धेरै नामहरू आजभोलि खस (नेपाली) भाषामा फेरबदल हुदैं गइरहेको देखिन्छ । खस (नेपाली) भाषामा फेरबदल भएका केही वालुङ भाषि नामहरू तल उल्लेख गरिएको छ ।

तालिका न.६

| क्र.स | वालुङ भाषामा राखिएको नाम | नेपाली भाषामा फेरबदल गरिएको नाम |
|---|---|---|
| (१) | वालुङ | ओलाङचुङगोला |
| (२) | टोक्पा क्याम्बु | सुकेपानी |
| (३) | मावा | मागुवा |
| (४) | थ्वाँलासे | देउराली |
| (५) | लासे | इलाडाँडा |
| (६) | होमाक्षो | दुधपोखरी |
| (७) | खाम्जेजोङ्गा | कुम्भकर्ण |

(श्रोतः ओलाङचुगोला निवासी बडादोर्जे, याङमाक नुप्पु र गिर्मेछ्योदासँग लिएको जानकारीमा आधारित)

# ६.शिक्षा

वालुङहरूको मूल क्षेत्र ओलाङचुङ बजारमा वि.सं २०१६ सालतिर निर्माण गरिएको एउटा महेन्द्र प्राथमिक विद्यालय (म.प्रा.वि) बाहेक औपचारीक शिक्षा प्राप्त गर्ने अन्य कुनै शैक्षिक संघ-संस्थाहरू छैनन् तर पनि यी समुदायका पुर्खाहरूमा अघिदेखि नै शिक्षाको महत्वप्रति धेरै चेतना आएको र सकेसम्म आफ्ना सन्तानलाई अन्यत्र जग्गामा लगेर पढाउने प्रवृति उनीहरूले राखेको कारण समग्र नेपालको शैक्षिक अवस्था र अन्य जाति-समुदायको शैक्षिक अवस्थासँग तुलनात्मक रूपले हेर्दा वालुङहरूको शैक्षिक अवस्था सन्तोस जनक नै छ । नेपालभरिमा हालसम्म ८० % (अस्सी प्रतिशत) वालुङहरूले प्रवेशिका परीक्षा (एस.एल.सी) पास गरेका छन् । त्यसैगरी यी समुदायहरू १० (दश) जना चिकित्सा विशेषज्ञ डाक्टर र १५० (एक सय पच्चास) जना इन्जिनियर क्षेत्रमा पनि सम्लग्न छन् (थापा,२०६५:२०८) । अन्य बिभिन्न पेशाहरूमा समेत वालुङहरूको सहभागिता राम्रो देखिन्छ । वि.सं. २०६९ मा गरिएको क्षेत्रकार्य अध्ययन अनुसार नमुनाको लागि छानिएको ओलाङचुङगोला बजारका ३२ (बत्तीस) वटा वालुङ घर-धुरीको शैक्षिक अवस्था हेर्दा त्यहाँका कुल वालुङ सङ्ख्याको ६१% (एकसट्ठी प्रतिशत) वालुङहरू साक्षर रहेको देखिन्छ । यस्तो साक्षर संख्या समग्र ताप्लेजुङ जिल्लाको हेर्दा जिल्लाको कुल सङ्ख्याको ७१.३०% (एकतर प्रतिशत) रहेको देखिन्छ । त्यसैगरी नेपालभरिको हेर्दा कुल नेपालका सङ्ख्याको ६५.९ % (पैसाट्ठी प्रतिशत) रहेको देखिन्छ (केन्द्रीय तथ्याङ,२०६८) । (यस तथ्याङ्कमा पाँचवर्ष देखि माथिको सङ्ख्यालाई मात्र

गणना गरिएको छ) । यी उल्लेखित तीनवटा क्षेत्र जस्तै कुल नेपालको साक्षर सङ्ख्या, समग्र ताप्लेजुङ जिल्लाभरीको साक्षर सङ्ख्या र नमुना अध्ययनका वालुङ भोटियाको साक्षर सङ्ख्याबारे तुलनात्मक रूपले तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका न.७

| क्र.स | शैक्षिक तह | कुल नेपालको साक्षर सङ्ख्या (१६०९८५१९) | ताप्लेजुङ जिल्लाको साक्षर सङ्ख्या (८३९१९) | अध्ययन क्षेत्रका वालुङ साक्षर संख्या (९४) |
|---|---|---|---|---|
| (१) | आरम्भ | ६३९०३१ | ५३१२ | १४ |
| (२) | १-५ | ६२८५१२४ | ३६५७९ | २९ |
| (३) | ६-८ | ३२६६५१३ | १८५४२ | १३ |
| (४) | ९-१० | १८५७३६८ | ९९९० | ४ |
| (५) | एस.एल.सी | १६३६१५९ | ४६९१ | ६ |
| (६) | प्रमाणपत्र तह | १०३६४४८ | २६६५ | १५ |
| (७) | स्नातक तह | ४५७७४४ | ८४१ | २ |
| (८) | स्नातकोत्तर तह | १५८४३२ | २३६ | १ |
| (९) | अनौपचारिक | ६६८११७ | २५१७ | ९ |
| (१०) | तह बिनाको | ७६४४२ | ३४३ | १ |
| (११) | अन्य | १७१४१ | ३ | ० |

(श्रोतः केन्द्रीय तथ्याङक २०६८ र स्थलगत अध्ययन २०६९)

माथिको तालिका अनुसार आरम्भ (हेर्नुहोस् परिशिष्ट १) शिक्षा लिनेको सङ्ख्या कुल नेपालको जनसङ्ख्याबाट ६,३९,०३१ (छ लाख उनन्चालिस हजार एकतिस) जना रहेको देखिन्छ । यस्तो शिक्षा लिने ताप्लेजुङ जिल्लाभरिबाट ५,३१२ (पाँच हजार तीन सय बाह्र) जना र वालुङहरूको नमुना अध्ययन क्षेत्रबाट १४ (चौध) जना रहेको देखिन्छ । त्यसैगरी कक्षा १ देखि ५ सम्म पढ्नेको सङ्ख्या कुल नेपालभरिबाट ६२,८५,१२४ (बैसाठी लाख पचासी हजार एक सय चौविस) जना, ताप्लेजुङ जिल्लाभरिबाट ३६,५७९ (छत्तिस हजार पाँच सय उनासी) जना र अध्ययन् क्षेत्रका वालुङहरूबाट २९ (उनन्तीस) जना रहेको देखिन्छ । अन्य साक्षर सङ्ख्यामा ६ देखि ८ सम्म पढ्नेको सङ्ख्या कुल नेपाल भरिबाट ३२, ६६, ५१३ (बत्तिस लाख छैसठी हजार पाँच सय तेह्र) जना, ताप्लेजुङ जिल्लाभरिबाट जम्मा १८, ५४२ (अठार हजार पाँचसय बयालिस) जना र अध्ययन् क्षेत्रका वालुङहरूबाट १३ (तेह्र) जना

रहेका छन् । ९ देखि १० सम्म पढ्नेको सङ्ख्या नेपालको कुल जनसङ्ख्याबाट १८,५७,३६८(अठार लाख सन्ताउन हजार तीन सय अढ्साठी) जना, त्यसैगरी समग्र ताप्लेजुङ जिल्लाबाट ९,९९० (नौ हजार नौ सय नब्बे) जना र अध्ययन क्षेत्रबाट ४ (चार) जना रहेको भेटियो । एस.एल.सी सम्म पढ्नेको सङख्या १६,३६,१५९ (सोह्र लाख छत्तिस हजार एक सय उनन्साठी) जना नेपालको कुल जनसङ्ख्याबाट, ४,६९१ (चार हजार छ सय एकानन्बे) ताप्लेजुङ जिल्लाबाट र ६ (छ) जना अध्ययन स्थलबाट रहेको भेटिन्छ । अन्य प्रमाणपत्र तहसम्म पढ्नेको सङ्ख्या नेपालभरिमा १०,३६,४४८ (दश लाख, छत्तिस हजार, चार यस अढ्चालीस) जना, ताप्लेजुङ जिल्लाभरिमा २,६६५ (दुई हजार छ सय पैसाठी) र अध्ययन क्षेत्रका वालुङहरूमा १५ (पन्ध्र) जना रहेको देखिन्छ । त्यसैगरी स्नातक तहसम्म पढ्नेको सङ्ख्या कुल नेपालभरिबाट ४,५७,७४४ (चार लाख सन्ताउन हजार सात सय चवालिस) जना, ताप्लेजुङ जिल्लाभरिबाट ८४१ (आठ सय एकचालिस) जना र अध्ययन क्षेत्रबाट २ (दुई) जना रहेको पाइन्छ । स्नातकोत्तर तह सम्म पढ्नेको सङ्ख्या नेपालको कुल सङ्ख्याबाट १,५८,४३२ (एक लाख अन्ठाउन हजार चार सय बत्तिस) जना रहेको देखियो । यो सङ्ख्या ताप्लेजुङ जिल्लाभरिबाट २३६ (दुई सय छत्तिस) जना र वालुङ नमुना अध्ययन क्षेत्रबाट १ (एक) रहेको भेटियो । यसका साथै अनौपचारिक शिक्षा लिनेको सङ्ख्या कुल नेपालभरिबाट ६,६८,११७ (छ लाख अठ्साठी हजार एक सय सत्र) जना, ताप्लेजुङ जिल्लाबाट २,५१७ (दुईहजार पाँचसय सत्र) जना र वालुङहरूको नमुना अध्ययन् क्षेत्रबाट ९ (नौ) जना रहेको भेटियो । अन्त्यमा तह बिनाको शिक्षा लिनेको सङ्ख्या नेपालभरिबाट ७६,४४२ (छ्यतर हजार चार सय बयालिस) जना, त्यसैगरी ताप्लेजुङ जिल्लाभरिबाट ३४३ (तीन सय तिर्चालिस) जना र वालुङहरूबाट १ (एक) जना रहेको देखिन्छ । अन्यमा नेपालभरिको कुल जनसङ्ख्याबाट १७,१४१ (सत्र हजार एक सय एकचालिस) जना र ताप्लेजुङ जिल्लाभरिको कुल जनसङ्ख्याबाट ३ (तीन) जना रहेको भेटियो । वालुङ नमुना अध्ययन क्षेत्रबाट भने यस्तो सङ्ख्या रहेको भेटिएन ।

ओलाङचुङगोला क्षेत्रमा बन्दाकोपि र भोटे-मुला बाहेक अन्य केही पनि उब्जाउ हुँदैन । त्यहाँका स्थानीय वालुङ भोटियाहरू पशुपालन र ब्यापारबाट जीवन गुजारा गर्छन् । यी समुदायका पूर्खाहरू अघि व्यापार गर्न टाढा-टाढासम्म पुग्दथे । उनीहरूको व्यापारिक सम्बन्ध उत्तर तिब्बतको सिगाक्चे, ल्हासादेखि दक्षिण भारत (तत्कालीन् इष्ट इन्डिया कम्पनी) स्थित कल्कत्ता, दिल्ली, बम्बैसम्म (Haimendorf 1975:125) हुन्थ्यो । औपचाारिक

शिक्षा नपाएको कारण ओलाङचुङबासी यी भोटिया (वर्तमान वालुङ) का पूर्खाहरूलाई कतिपय अवस्थामा ब्यापारको लेखा-जोखा राख्न तथा इष्ट-इन्डिया कम्पनीसँग ठूल-ठूला व्यापारिक सम्बन्ध जोड्न भाषिक उचारणमा समस्या हुन्थ्यो । जसले गर्दा उनीहरू औपचारिक शिक्षा लिन धेरै रूचि राख्दथे । तर अघि ओलाङचुङ क्षेत्रमा एक-दुई गुरूकुल शिक्षा दिने ब्यावस्था गरिएको बाहेक औपचारिक शिक्षा पाउने कुनै माध्यमहरू थिएन । त्यसकारण इन्डिया कम्पनीसँगको व्यापारिक सम्बन्ध राख्न यी भोटिया (वर्तमान वालुङ) का पूर्खाहरूले भाषिक उचारणको लागि अङग्रेजी बुझ्न र बोल्न इष्ट-इन्डिया कम्पनीसँग सम्पर्क राख्नथाले । अथवा इष्ट-इन्डियासँगको व्यापारिक सम्बन्धलाई अझ दरिलो र सुलभ बनाउन उनीहरूले अङ्ग्रेजी भाषा पढ्ने इच्छा राख्नथाले । वालुङ क्षेत्रका गन्यमान्य परिवारका चारजना छोराहरूलाई दार्जिलिङ स्थित अङ्ग्रेजी पढाई हुने मिसिगन् स्कुलमा पढाउन पनि थालियो (Haimendorf 1975:126) । त्यसपछि ओलाङचुङबासी अन्य केही भोटियाहरूले समेत आफ्ना सन्तानहरूलाई दार्जिलिङ, कालिम्पोङ आदि क्षेत्रका अङग्रेजी स्कुलमा लगेर पढाउन थाले ।

वालुङ भोटियाहरूमा अघि आफ्ना सन्तानहरूलाई अन्यत्र जग्गामा लगेर पढाउने प्रक्रिया एउटा संस्कार जस्तै भइसकेको थियो । यो प्रक्रिया उक्त (ओलाङचुङ) क्षेत्रमा हालसम्म पनि यथावत नै छ । दार्जिलिङ, कालिम्पोङ आदि क्षेत्रमा नपढाउने त्यहाँका भोटियाहरूले आफ्ना सन्तानहरूलाई जिल्ला सदरमुकाम फुङ्लिङ बजार तेह्रथुम, धनकुटा तथा काठमाडौं आदि ठाउँमा लगेर पढाउने गर्दछन् । केही आर्थिक न्यून हुने वालुङका सन्तानलाई शहरतिर बस्ने उनीहरूको आफन्तहरूले पढाइदिने गरेका भेटिन्छ । त्यसैगरी लामा बौद्ध सम्बन्धी अध्ययन गर्न रूचि राख्ने वालुङ सन्तानहरूलाई लामा बौद्ध धर्म सम्बन्धी पढ्न र पढाउन विभिन्न देशी तथा विदेशी संघ-संस्थाहरूले पूर्णरूपमा सहयोग गरेको पनि देखिन्छ । त्यसकारण समग्र रूपले हेर्दा वालुङ भोटियाहरूको शैक्षिक अवस्था राम्रो छ । यति भएर पनि वालुङ बस्ती ओलाङचुङगोला क्षेत्रमा उपयुक्त किसिमको शैक्षिक संघ-संस्थाहरू नभएको कारण केही न्यून आर्थिक स्तर भएका त्यहाँका स्थानीय वालुङ भोटियाहरूलाई भने राम्रो शिक्षा पाउनको लागि धेरै समस्याहरू खेप्नु पर्ने अवस्था पनि छ । पाँच कक्षादेखि माथि अध्ययन गर्न उनीहरू लेलेप झर्नु पर्दछ । ओलाङचुङगोलादेखि लेलेप झर्न पुरै एक दिन पैदल हिँड्नु पर्दछ । अन्यथा उच्च शिक्षा अध्ययन गर्न ओलाङचुङवासीले जिल्ला सदरमुकाम फुङलिङ बजार नै पुग्नु पर्दछ ।

# ७.नातेदारी

वालुङ भोटियाहरू रगतको सम्बन्ध, विवाह, हितेरी-मितेरी लगायत अन्यः विभिन्न माध्यमबाट नातेदारी बनाउछन् । उनीहरूले रगतको सम्बन्धबाट बनाएका नाताहरूमा बाबु-आमा, बाजे-बोजु, दाजु-भाई, दिदी-बहिनी, काका-काकी आदि पर्दछ । त्यसैगरी विवाहबाट बनाएका नाताहरूमा सासु-ससुरा, सम्धी-सम्धीनी, सोल्टी-सोल्टीनी, सालो-साली आदि पर्दछ । वालुङहरू अन्य समुदायहरूसँग मितेरी गाँसेर, धर्म-पुत्र (हेर्नुहोस् परिशिष्ट १) पालेर तथा छोरा नभएको खण्डमा घर-ज्वाँई राखेर पनि नातेदारी गाँस्ने गर्दछन् ।

वालुङहरू नातेदारीकै माध्यमबाट सामाजिक मूल्य-मान्यताहरू पनि निर्माण गर्दछन् । को सँग विवाह गर्ने, कसलाई आदर सम्मान गर्नुपर्ने, कोसँग ख्यालठट्टा गर्नु पर्ने आदि नातेदारीले नै निर्धारण गर्दछ । यी समुदायहरू सातदेखि एघार पुस्तासम्म साइनो सम्बन्ध केलाएर मात्र विहा गर्छन् । हितेरी-मितेरीसँग नौ पुस्तासम्म केलाउँछन् । मगर, गुरुङ तामाङ आदि समुदाय जस्तो वालुङहरूमा मामा-चेली/फुपु-चेला बिच विहा गर्ने चलन छैन । यी समुदायमा सासु-ससुरा, बाबु-आमा, मामा-माइजु, फुपू-फुपाजु आदि आदरार्थी नातेदारीहरू हुन । कसैलाई आदर गरेर बोलाउँदा वालुङहरू नामको पछाडि 'ला' शब्द उचारण गर्दछन् । जस्तै आमाला, पाला, चोला आदि । अन्य समुदाय झैं सम्धी-सम्धी बिच भेटघाट हुँदा ढोगभेट गर्ने चलन यस समुदायमा खासै छैन तर सामान्य मान भने गरिन्छ । साली-भेना, देवर-भाउजु, सोल्टी-सोल्टिनी आदि वालुङ भोटियाहरूमा ख्याल ठट्टा गर्न मिल्ने नातेदारहरू हुन् ।

वालुङहरूमा लैङ्गिक भेदभाव त्यति देखिँदैन । हिन्दु-धर्म अनुयायीहरू झैं बुहारीले पूर्ण रूपमा सासु-ससुरा र श्रीमान्को सेवा गर्नु पर्ने, बुहारीले खुलेर हाँस्न नमिल्ने तथा मेला-पर्वतिर धेरै निस्कन्न नमिल्ने आदि मान्यता उनीहरू राख्दैनन् । छोरा-बुहारी, सासु-ससुरा बिच सामूहिक रूपले नाच-गान तथा ख्यालठट्टा गर्ने स्वतन्त्रता उनीहरूमा छ । त्यसैगरी भाउजुलाई आमा सरह मान्ने प्रचलन पनि यो समुदायमा छैन । कुनै परिस्थिति आए देवरले भाउजुलाई बिहा समेत गर्न सक्छन् । वालुङहरूमा विधुवा महिलाले अर्को बिहा गर्न स्वतन्त्रता छ । सम्भव भएसम्म यस्ता विधुवा महिलालाई कुनै केटा खोजेर बिहा गरिदिने काम पनि उनीहरू गर्दछन् । यो समुदायमा एक महिलाले एक भन्दा बढि पुरुषहरूसँग

विवाह गर्न पाउने अधिकार पनि छ । हिन्दु मान्यता झैँ वालुङहरू ज्वाइँलाई आदर-सम्मान त्यति गर्दैनन् । परिस्थिति आएमा ज्वाइँलाई घरको काम समेत गराउन सक्छन् । त्यसैगरी विवाह नगरी बसेका परिवारका कुनै पनि सदस्यहरूलाई सामाजिक अपहेलना गर्ने प्रचलन पनि वालुङ समुदायमा छैन । त्यस्ता व्यक्तिहरूलाई विशेष सेवा र सुविधाहरू दिएर संरक्षण गर्ने काम उनीहरू गर्दछन् । वालुङहरूमा छिटफुट रूपले लैङ्गिक अनुसार देवी-देवतको पूजा गर्ने तथा कामको बाँड/फाँड गर्ने परम्परा रहेको पाइन्छ । जस्तैः थाङ्जाङ पूजा पुरुषहरूले गर्छन भने नाग (लुमो) देवताको पूजा कन्या महिलाहरूले मात्र गर्छन् । वालुङ भोटियाहरूमा सम्बोधित केही नातेदारी नामहरू तल उल्लेख गरिएको छ ।

तालिका न.८

| क्र.स | खस (नेपाली) भाषा | वालुङ भोटिया भाषा |
|---|---|---|
| १ | बुबा | आप्पा/पाला |
| २ | आमा | आमाला |
| ३ | छोरा | फिजा |
| ४ | छोरी | फोमो |
| ५ | काका | औं |
| ६ | काकी | हुरुला |
| ७ | मामा | आस्याङ |

(श्रोत - स्थानीय व्यक्तिहरूसँग लिएको जानकारीमा आधारित)

# ८.भौतिक तथा अभौतिक संस्कृति र लोकवार्ता

वालुङ भोटियाहरू आफ्नै मौलिक किसिमको भौतिक तथा अभौतिक वस्तु जस्तै गर-गहना, भेष-भुषा, भाँडावर्तन आदि प्रयोग गर्दछन् । गीत, नृत्य, बाजागाजा तथा खानपान आदि पनि उनीहरूको आफ्नै किसिमको छ ।

## (क) गरगहना

वालुङहरूको गहना बहुमूल्य वस्तु जस्तैः हिरा/मोती पत्थर आदिबाट बनिएको हुन्छ । उनीहरू धेरै जसो गहनाहरू चाँदिबाटै बनाउने गर्छन् । सुनको गहना थोरै मात्र प्रयोग गर्छन् । वालुङ गर-गहनामा तिब्बतीयन शैलीको प्रभाव देखिन्छ । प्रत्येक चाड/पर्व,

विहे/भोजहरूमा उनीहरू मौलिक गर-गहनाहरू नै लगाउने गर्छन् । यस समुदायमा पुरुष भन्दा महिलाले बढी गर-गहना लगाएका देखिन्छ ।

वालुङ पुरुषले लगाउने गहनामा सेताप (औंठी), कानमा लगाउने आलङ (सुनको रिङ), घाँटीमा लगाउने कँसे (मुगा, यु.या.सि को छोटो माला), आदि मुख्य पर्दछ । कहिले काहीँ कम्मरमा भैं (खुकुरी) पनि भिर्ने गर्छन् । कतिपय वालुङ्ले दाँतमा सुन समेत भराउने गर्छन् । त्यसैगरी महिलाले लगाउने गर-गहनाहरूमा टाउकोमा लगाउने 'गोवाक, 'घो', 'केदाक' पेटाक, (हेर्नुहोस् परिशिष्ट १) लगायत सेताप ,आलङ, कँसे आदि मुख्य पर्दछ । कहिले काहीँ कम्मरमा  सोरा (सानो हँसिया) पनि भिर्ने गर्छन् । हिन्दु लगायत अन्य समुदाय भैँ उनीहरू नाक छेडाउदैनन् । विगत ६/७ वर्ष यता वालुङहरूभित्र यस्ता गर-गहनाको प्रयोगमा कमी हुँदै गएको देखिन्छ ।

## (ख) मौलिक गीत तथा नृत्यहरू

वालुङहरूको अर्को मनोरन्जन्का माध्यम मौलिक गीत-नृत्यहरू पनि हो । उनीहरू चाड/पर्व उत्सव तथा पुजा/आजाहरूमा मौलिक नाच नाचेर, गीत गाएर, बाजा/गाजा बजाएर रमाइलो गर्छन् । त्यसैगरी सामूहिक  कार्य गर्दा, घरमा नयाँ पाहुना आउँदा मनोरन्जनको लागि 'धुन्ज्याङ' (हेर्नुहोस् परिशिष्ट १) पनि गर्छन् । दुःखको कार्य वा सुःखको कार्यमा वालुङहरूले सोही अनुसारको बाजागाजाहरू बजाउने गर्छन् ।

वालुङको मौलिक गीतहरूमा स्याब्रु गीत, लुन्स्या (जुहारी) गीत, ढुन्से (जाँड ख्वाउने) गीत, ठुङ्लु गीत, नाम्फाले गीत, ठालु गीत आदि मुख्य पर्दछ । ठुङ्लु र नाम्फाले गीत विवाहको अवसरमा गाइन्छ । विशेष अवसरको समयमा उनीहरूले सामूहिक बसी ठालु गीत पनि गाँउने गर्छन् । ठालुमा गाउने गीतलाई वालुङहरू 'स्युल्लु' गीत भन्छन् । यो गीत सामुहिक बसेर सबैले पालै-पालो गाउनु पर्दछ । त्यसैगरी नाचहरूमा स्याब्रो नाच, तेम्डे नाच (स्वागत नाच), स्याङलो नाच, लुन्स्या (जुहारी) नाच आदि मुख्य पर्दछ । उठेर नाचिने नाचलाई वालुङहरूले 'स्याङलो नाच' भन्ने गर्दछन् । स्याङलो नाच नाच्दा एक अर्काको हात पछाडिबाट समातेर गोलो घेरा भई गीतको भाका अनुसार खुट्टाको ताल मिलाएर नाच्नु पर्दछ ।

## (ग) बाजागाजा

वालुङहरूको आफ्नै मौलिक बाजा/गाजाहरू छन् । उनीहरूको बाजा/गाजाहरू प्रायः धार्मिक महत्वसँग जोडिएको हुन्छ । सामाजिक तथा धार्मिक संस्कार/कर्म-काण्डहरूमा धार्मिक पुरोहित लामाले बाजा/गाजाहरू बजाउने गर्छन् । वालुङहरूमा शुभ र अशुभ कार्यमा बजाउने बाजा तथा धुनहरू भिन्न-भिन्न हुन्छ ।

वालुङले बजाउने बाजाहरूमा थुङजोक, घ्याङा, सँख, 'डाम्ग्ये' (टुङ्ना) 'ङा' (ढ्याङ्ग्रो), 'रोमु' (झ्याम्टा), 'दोधर' (दमाहा) 'ग्यालिङ्' (सनाई) 'रोदुङ्' (नर्सिङ्गा जस्तो लामाले बजाउने एक प्रकारको बाजा), डम्फु, मादल आदि मुख्य पर्दछ । ल्होसार (नया वर्ष) नेसो, विवाह जस्ता चाड/पर्वहरूमा डम्फु, टुङ्ना आदि बजाउँछन् । नेपाली नाचमा खैँजडी, मादल आदिको पनि प्रयोग गर्छन् । स्याब्रो, ठालु जस्ता गीत गाँउदा वालुङहरू बाजा/गाजाको प्रयोग गर्दैनन् । विशेषः अवसर बाहेक यस्ता मौलिक बाजा/गाजाहरू बजाउने प्रचलन् वालुङहरूमा आजभोलि बिस्तारै हराउदै गएको देखिन्छ । नेपाली, हिन्दी आदि रेर्कडेड गीतहरू बजाएर उनीहरूले मनोरन्जन लिन थालेका छन् ।

## (घ) खानपान

वालुङहरू धेरै चिसो ठाँउमा बस्ने भएकाले खान-पानहरू मौसम अनुसारकै खाने गर्दछन् । पल-पलमा उनीहरू भोटे चिया (फ्येच्या) र तोङवा (पै) खाने गर्छन् । घरमा आगन्तुकहरूमध्ये नजिकको आफन्त वा हितैसी साथी आएमा तोङ्वा (पै) दिने गर्छन् । अन्यथाः आगन्तुकलाई भोटे चिया (फ्येच्या) दिएरै टार्दछन् ।

धेरैजसो वालुङहरूको खान्-पिन्मा तिब्बतीयन शैलीको प्रभाव देखिन्छ । उनीहरू रोटी, पाक, (हेर्नुहोस परिशिष्ट १) मम (तिङ), थुक्पा (ज्याम) उवा, गहुँ र कोदोबाट निर्मित ढिँडो आदि खानेकुराहरू खाने गर्दछन् । साथै मकैको पिठोबाट निर्मित अन्य परिकारहरू पनि उनीहरूले खाने गर्छन्  । वालुङहरू बिहान मम, रोटी, थुक्पा आदि खान्छन् । साँझतिर खाना खाने गर्छन् (शेर्पा २०५६:८) । दाल तरकारी पनि उनीहरू मौसम अनुसारकै खाने गर्छन् । जस्तैः आलु, भोटे मुला, चाइनिज साग, केराउ, सिस्नु आदि । वालुङहरू छिमेकी लिम्बू गाउँबाट आयात गरिएको गुन्द्रुक, सिन्की, किनिमा आदि पनि खाने गर्छन् । याक/चौरी,

भेडा/च्याङ्ग्रा, भ्याङ्लुङ कुखुरा, सुँगुर, खसी आदिको मासु खन्छन् । तर भौगोलिक कारणले यी सबै प्रकारको मासु ओलाङचुङगोलामा समान रूपले उपलब्ध हुन नसक्ने भएकोले बिहे-भोज तथा घर-भान्सामा धेरै जसो उनीहरू याक/चौरीकै मासु तथा सुकुटी प्रयोग गर्छन् । कसैलाई आदरसाथ भोज ख्वाउनु परेमा उनीहरू याकको सुकुटी र तोङवा (पै) दिने गर्छन् । प्रायः वालुङ घरमा अनिवार्य रूपले याक-चौरीको मासु तथा सुकुटी हुने गर्दछ ।

### (ङ) भेष-भुषा

वालुङहरू धेरै चिसो ठाँउमा बस्ने भएकाले प्रायः न्यानो पहिरन लगाउने गर्छन् । उनीहरूको पहिरन उन, तिब्बतीयन भुवा, याक/चौरी तथा भ्याङ्लुङको भुत्ला आदिबाट बनिएको हुन्छ । विशेष किसिमको कपडा बाहेक अन्य भेषभूषा वालुङ महिलाहरूले आफ्नै तानबुना कपडाबाट नै निर्माण गर्ने गर्दछन् ।

वालुङ भोटियाहरूमा लामा, विवाहित महिला र सर्वसाधारण पहिरनबाटै छुटिन्छ । विवाहित महिलाले 'पाङ्देन' (हेर्नुहोस परिशिष्ट १) लगाउँछन् । औतारी लामाले रातो/पहेँलो रङ्का लुगा लगाउँछन्  । अन्यः सर्वसाधारणले भने जस्तोसुकै रङ्का लुगा पनि लगाउन सक्छन् । विशेषः प्रकारको चाड/पर्व, भोज/उत्शवहरूमा वालुङहरूले मौलिक पहिरन नै लगाउने गर्छन् । वालुङ महिलाले लगाउने लुगाहरूमा छ्यु, फिचे (बख्खु), हान्जुक, होङ्ज्यु (ब्लौज), ग्यासेसो (छत्रे टोपी), केतेन पाँङ्देन, लङ्जाक (हेर्नुहोस् परिशिष्ट १) दोचा (भोटे जुत्ता), आदि पर्दछ । त्यसैगरी पुरुषले लगाउने लुगाहरूमा नाम्बु, छ्युवा (बख्खु), दोचा (भोटे जुत्ता), मोगी (टोपी), ग्यासेसो (छत्रेटोपी) आदि पर्दछ । अघि प्रत्येक वालुङ महिलाहरूले लामो कपाल पाली कपाललाई बाटेर टाउको वरिपरि बेर्ने पनि गर्दथे तर आजभोली ओलाङचुङका वालुङ महिलाहरूले यसरी कपालले टाउको बेरेको खासै देखिँदैन ।

## ९.जीवन संस्कारहरू

### (क) जन्म संस्कार

वालुङहरूमा अन्य समुदाय भैँ गर्भवती महिलालाई देवी-देवताको पूजा-आजा गरी उपकार गर्नुपर्ने, पेटमा भएको बच्चाको उपकार गर्नुपर्ने आदि प्रचलन छैन । उनीहरू गर्भवती

भएको बेला पेटको पूजा गर्दैनन् । गर्भवतीले खोला/नाला तर्नु हुँदैन, मठ-मन्दिर जान हुदैन भन्ने मान्यता पनि वालुङहरू राख्दैनन् । तर बच्चा चाहिँ माइतीमा नभई आफ्नै घरमा जन्माउनु पर्छ भन्ने सामान्य विश्वास चाहिँ राख्छन् । त्यसकारण माइती मै रहे पनि बच्चा पाउने समयमा गर्भवती महिलाहरू आफ्नै घरमा जाने गर्छन् । यी समुदायहरू घर, गोठ, आदिमा बच्चा जन्माउछन् । वालुङ क्षेत्रमा सुत्केरीको लागि उपयुक्त स्वास्थ्य सेवा छैन ।

बच्चा जन्मने बेलामा वालुङहरू गर्भवतीलाई घरभित्र लुकाउछन् । बाहिर अन्यलाई देखाए नजर लाग्छ भन्ने सामान्य मान्यता उनीहरू राख्छन् । वालुङहरूमा बच्चा जन्मिएपछि आमा र बच्चा दुवैलाई नुवाएर घरभित्र कुनामा राखिन्छ । सुत्केरीलाई घरभित्र राखे घामको प्रकाश आमा र बच्चामा पर्दैन र उनीहरू निरोगी हुन्छन् भन्ने धारण वालुङहरू राख्छन् । यस समुदायमा सुत्केरीलाई एक महिनासम्म पोषिलो चीज, माछा-मासु, घ्यु, ज्वानो, पाक आदि ख्वाउने प्रचलन् छ । वालुङहरू सुत्केरीलाई अशुद्धको रूपमा खासै हेर्दैनन् । त्यसकारण सुत्केरीलाई भात-भान्सा छुट्याउने चलन उनीहरूमा छैन । वालुङ जन्म संस्कारभित्र मुख्य संस्कारहरू निम्न प्रकार छन् ।

### छेमा (स्वागत)

वालुङ भोटियाहरूले बच्चा जन्मेको एक अथवा दुई दिनपछि उवाको पिठो र चौरीको घ्यु मुछि बच्चाको मुखमा ख्वाउने गर्छन् । यसरी बच्चालाई ख्याउने विधिलाई उनीहरू 'छेमा' (स्वागत गरेको) भन्छन् । छेमा गर्दा बच्चालाई पहिलोपल्ट खाना ख्वाइने भएकोले वालुङहरू यो संस्कारलाई बच्चाको खाना ख्वाउने साइतको रूपले पनि हेर्ने गर्दछन् ।

### ठूसोल (न्वारन)

वालुङहरू बच्चा जन्मेको सात दिनपछि ठूसोल (न्वारन) गर्छन् । ठूसोल (न्वारन) गर्दा स्थानीय लामालाई बोलाई विभिन्न विधि-विधानहरू गर्नुपर्दछ । यसरी ठुसोल (न्वारन) सम्पन्न गर्दा सबै भन्दा पहिला नजिक कुवाबाट सफा पानी ल्याई 'कलश' (फुम्बा) भरी राख्नु पर्छ । त्यसपछि ल्याएको पानीलाई लामा मार्फत् 'ठ्यु (हेर्नुहास परिशिष्ट १) गरी 'छ्येसुम' (पुजाथान) नजिक फुल, तोर्मा, धुप, दियो बलेको बत्तीसँगै राख्नुपर्छ । उक्त छ्येसुम (पुजाथान) नजिक सुत्केरी आमा र बच्चालाई पनि राखिन्छ । र लामाले मन्त्रोचारण गर्दै कलशको पानीले आमा र बच्चालाई छर्काई पूजा गर्दछन् । अन्य आगन्तुकलाई पनि उक्त

पानीले छर्काएर चोख्याउने काम गरिन्छ । यसरी 'ठ्यु' गरिएको कलशको पानीले चोखिए शरीर पवित्र हुने, भूत-प्रेतबाट बच्ने, रोग-ब्याधी  नलाग्ने आदि जन-विश्वास वालुङहरू राख्छन् ।

वालुङ समुदायमा ठुसोल (न्वारान) गरेको दिन बच्चाको नाम पनि राखिदिने चलन छ । नाम जन्म र बारको आधारले राखिन्छ । जस्तैः आइतबार जन्मेको बच्चालाई ङिमा, निमा, सोमबार जन्मेको दावा आदि (शेर्पा,२०५६) । कहिलेकाहिँ जन्मेको बच्चाहरू मरिमात्र रहेमा पुनः जन्मेको बच्चा चाहिँ नमरोस् भन्नको लागि फेरि जन्मन्ने बच्चालाई नराम्रो जीब/जन्तुको नाम राखिदिने चलन पनि वालुङहरूमा छ । जस्तैः 'फाःक्याक'(सुंगुरको घु) 'किःक्याक' (कुकुरको घु ) आदि । यस्तो नराम्रो नाम राखिदिए बच्चा मर्ने छैन भन्ने जनविश्वास उनीहरू राख्छन् । ठुसोल (न्वारन) सम्पन्न गरेको दिन सबै आफन्त तथा छरछिमेकलाई बोलाएर सामुहिक भोज समेत गरिन्छ ।

## (ख) विवाह संस्कार

वालुङहरू मागि, प्रेम, चोरी र जबरजस्ती गरी चार तरिकाले विवाह गर्छन् । अघि उनीहरू बहुपति विवाह पनि गर्दथे तर पछि उनीहरूको क्षेत्र ओलाङचुङगोलामा नेपाली कर्मचारीहरूको प्रवेश भए पछि बहुपति विवाह गर्न (Haimendorf 1975:127) छाडे । वालुङ क्षेत्र ओलाङचुङगोला तिब्बतको सिमासँग जोडेको हुनाले धेरै जसो वालुङ भोटियाहरूले तिब्बती भोटियाहरूसँगै विहा गरेका देखिन्छ । यी दुई क्षेत्र (ओलाङचुङगोला र तिब्बत) का भोटियाहरू बिच मागि विवाह चल्छ । मुख्यकारण यी दुवै क्षेत्रमा सम्पन्न गरिने संस्कार-सँस्कृति, रहन-सहन आदिमा धेरै जसो मिल्दो-जुल्दो छ । यति भएर पनि तुलनात्मक रूपले हेर्दा पुरुष वालुङहरूले बढीमात्रामा तिब्बतीयन महिलाहरूसँग विवाह गरेका देखिन्छ । वालुङ महिलाहरूले चाहिँ त्यति धेरै तिब्बती पुरुषहरूसँग विहा गरेका भेटिन्न ।

वालुङहरूको अध्ययन गर्न तयार गरिएको यस शोध-पत्रको लागि नमुना छनौट गरिएको ३२ (बत्तिस) वालुङ घरमध्ये १८ घरका पुरुषहरूले तिब्बतीयन महिलाहरू विवाह गरेका छन् । वालुङ महिलाहरूमा चाहिँ एक जना डोयङ्गा वालुङ भोटियाले मात्र तिब्बतीयन पुरुषसँग विवाह गरेका देखिन्छ । तिब्बती भोटियासँग विवाह गर्ने डोयङ्गा पनि तिब्बत (भोट) नगई ओलाङचुङतिर नै बस्दै आएका छन् ।

वालुङ भोटियाका बर्तमान वैवाहिक अवस्थावारे जानकारी पाउन यो शोध-पत्रको लागि छानिएको ३२ घर ओलाङचुङगोला बजारका जम्मा १५४ सङ्ख्या वालुङहरूबाट विवाह सम्बन्धी तथ्याङ्क लिने काम गरिएको छ । यी सबै सङ्ख्याहरूलाई विवाहित, अविवाहित, पारपाचुके, विधुवा/विधुर तथा विवाहको लागि अयोग्य उमेर र समुहमा विभाजन गरिएको छ । शोध-कार्यमा पाँच वर्ष भन्दा मुनिको बच्चालाई विवाहको लागि अयोग्य मानिएको छ । यी कुराहरूलाई तलको तालिकामा पनि उल्लेख गरिएको छ ।

तालिका नः ९

| क.श | वैवाहिक अवस्था | जम्मा सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | विवाहको लागि अयोग्य (पाँच वर्ष भन्दा मुनिको) | १० | ६.४९ |
| (ख) | विवाहको लागि योग्य | १४४ | ९३.५० |
| (ख) १ | विवाहित | ६७ | ४६.५२ |
| (ख) २ | अविवाहित | ६१ | ४२.३६ |
| (ख) ३ | परपाचुके | ० | ० |
| (ख) ४ | विधुर र विधुवा | १६ | ११.११ |
| जम्मा | विवाहको लागि योग्य र अयोग्यगरी कुल सङ्ख्या | १५४ | १०० |

(स्थलगत अध्ययन २०६९)

माथिको तालिका अनुसार अध्ययन स्थलमा विवाहको लागि अयोग्य वालुङ सङ्ख्या जम्मा १० जना भेटिए । यो कुल सङ्ख्याको ६.४९ % (प्रतिशत) हुन्छ । योग्य सङ्ख्या १४४ भेटियो । यो कुल सङ्ख्याको ९३.५० % (प्रतिशत) हुन्छ । योग्य व्यक्तिहरूलाई विभिन्न समुहमा पनि विभाजन गरिएको छ । यी मध्ये विवाहित सङ्ख्या ६७ भेटियो । यो कुल योग्य सङ्ख्याको ४६.५२ % (प्रतिशत) हुन्छ । अविवाहित सङ्ख्या ६१ देखिन्छ । यो कुल योग्य सङख्याको जम्मा ४२.५२ % (प्रतिशत) हुन्छ । अध्ययन क्षेत्रमा पारपाचुके गर्नेको सङ्ख्या भेटिएन । विधुर र विधुवा १६ जना भेटिए । यो कुल योग्य सङ्ख्याको ११.११ % (प्रतिशत) हुन्छ ।

ओलाङचुङबासी वालुङ भोटियाहरूमा विवाह गर्ने समय तथा विवाहको तिथि-मिति तोक्ने प्रक्रिया पनि आफ्नै किसिमको छ । उनीहरू कालो वर्ष (लोनाक) र कालो महिना (दोनाक) मा विवाह गर्दैनन् । विवाह गर्दा वंशज र स्तरको राम्रो ख्याल गर्छन् । उनीहरू सातदेखि एघार पुस्तासम्म साइनो केलाएर मात्र विवाह गर्छन् । अघि वालुङहरूमा आफ्नै समुदायकाहरूसँग मात्र विवाह गर्ने चलन थियो तर आजभोलि छिटफुट रूपले अन्य

समुदायकाहरूसँग पनि उनीहरू विवाह गर्न थालेका छन् । यसरी अन्य समुदायकाहरूसँग विवाह गर्दा प्राय सरकारी तहबाट उनीहरूको क्षेत्र ओलाङचुङगोलामा खटिएका कर्मचारीहरूसँग गरेका देखिन्छ । हालसाल ओलाङचुङगोलामा दुईवटा अन्तर जाति विवाह गरेका वालुङ घरहरू भेटिन्छ ।

वालुङहरूले विवाह गर्दा विभिन्न रितहरू पुरा गर्नुपर्छ तर आजभोलि उनीहरूका यस्ता रितहरूमा सामान्य फेरबदल भएको देखिन्छ । वालुङहरूमा मागि विवाह गर्दा पुरा गर्नुपर्ने रितहरू तल उल्लेख गरिएको छ ।

## केटी मगनी

सबै भन्दा पहिला माग्न लागेको कन्यालाई दिने कि नदिने टुङ्गो लगाउन केटा पक्षबाट एक जना भलाद्मी केटीको घरमा पठाइन्छ । दिने सङ्केत देखिए पुनः केही पञ्च-भलाद्मीहरूलाई साथमा लिएर 'सोरूक' (हेर्नुहोस् परिशिष्ट १) बोकी केटीको घरमा जानु पर्छ । उक्त 'सोरूक' केटीको बाबु/आमालाई राखिदिनु पर्छ । बाबु/आमाले राखिएको सोरूक लिएमा छोरी दिन मन्जुर भएको बुझ्नु पर्छ ।

## विवाह मिति तोक्ने प्रकृया

छोरी दिने पक्का भएपछि विवाहको साइत जुराई विवाह गर्ने मिति तोक्न फेरी केटा र केही बुढा/पाकाहरू केटीको घरमा जान्छन् । केटीको घरमा पुगेपछि केटा पक्षले सोरूक र केही नगद राखी केटीको बाबु-आमा र उनका सबै नातेदारहरूलाई पालै-पालो गरी ढोग्नु पर्छ । यसरी ढोग्दा सोरुकसँग जति नगद राखिन्छ बेहुली लाने समयमा उपहार स्वरूप त्यसको डबल दस्तुर मूल्य बराबरको बस्तु सरसमान वा रुपैंया/पैशा आदि उनीहरूले दिने गर्दछन् । वालुङ समुदायमा सोरूक ख्वाएपछि मात्र बिहेको कुरा छिनेको ठहर हुन्छ ।

## विवाह सम्पन्न प्रकृया

वालुङ भोटियाहरूले विवाह एक देखि दुई दिन सम्म सम्पन्न गर्छन् । विवाह सम्पन्न गर्ने दिन बिहानै बेहुलालाई मौलिक पहिरन लगाई रित अनुसारको कोशेली बोकी केही जन्तीका साथ बेहुलीको घरमा पठाइन्छ । जन्ती जाँदा अघि-अघि एक युवक (सिक्पाखोले) लाई

‘ठोसोछेमा (हेर्नुहोस् परिशिष्ट १) बोकाई  हिँडाउनु पर्छ । जसले घरमा जन्ती आएको सङ्केत गर्दछ । वालुङ विवाहमा जाने जन्तीहरू मध्ये केही गीत गाउन जान्ने ब्यक्तिहरू हुन अनिवार्य छ । मूल कारण यी समुदायमा विवाह गर्दा केटीको घरमा बेहुलातर्फ र बेहुलीतर्फ बिच प्रतिस्पर्धात्मक दोहोरी (ठुङलु) गीत चल्दछ । अन्यथा दोहोरीमा बेहुला पक्षको हार भए रित अनुसारको रूपैँया/पैशा बेहुली पक्षकालाई दस्तुर बुझाउनु पर्ने हुन्छ ।

जन्ती आउने दिन बेहुलीको घरलाई सिङ्गारपटार गरिन्छ । बेहुलासँग आएका जन्तीहरूको स्वागत गर्न बेहुलीका घरको मूल ढोकामा पाँच रङ्का ध्वजाहरू झुन्ड्याइएको हुन्छ । यसरी झुन्ड्याइएको ध्वजाको अगाडि एउटा ढुङ्गाको थुप्रोबाट निर्माण गरिएको राक्षसको प्रतिक पनि राख्नु पर्छ । र उक्त मूल ढोकाको छेउ-छेउमा ‘ठोसोछेमा’ र पानी भराएको एउटा ‘साङ्ला’ (हेर्नुहोस् परिशिष्ट १) राखिन्छ । यी दुवै (ठोसोछेमा र साङ्ला) को छेउ-छेउमा मकै, फापर, नुन,उवा गोवर आदिको थाक भराइएको केही फाजेहरू (हेर्नुहोस परिशिष्ट १) राख्नुपर्छ । यसरी फाजेहरू राख्नुको मुख्य आसय आएका जन्तीहरूलाई घरमा आफूसँग प्रशस्त अन्नपात, बस्तुभाउ आदि भएको सङ्केत दिलाउनु हो । जन्तीहरू बेहुलीको घर-आगँन पुगेपछि श्लोक (गीत) गाउन थाल्छन् । श्लोक कै माध्यले बेहुली पक्षकाले पनि जन्तीलाई विभिन्न प्रश्नहरू राख्छन् । बेहुला पक्ष र बेहुली पक्ष बिच केही समय दोहोरी नै चल्छ । बेहुली पक्षकाले राखेको प्रश्नको उत्तर सबै बेहुला पक्षकाले दिन सक्नु पर्छ । अन्यथा उनीहरूले उत्तर दिन नसकेमा रित अनुसारको दस्तुर तिर्नु पर्दछ । श्लोक समाप्त पछि जन्तीहरूलाई खाजा-पानीको व्यवस्था गरिन्छ । त्यसपछि बेहुला-बेहुलीलाई टिकाटालो गर्ने काम सुरू हुन्छ । वालुङहरू बेहुलीलाई टिका-टालो लगाउँदा सुन-चाँदी, रुपैँया-पैशा, याक आदि उपहार दिने गर्छन् । विवाहमा सामुहिक भोज (धुन्ज्याङ) पनि गरिन्छ । भोजको आयोजना गरिसके पछि लामाले पूजापाठ गर्न सुरू गर्छन् । त्यसैताक बेहुलाले बेहुलीको ढाडमा ‘धादा’ (हेर्नुहोस् परिशिष्ट १) राखि दिन्छन् । त्यसपछि बेहुलीको माइती घरमा गर्नु पर्ने रित पुरा हुन्छ ।

माइती पक्षको रित पुरा भएपछि बेहुलीलाई माइती घरबाट बाहिर निकालिन्छ । घरबाट निकाल्दा मूल ढोकाबाट निकाल्नु पर्छ । यसरी बेहुली बाहिर निकाल्ने ढोकामा फाजे, ठोसोछेमा र पानी भरी भएको एउटा साङ्ला पनि राख्नु पर्छ । माइती घरबाट बेहुलीलाई घर बाहिर निकाल्दा माइती घरको लच्छिन नजाओस् भन्न लामाले ‘छ्या माण्डो याङ्

माण्डो' (हेर्नुहोस् परिशिष्ट १) मन्त्र उचारण गर्दछन् । लामाले मन्त्रो उचारण गर्दा केही कन्या युवतीहरूले पनि 'दाधा' र 'ठोसोछेमा' उचाल्दै केही समयसम्म 'छ्या माण्डो याङ माण्डो' मन्त्र उचारण गर्दछन् । त्यसपछि बेहुला-बेहुली तथा जन्तीहरू सबैलाई खादा ओढाई चिया (फेच्या) जाँड (सुङ्ग्ज्याङ) आदि ख्वाएर बिदा गरिन्छ । र बेहुली पक्षबाट विवाहको औपचारिक विधि पुरा हुन्छ । अन्त्यमा ढोकामा राखेको फाजे र साङ्लाको पानी तीन दिन पछि नजिक लगेर सेलाउनु पर्छ ।

उता बेहुली ल्याउने दिन बेहुलाको घरलाई पनि सिङ्गारपटार गरिएको हुन्छ । अब बेहुलाको घरमा आइपुगेपछि बेहुला-बेहुली लगायत बेहुली लिएर घरमा आएका जन्तीहरू सबैलाई बेहुला पक्षकाहरूले खादा ओढाएर स्वागत गर्छन् । त्यसपछि बेहुलाको घरमा सामुहिक नाचगान सुरू हुन्छ । घरमा आएको नयाँ दुलहीलाई स्वागत गर्न बेहुलाको घरको मूल ढोकामा पनि 'ठोसोछेमा, 'साङ्ला' र उवा, मकै, नुन्, फापर, गोवर आदिले भरिएका केही फाजेहरू राखिएको हुन्छ । फाजेहरूको नजिक फलफूलहरू झुन्ड्याइएको एउटा सानो रूख पनि रोपिएको हुन्छ । अब त्यहीँ फाजेहरू राखिएको मूल ढोकाबाट बेहुला-बेहुलीलाई घरभित्र हुल्नु पर्छ । बेहुला-बेहुलीलाई घरभित्र हुल्नेबेला मूल ढोकामा बेहुलाको आमा, छर-छिमेकी लगायत अन्य केही कन्याहरू हातमा 'ठोसोछेमा' र 'दाधा' बोकेर उभिएका हुन्छन् । त्यसपछि बेहुलाकी आमाले बेहुलीलाई घ्यु र पानी राखेको 'लक्सुम् (हेर्नुहोस् परिशिष्ट १) सँग घरको तालचाबी दिन्छन् । यसरी दुलहीलाई घरको तालचाबी दिने बेला दुलहीले आफ्ना माइती गाँउको सबै लक्षीन (याङढुप) ल्याएर आउन भन्न ती उभिएका कन्याहरूले 'दाधा' र 'ठोसोछेमा' उचाली तीन पल्टसम्म 'छ्याङखोले याङखोले' (हेर्नुहोस् परिशिष्ट १) मन्त्र उचारण गर्छन् । त्यसपछि दुलहीलाई घरभित्र हुल्ने काम हुन्छ । घरभित्र हुलेपछि 'युरिङ' (स्वस्तीक चिन्ह) लेखेको विवाह मण्डपमा बेहुला-बेहुलीलाई राखिन्छ । गाँउको एक जना मुलिले बेहुलीलाई ढाडमा 'दाधा' राखिदिई 'अब तिमी फलनाकी श्रीमती भयौ' भनी बाचा बाँध्छन् । विवाहको सबै रीत पुरा भएपछि आगन्तुक नातेदार छर-छिमेक सबैलाई भोज ख्वाउने काम सुरू हुन्छ । दिनभरि सामुहिक गीत (ठालु) तथा नाचगान हुन्छ । त्यसपछि औपचारिक रूपले विवाह समाप्त हुन्छ ।

## (ग) मृत्यु संस्कार

वालुङहरू जलाउने र खोलामा काटेर फ्क्याने दुई तरिकाले मृतकको अन्त्येष्ठि गर्छन् । तर आजभोलि भने धेरै जसो वालुङहरूले खोला तथा समाधि स्थलमा लगेर जलाउने नै गरेका देखिन्छ । स्थानीय व्यक्तिहरूले दिएको जानकारी अनुसार वि.सं २०६९ सालको सुरू देखि अन्त्य सम्ममा ओलाङचुङमा तीनजना वालुङहरूको मृत्यु भएको थियो । यी मध्ये २ जनालाई नजिक तमोर नदीमा जलाई समाधि गरियो । एक जनालाई अरिगाङ्दक जग्गामा लगि समाधि गरियो । खोलामा काटेर फ्याल्ने काम भने गरिएन । यसलाई प्रष्ट पार्न तलको तालिकामा पनि उल्लेख गरिएको छ ।

तालिका न: १०

| क.श | समाधिको प्रकृया | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (क) | तमोर नदीमा जलाइएको | २ | ६७ % |
| (ख) | अरिगाङ्दक जग्गामा समाधि गरेको | १ | ३३ % |
| (ग) | काटेर खोलामा फ्यालेको | ० | ० % |
| (घ) | कुल सङ्ख्या | ३ | १०० |

(स्थानीय बासिन्दाहरूसँग लिएको जानकारीमा आधारित)

माथिको तालिका अनुसार तीनजना मृतक सङ्ख्यामा दुईजना तमोर खोलामा र एकजना आरिगाङ्दक भन्ने बाहिरी खुल्ला जग्गामा समाधि गरिएको देखिन्छ ।

वालुङहरू मृतकको लासलाई समाधि स्थल लान भन्दा पहिला लामा बोलाई 'ची' (साइत) हेराएर मृतकलाई कति दिन घरमा राख्ने, जलाउने वा काटेर खोलमा फ्याल्ने आदि कुराको छिनोफानो गर्छन् । उनीहरूमा अन्त्येष्टी घरको आर्थिक अवस्था र सामाजिक स्थितिको आधारले गरिएको देखिन्छ । मृतक अवतारी लामा भए वालुङहरूले यस्ता व्यक्तिको लास बसोवास क्षेत्रको माथिल्लो भू-भाग तथा पवित्र क्षेत्रतिर लगेर अन्त्येष्ठी गर्दछन् । ओलाङ्चुङगोलाबासी वालुङहरूले यस्ता मृतकहरूको अन्त्येष्ठि माथि 'दिकिछ्योलिङ' गुम्बा नजिक लगेर गरेका देखिन्छ ।

मध्यस्तरका सात पसिमे जस्तैः उक्याप, फेच्या बरावो आदिलाई त्यसदेखि मुनिको अरिगाङ्दक भन्ने जग्गामा समाधि गर्छन् । वालुङले औतारी लामा तथा उच्च हैसियतका

मृतकको नाममा बिभिन्न मानेहरू पनि बनाउने गर्छन् । खोलामा काटेर फ्याल्ने साइत परे नजिक तमोर नदीको किनार केन्दायाङ भन्ने जग्गामा काटेर बगाउँछन् । यसरी काटेर खोलमा फ्याले शरीरको अङ्ग गङ्गामा पुग्ने, र अन्यः किटपतङ्गले खाने भएकोले स्वर्ग बास पाइने तथा पुन जन्म पाइने जस्ता जन-विश्वास उनीहरूमा (शेर्पा,२०५६) पाइन्छ । मृतकलाई कसले छुन हुने र कसले छुन नहुने आदि कुराको पनि 'ल्हो' कै आधारमा छिनोफानो गरिन्छ ।

वालुङहरूमा मृत्यु संस्कार गर्दा लामाको भूमिका महत्वपूर्ण हुन्छ । यस समुदायमा मानिसको मृत्यु भए लगतै मृतकको सिरानीमा खानेकुरा (जाँड, चिया, माछा मासु रोटी ) आदि पिण्ड (सिम्बोख्वालक) चढाई लामाले पुजापाठ गर्न सुरू गर्छन् । यो बेला लामाले मन्त्रबाट मृतकलाई विभिन्न कुराहरू पुकार्छन् । त्यसपछि मृतकलाई नुवाएर पुजा थान (छ्येसुम) नजिक राखिन्छ । र तीनवटा ढुङ्गाको चुल्हो गाडी चुल्होमा तामाको भाँडो राखेर त्यसभित्र लासलाई राख्नुपर्छ । लासको मुनि उवाको पिठोले 'स्वस्तीक' चिन्ह (युरिङ) पनि कोर्नुपर्छ । भाँडोभित्र मृतकलाई ध्वजा/पता तथा पाखिले बाँधि ठाडो बनाई राख्नु पर्छ । लासलाई नयाँ कपडा/पाखि आदिले नबाँधेमा जागेर जीवित मानिसलाई दुःख दिने जन-विश्वास वालुङहरूमा छ । यसरी भाँडामा लास राखेको दिन रातभर पूजा थान (छ्येसुम) नजिकै मृतकको नाममा 'सुङ्जोक' (हेर्नुहोस् परिशिष्ट १) गर्नुपर्छ । यसरी सुङज्योक गरिए मृतकको आत्माले स्वर्गमा बास पाउने, प्रेत भएर दुःख नदिने जन-विश्वास उनीहरु गर्छन् । सुङ्जोक गर्दा लामाले मृतकलाई परलोक जान विभिन्न मन्त्रहरू पुकार्छन् । वालुङहरू लासलाई कुकुर/बिरालोले छुन दिदैनन् । यस्ता जनावरहरूले छोए उनीहरू अशुभ हुने मान्यता राख्छन् ।

वालुङहरूले घरबाट लास निकाल्ने दिन बिहानै मृतकलाई बाकस (*डोम*) मा राख्दछन् । मृतकलाई राखिएको बाकस (डोम) को वरिपिर लामाहरू आफ्नो भेष-भूषामा सजिएर भालेको जुरो जस्तो (*उकेश्याप)* सिरमा राखि झ्याम्टा, डम्मरू, घण्टी आदि बजाई लयात्मक गीत गाउँदै नाच्दै घुम्छन् । यसबेला आफन्तले विदाई स्वरुप मृतकलाई विभिन्न खाद्य पदार्थ र लत्ता/कपडा (*कुज्याङ*) पनि राखि दिने गर्छन् । घरको रित पुरा गरेपछि लासलाई घर बाहिर निकालिन्छ । घर बाहिर निकाल्दा लामाले जुन दिसाबाट निकाल्नु भन्छ त्यहीँबाट मात्र निकाल्नु पर्छ । लासलाई वाहिर निकाल्दा सबै भन्दा पहिले केही कन्या केटा-

केटीहरूलाई 'ठोसोछेमा' र दोमाङ *(धार्मिक ग्रन्थ)* बोकाई लासको अघि-अघि बढाउनु पर्छ। ती केटा-केटीहरू पछि लामाहरू डम्मरू, झ्याम्टा बजाउदै खादा समाती लयात्मक तरिकाले धार्मिक ग्रन्थ (घ्यावा हेडुजा) पढी नाच्दै अघि बढ्छन् । लामाहरूले समातेका खादा लाससँग जोडिएको हुन्छ।

समाधि स्थल (थ्युरुम) पुगेपछि सबै भन्दा पहिला लामाहरूले 'मेन्लाम वा थोडोल' ग्रन्थ उचारण गर्छन् । त्यसपछि छोरा भए 'नौ' तला छोरी भए 'सात' तला दाउराको चित्ता बनाई त्यस माथि लास राखिन्छ। लामाहरूले डम्मरू, झ्याम्टा, घण्टी बजाउदै सुङ्जोक र जिन्साफ (होम) पनि गर्छन् । त्यसपछि मृतकलाई बेरीएको बस्त्र खोली सुताइन्छ र दाग बति दिइन्छ। आगो दिएपछि केही व्यतिहरू वहेक सबै मलामीहरू घर फर्कन्छन्। 'साङ्धुप' र 'ठूयु (पवित्र जल) ले छर्केर चोखिन्छन्।

मृतकलाई जलाइएको दिन रातभर घरमा मृतकको नाममा 'खाप्क्यु' (चिन्ता) गर्नुपर्छ। यसरी खाक्यु (चिन्ता) गरेको रात मलामी तथा छर-छिमेकहरु रातभर मन्त्र जप्दै जाग्राम बस्छन्। खाप्क्यु (चिन्ता) गर्दा तोर्माबाट मृतकको प्रतिमा बनाई त्यस प्रतिमालाई केही युवा र लामाहरूले मन्त्रो उचारण गर्दै खुकुरी, ढोल, झ्याम्टा, डम्मरू आदि बजाउँदै आधा बाटो सम्म खेदाउने गर्छन् । यसरी खेदाइए मृतकको आत्मा पुनः घरमा आउँदैन भन्ने मान्यता वालुङहरु गर्छन्। सोही रात १०८ वत्ती बालि मृतकको नाममा जोक्छेन् पूजा पनि गरिन्छ।

विहान पुनः केही बुढापाका दाहसंस्कार गरेको ठाउँमा जान्छन्। मृत जलाइएको खरानीमा जनावरको पैताला छ वा छैन हेर्छन् । मानिसको पैताला भए मृतक भूत भएको आशंका गर्छन्। फेरि लामा बोलाई पूजा/पाठ गर्छन्। वालुङहरूले मृत्यु संस्कार विधि सम्पन्न गर्दा गर्नुपर्ने मुख्य विधि तथा कर्म-काण्डहरू तल उल्लेख गरिएको छ।

## दिन्जीङ

वालुङहरू मृतकको नाममा साता/सात दिनको दरले चार हप्तासम्म साप्ताहिक पूजा दिन्जीङ गर्छन्। मानिस मरेको चार हप्तासम्म स्वर्ग नगई आत्मा यहीँ वर-पर घुमी रहने त्यसपछि मात्र स्वर्ग जाने विश्वास वालुङहरू राख्छन्। त्यसकारण दिन्जीङ मृतकलाई स्वर्ग जाने बाटो खुलोस् भन्ने उद्देश्यले गरिएको हो । यो बेला आफन्तले १०८ बत्ती बाली मृतकको चीर शान्तिको कामना गर्छन्।

### जेंएसाक

'दिन्जीङ' गरेको चार हप्ता अथवा २८ (अठाइस) दिनपछि 'जैंएसाक' पूजा गरिन्छ । यो पुजा पनि मृतकलाई स्वर्ग जाने बाटो खुलोस भन्ने उद्देश्यले नै गरिएको हो । जैंसाक पूजा नगरिए मृतआत्मा स्वर्ग जान नसकी जीवित मानिसलाई दुःख दिइरहने विश्वास वालुङहरू गर्दछन् ।

### स्याकु

मृतकको अन्त्येष्ठि गरेको ४९ दिन पछि वालुङहरू अन्तिम बर्खान्त स्याकु (घेवा) गर्छन् । स्याकु तीनदेखि चार दिनसम्म गरिन्छ । उनीहरूको मान्यता अनुसार मृतकले ४९ दिन पछि मात्र पूर्णरूपले मरेको अनुभव गर्छ ।

स्याकु गर्दा तोर्मा बाट्ने, पुस्तक पढ्ने आदि गरिन्छ । यसरी बनाइएको तोर्मा स्याकु (घेवा) समाप्त भएपछि छिमेकी सबै घरमा बाँड्नु पर्छ । त्यो दिन मामा-मावली, नाता-गोता सबैलाई बोलाई सामुहिक रूपले चोखिई भोजको आयोजना समेत गरिन्छ । साथै जुठो सिदिएकोले मृतकको परिवारजनलाई खादा ओढाई स्वागत तथा शुभकामना पनि दिइन्छ । आर्थिक राम्रो भएका वालुङहरूले स्याकु समाप्त पछि पनि प्रत्येक साल मानिसको मृत्यु भएको मितिमा पुन पूजा/आजा (लाम्जे) गर्छन् । साथै मृतकको नाममा पुल, चौतारो, बाटो पाटी/पौवा आदि पनि बनाउने गर्दछन् ।

## (घ) जीवन सस्कारमा परिवर्तन

वालुङ भोटियाहरूले जन्मेदेखि मृत्युसम्म गर्ने सस्कारहरूको मान्ने प्रकृयामा तुलनात्मक रूपले विगतको भन्दा हाल केही फेरबदल भएको देखिन्छ । अघि वालुङले बच्चा माइतीमा नभई आफ्नै घरमा जन्माउथे । बच्चा जन्माउने समयमा सुत्केरीलाई घरभित्र लुकाइन्थ्यो । तर आजभोलि यी कुराहरू त्यति कायममा ल्याएको भेटिन्न । ओलाङचुङका वालुङहरूले हाल मौलिक संस्कारको अलावा बच्चाको जन्म दिन (बर्थ-डे) मनाउन पनि थालेका छन् ।

अघि वालुङहरूमा बहु-पति प्रथा थियो आजभोलि यो प्रथा छैन । आफ्नै जाति (समुदाय) सँग मात्र विवाह गर्ने वालुङहरू आजभोलि अन्य विभिन्न जाति (समुदाय) सँग विवाह गर्न

थालेका छन् । पछिल्लो काल ओलाङचुङगोलामा सत्तरी प्रतिशत भन्दा बढी वालुङले प्रेम विवाह गरेका क्षेत्रकार्य अध्ययन २०६९ ले देखाउछ । यसरी वैवाहिक प्रक्रियाको परिवर्तनसँगै वालुङ विवाहको मौलिक नियमहरूमा पनि सामान्य फेरवदल भएको छ । घरमा दुलही भित्र्याउदा दुलहीलाई सासुले घरको तालचावी दिने चलन विस्तारै हराउदै गएको छ । त्यसैगरी विवाहमा ठुङलु, शिलोक गीत गाउनको बदला वालुङहरूले विभिन्न हिन्दी, पप तथा पश्चिमी गीतहरू गाउन थालेका छन् । वैवाहिक भोजका खाना खजानाहरूमा समेत विगतको तुलनामा धेरै फेरबदल भएको छ ।

वालुङ भोटियाका मौलिक नियम अनुसार मृतकलाई जलाउने र खोलामा काटेर फ्याल्ने यी दुई तरिकाले अन्त्येष्ठि गरिन्छ । तर पछिल्लो कालमा खोलामा काटेर फ्याल्ने प्रचलन विस्तारै न्यून हुँदै गएको छ । अघि वालुङ भोटियाको लास समाधि स्थल लादा बाटोभरी लामाहरू डम्मरू, झ्याम्टा बजाउदै नाच्दै अघि बढ्थे तर आजभोलि यो प्रचलन क्रमश घट्दै गएको छ । मुख्यकारण हाल: लामाहरू वालुङ गाउँमा त्यति भेटिन्न । त्यसैगरी मृतक जलाइएको खरानीमा अर्को दिन गएर मृतकको पैताला हेर्ने प्रथा पनि आजभोलि वालुङले त्यति गरेको भेटिन्न । वालुहरू जुठो पर्दा भरपूर्ण रूपले माछा-मासु खाने तथा भोजहरू गर्ने गर्छन् तर आजभोलि केही वालुङले हिन्दु मान्यताको सिको गरी जुठो पर्दा एक छाक नुन बारेका पनि भेटिन्छ ।

## १०.धर्म

वालुङहरू बौद्ध धर्म अन्तरगत प्राचीन ‘ङिङ्-मा-पा’ सम्प्रादय मान्छन् । यो सम्प्रादय बौद्ध धर्म स्थित महायानभित्रको सबै भन्दा पुरानो सम्प्रादय हो, जुन गुरु-पद्मसम्भवले अस्तित्वमा ल्याएका थिए (सेर्पा २०६७:४०) । त्यसकारण वालुङहरू गुरु-पद्मसम्भवलाई गुरू रिम्पोछे (गुरु-महारत्न), साङ्ग्ये निपा (दोस्रो बुद्ध) आदिको रूपमा मान्दछन् । साथै उनीहरू दलाई लामालाई पनि धार्मिक गुरूको रूपले आदर गर्छन् ।

बौद्धधर्म बाहेक अध्ययन क्षेत्रका वालुङहरू हालसम्म अन्य कुनै पनि धर्ममा लागेका छैनन् । धर्मको नाममा काटमार पनि गर्दैनन् । उनीहरू गुम्बालाई मूल धार्मिक केन्द्र मान्छन् । दिक्किछ्योलिङ गुम्बा ओलाङचुङगोलाका वालुङहरूको मूल धार्मिक केन्द्र हो । गुम्बा व्यावस्थापन गर्न उनीहरूले गुम्बा समिति (कोन्दिछोक्पा) पनि निर्माण गरेका हुन्छन् ।

वालुङहरू महिना, वार, दिनको आधारले गुम्बामा गई धुप-बत्ती तथा पूजा-पाठ गर्छन । यसका अलावा साँझ बिहान घरैको पुजा थान (छ्येसुम) मा पूजा-आजा गर्छन् । उनीहरू स्थानीय देवी-देवता तथा तान्त्रिक तुना-मुना, भूत-प्रेत प्रतिपनि बढी विश्वास राख्छन् ।

## ११.स्थानीय देवी-देवता

वालुङहरू परम्परागत देवी-देवता (लागा), स्थानीय देवता तथा तान्त्रिक पूजा-आजा प्रति धेरै आस्था र विश्वास राख्छन् । प्रत्येक वालुङ गाउँमा एउटा गाँउको कुल देवता (ग्यावो) हुन्छ । कतिपय वालुङले यस्तो गाउँको कुल देवता (ग्यावो) लाई 'केला-युल्हा' पनि भन्ने गर्छन् । तिब्बती भोटिया भाषामा 'यु' को अर्थ गाउँ अथवा देश र 'ल्हा' को अर्थ देवता भन्ने लाग्दछ । प्रत्येक साल वालुङहरूले ग्यावोको पूजा गर्दछन् ।

वालुङहरूले पुजा गर्ने अन्य देवी-देवताहरूमा लुमो (नाग) पुजा, देवी पूजा, याङढुप पूजा तथा प्रेत देवता (चैं) आदि मुख्य पर्दछ । यस्ता देवी-देवताको पूजा-आजा स्थानीय धामी कुतेम्बाला (हेर्नुहोस् परिशिष्ट १) मार्फत् गरिन्छ । ओलाङचुङगोलामा  यारुङ चैं, फदाक्चैं र थुदाम चैं आदि चैंहरूको पूजा पनि गरिन्छ । यस्तो स्थानीय देवता ग्यावो, लुमो, चैं आदिको विश्वास र पूजा सबै गाँउलेहरूले गरे पनि लामाहरूले भने त्यति विश्वास गरेको भेटिँदैन ।

## १२.चाड/पर्व

वालुङ भोटियाहरूले धेरै चाड-पर्वहरू मनाउने गर्छन् । उनीहरूको चाड-पर्वहरू सामाजिक र धार्मिक गरी दुई किसिमका हुन्छ । प्रत्येक वालुङ चाड-पर्वमा तिब्बती सँस्कृतिको प्रभावित देखिन्छ । तिब्बती पात्रो अनुसार नै उनीहरूले चाड-पर्वहरू मनाउने पनि गर्छन् । वालुङहरूको चाड-पर्वहरू तल उल्लेख गरिएको छ ।

### (क) फुटुक

फुटुक वालुङले मनाउने सबै भन्दा ठूलो सामाजिक चाड हो । यो चाड कार्तिक र मङ्सिर महिनमा पर्दछ । विशेष गरी गाउँमा  दुःख कष्ट नहोस, शत्रुहरूसँग विजय होस, भन्ने उद्देश्यले वालुङहहरू यो चाड मनाउने गर्छन् ।

फुटुक पर्वको समयमा वालुङहरू तीन दिनसम्म उनीहरूको बासस्थान क्षेत्र नजिक रहेको दिक्किछ्योलिङ (हेर्नुहोस् परिशिष्ट१) गुम्बाको प्राङ्गणामा सा-साना पालका कटेरोहरू बनाएर बस्छन् । उक्त पालमा बस्दा आफ्ना नाता-गोता, कुल-कुटुम्ब आदिलाई निम्तो गरी सामुहिक रूपले मिठा-मिठा परिकारहरू खाई भोज समेत गर्छन् । वालुङहरूले फुटुक पर्व मनाउँदा विभिन्न जात्राहरू पनि देखाउने गर्छन् । खासगरी यो बेला वालुङ लामाहरूले विभिन्न देवी-देवताको प्रतिनिधित्व गर्दै चराचुरुङ्गीको मकुन्डो ओढी थुदाम ग्यावो र स्थानीय माकुम ग्यावो बिचको युद्धको दृष्य (ह्याम) लाई नाटकीय ढङ्गबाट देखाउने गर्दछन् । त्यसकारण यो पर्व सम्पन्न गर्दा छिमेकी गाउँका अन्य समुदायहरू समेत जात्रा हेर्न वालुङ गाउँ ओलाङचुङगोलामा जाने गर्दछन् ।

## (ख) ठुक्पा-छ्येसी

ठुक्पा छ्येसी प्रथमपल्ट भगवान बुद्धले ज्ञान प्राप्त गरेको दिनको रूपमा पूजा गर्नु हो । वालुङहरू यो पूजा श्रावण महिनामा गर्दछन् । ठुक्पा छ्येसी पूजालाई आजभोलि वालुङले पर्वको रूपमा पनि मान्न थालेका छन् । त्यसकारण यसलाई धार्मिक पर्व भन्न सकिन्छ ।

ठुक्पा छ्येसी पूजा घर र गुम्बा दुवैमा गर्न सकिन्छ । प्राय वालुङले सामुहिक रूपमा यो पूजा गर्दछन् । ठुक्पा छ्येसी पूजा गर्दा उनीहरू घरको छ्येसुम र गुम्बा दुवैमा वत्ती बाल्छन् । बासस्थानको वरिपिर डाँडा-खोला तथा पवित्र स्थानहरूमा रङ्गी-विरङ्गी लुङ्दाहरू पनि टाङ्दछन् । यो पूजा गर्दा एक दिन दिनभरि गुम्बामा गई त्यहाँका विविध देवी-देवताहरूको प्रतिकात्मक मूर्तिका तोर्माहरू बनाई गुम्बाका सबै देवी-देवताहरूको पूजा-आजा गर्नु पर्दछ । ठुक्पा छ्येसी पुजामा भाग लिने सदस्यहरूले  पूजा गर्न भन्दा एक दिन अगाडि वर्त समेत बस्नु पर्दछ । ठुक्पा छ्येसी पूजा एक दिन मात्र हुन्छ । तर पुजाका सबै पाठहरू नसके सम्म लामाहरूले भने गुम्बा मै बसेर पुस्तक पढिरहनु पर्छ । गुम्बामा बस्ने यी लामाहरूलाई खान-पिनको व्यवस्था गाउँलेहरूले गर्दछन् । खान-पिनको व्यावस्था इच्छा अनुसार व्याक्तिगत अथवा सामुहिक जसले पनि गर्न सक्छन् । ठुक्पा छ्येसी पूजा समाप्त पछि प्रसाद स्वरूप सबै गाउँलेहरूलाई एक-एक वटा पूजाका तोर्माहरू बाँड्नु पर्दछ । यो पुजा सम्पन्न दिन सबै गाउँलेहरू मिलि सामान्य भोजको आयोजना समेत गरिन्छ ।

## (ग) नेसो

तिब्बतीयन पात्रो अनुसार तेस्रो महिनाको पूर्णिमा तिथिमा मनाइने नेसो पर्व वालुङ भोटियाको महत्वपूर्ण पर्व मध्ये एक पर्दछ । यो पर्व सम्पन्न गर्दा गुम्बा तथा कुनै सार्वजनिक स्थल गई तीन दिनसम्म पूजा गरिन्छ ।

खासगरी गाँउमा रोग महामारी नहोस, अनिष्ट, सङ्कट, आपत-विपत नहोस् भन्ने उद्देश्यले गरिने यो पुजामा गुरू रिम्पोछेको पूजा गरिन्छ । नेसो पर्वमा लामाहरूको भूमिका महत्वपूर्ण हुन्छ । यो बेला उनीहरू 'जोङ्गा' (धर्मग्रन्थ) पढ्छन् । वालुङहरूले नेसो पर्व सम्पन्न गर्दा युवा-युवतीहरूद्वारा गुम्बाबाट पुस्तक निकाली गाउँभरि घुमाउने, १८ देखि ६० वर्षभित्रका मानिसहरूले तिर हान्ने (दाजाङ) खेल खेल्ने आदि गर्दछन् । त्यसैगरी भूत-प्रेतको आकृतिको मुकुन्डा लगाई जात्रा तथा नाचगान पनि गरिन्छ । नेसो पुजामा सुँगुर बलि दिनुपर्छ भन्ने मान्यता वालुङहरूमा छ तर आजभोलि सुँगुरको बदला उनीहरूले याक,चौरी बलि दिने गर्दछन् ।

नेसो पर्व मनाउँदा घरलाई सिङ्गार पटार गर्ने, नया ध्वजा फेर्ने तथा सम्पूर्ण नातागोत आफन्तबिच सामुहिक भेला भई रमझम गर्ने, भोजको आयोजना गर्ने साथै शुभकामना आदानप्रदान पनि गर्ने आदि गरिन्छ ।

## (घ) ल्होसार

ल्होसार वालुङ भोटियाहरूले मनाउने महत्वपूर्ण सामाजिक चाड हो । यो चाड तीन दिन सम्म मनाइन्छ । सोनाम ल्होसार, ग्याल्बो ल्होसार र ल्होसार गरी तीन प्रकारको ल्होसार वालुङहरूले मनाउने गर्छन् । जुन नेपाली सम्बत माघ र फागुन महिनामा पर्दछ । ल्होसारलाई वालुङहरूले नयाँ वर्षको रूपमा पनि मनाउने गर्छन् । ग्याल्बो ल्होसार उनीहरूले मनाउने मुख्य ल्होसार हो ।

ल्होसार पर्वको दिन बिहानै कुवा धारा आदिमा गई धूप बत्ती बाली पानी (छुःप्युई) थापिन्छ । वालुङरूका विश्वास अनुसार पहिला कुन घरले पानी (छुःप्युई) थाप्छ, त्यस सालको पानीको सह त्यहीँ घरले लाने छ । ल्होसारलाई नयाँ वर्षको रूपमा पनि मानिएको कारण त्यस दिन

घर सरसफाई, सिङ्गारपटार आदि गरी घरबाट निस्केको फोहोरलाई केही लत्ताकपडा, रुपैँया-पैशा आदि राखी एकान्त स्थानमा लगेर फ्यालिन्छ । यसरी घरको फोहोर फ्याले वर्षभरी रोग व्यधि, ग्रहदशा, दुःख-पिर आदि नआउने विश्वास वालुङहरू गर्छन् । ल्होसारको दिन वालुङहरू नाचगान गर्ने, मामा-मावली जाने, सामुहिक रूपले भोज गर्ने तथा शुभ-कामना आदान-प्रदान गर्ने आदि गर्दछन् ।

## (ङ) चाड-पर्व मनाउने शैलीमा परिवर्तन

वालुङ भोटियाहरूका चाड-पर्व मनाउने शैली विगतको तुलनामा हाल केही फेरबदल भएको देखिन्छ । उदाहरण वालुङहरूको महत्वपूर्ण पर्व 'फुटुक' अघि तामधामका साथ मनाइन्थ्यो तर आजभोली त्यो चाड त्यति भव्यका साथ मनाइदैन । फुटुक जात्राहरू पनि खासै देखाइँदैन । मुख्यकारण आजभोलि वालुङ गाउँमा फुटुक मनाउन लामाहरू त्यति भेटिन्न ।

ल्होसार पर्व मनाउँदा अघि धार्मिक तथा परम्परागत नीति-नियमहरू पुरा गर्नु पर्दथ्यो । जस्तै सबेरै कुवा खोल्सी आदिबाट पानी थाप्ने, पूजा-आजा गर्ने, घरको सबै फोहोर मैला फ्याल्ने, घर-गाउँ सिङ्गारपटार गर्ने, नातागोता सामुहिक भेला भई शुभ-कामना आदान-प्रदान सहित भोजको आयोजना गर्ने आदि सबै गरिन्थ्यो । तर आजभोलि थोरैले मात्र यी मौलिक परम्पराहरूको निरन्तरता दिएको र धेरैले यस्ता पर्वहरूलाई रमाइलोको रूपमा मात्र लिएको भेटिन्छ । बिगतको जस्तो हालः वालुङ चाड-पर्वहरूमा नातागोता, मामा-मावली आदिको जमघट खासै हुँदैन । तर पनि खान-पिन परिकारहरू भने विगतको भन्दा मिठा-मिठा बनाएर खाएको भेटिन्छ । यति भएर पनि अन्यः समुदायको तुलनामा वालुङ भोटियाहरूले आफना मौलिक चाड-पर्वहरूलाई हालसम्म पनि निन्तरता दिँदै आएको देखिन्छ । हिन्दु चाडका अलावा अन्य कुनै पनि चाड-पर्वहरूले उनीहरूलाई हालसम्म प्रभाव पारेको छैन ।

## १३.पुजा/आजा

### (क) लुमो (नाग) पुजा

वालुङहरू लुमो (नाग) पूजा पनि गर्छन् । उनीहरूको विश्वास अनुसार घर नजिक पानीको मुहान, रुखको फेद, ढुङ्गाको चेप आदिमा लुमो (नाग) बसेको हुन्छ । यी जग्गामा अनिष्ट काम गरिए, फोहोर गरिए लुमो (नाग) देवता रिसाई दुःख बिमार हुन सक्छ । त्यसकारण वालुङहरू घर नजिक यस्ता जग्गामा लुमो (नाग) देवताको थान बनाई महिना-महिनमा पूजा गर्दछन् ।

अघि लुमो (नाग) देवतको पूजा गर्दा याक-चौरी बली दिइन्थ्यो तर हाल यसमा फेरबदल भएको छ । यसको पूजा गर्दा सानो बिरूवमा रङ्गी-चङ्गी ध्वजाहरू झुन्ड्यान्छ । रुखको फेदमा तीन थरिका अन्नले भरिएको माटोको भाँडा राख्नु पर्छ । भाँडोमा काँचो घ्यु राखी धूपबत्ती बाल्नु पर्छ । खासगरी यो देवताको पूजा शनिबारको दिन गरिन्छ ।

### (ख) छ्येदा (छ्येदर) पुजा

वालुङहरू छ्येदा (छ्येदर) पूजा पनि गर्छन्  । छ्येदा (छ्येदर) भनेको  भगवानको नामबाट कुनै जनावर (याक/चौरी) लाई पानी चढाउनु हो । वालुङहरू यो पूजा गर्दा व्यक्तिको नामबाट  देवतालाई जनावर चढाउँछन् अथवा देवताको नाममा जनावरलाई पानी (छ्येदर) चढाउँछन् ।  कुन् व्यक्तिको नामबाट पानी (छ्येदर) चढाउने भन्ने कुरा धामी (कुतेम्बाला) तथा लामाले जोखना हेरि निर्णय गर्दछन् । वालुङहरूमा महिला र पुरुष दुवैको नामबाट छ्येदर गर्न सकिन्छ । यो पूजा गर्दा दुःख बिमार नहुने, ग्रह दशा जाने आदि विश्वास उनीहरू राख्छन् । छ्येदा पूजा घरभित्र छ्येसुम थान नजिक गर्नु पर्छ ।

वालुङले छ्येदा गरेको जनावर मार्दैनन् । यी समुदायका जन-विश्वास अनुसार छ्येदा गरेको जनावर नमारिए जनावर बुढो भई काम नलाग्ने तिनको बाँकी आयु जुन व्यक्तिको नामबाट जनावरलाई छ्येदर (पानी) चढाईको हुन्छ , त्यहिँ व्याक्तिकोमा सरी उसको थप आयु बढ्ने गर्दछ । उदाहरणः- ओलाङचुङगोलाबासी पेम्बा दोर्जे भोटियाको नाम हाल एउटा चौरीलाई छ्येदर गरिएको छ । अब त्यो चौरीको आयु २० (बिस) वर्ष भए १५ (पन्ध्र) वर्ष पछि चौरी

बुढो भई काम नलाग्ने हुन्छ । यसरी काम नलाग्ने बाँकी पाँच वर्ष आयु पेम्बा दोर्जे भोटियाकोमा सर्दछ । त्यसकारण छ्येदा पूजालाई वालुङहरू आयु माग्ने पुजा पनि भन्छन् । कुनै कारण छ्येदा गरेको जनावर मरेमा पुन अर्को बदला राख्नु पर्दछ । यो पूजा गर्दा आफन्त नातेदारहरूलाई बोलाएर सामन्य भोजको आयोजना समेत गरिन्छ ।

## (ग) याङ्ढुप पुजा

वालुङले लक्ष्मी (धन-सम्पति) को प्रतिक मानि याङ्ढुप पूजा गर्छन् । याङ्ढुप भन्नाले बाकसमा राखेको धन/सम्पति भन्ने बुझिन्छ । वालुङ भोटिया भाषामा 'याङ' को अर्थ रुपैया पैसा र 'ढुप' को अर्थ वाकस भन्ने लाग्छ ।

घरको सह नजाओस भन्न वालुङ पुर्खाले घरको कुनामा एउटा याङढुप (वाकस) भित्र रुपैया-पैसा, हिरा-मोती लगायत अन्य बहु-मुल्य बस्तुहरू राखेका हुन्छन् । जसलाई याङ्ढुप भनिन्छ । प्रत्येक साल याङ्ढुप (वाकस) को पूजा गर्नुपर्छ । यदी नगरिएमा अथवा घरमा याङ्ढुप नराखिएको खण्डमा गरिबी, सङ्कटकाल, हानी नोक्सानी आदि भइरहने विश्वास वालुङहरू गर्छन् । यो पुजा लामा मार्फत गरिन्छ ।

## (घ) ग्यावो पुजा

ग्यावो वालुङहरूको कुल देवता हो । यो प्रत्येक वालुङ गाउँमा हुन्छ । वंशज, परिवार तथा गाउँ विशेषको आधारले ग्यावो देवताको नाम भिन्न-भिन्न हुन्छ । एक वंशज (परिवार) का ग्यावो पुजा प्रायः उस्कै वंशज (परिवार) ले मात्र गर्दछन् । ओलाङचुङबासी ताम्ला उक्यापले 'छ्येसुम ग्यावो' को पूजा गर्छन् । छ्येसुम ओलाङचुङ बजारको मुख्य ग्यावो हो । बरादोर्जे भोटिया (वालुङ) ले 'बरा ग्यावो' को पूजा गर्छन् । 'बरा ग्यावो' पनि ओलाङचुङगोला जग्गाकै एउटा ग्यावो हो । त्यसैगरी भुटिक भोटियाले 'रिहु ग्यावो' को पूजा गर्छन् । 'रिहु' ग्यावो तिब्बतको रिहु भन्ने जग्गाबाट उत्पन्न भएको देवता हो । भुटिक तिब्बतको रिहुबाट विवाह भएर ओलाङचुङगोलामा आएका हुन् । ग्यावो पूजा प्रत्येक साल चैत्र शुक्ल पूर्णिमाको दिन गरिन्छ । अन्य ध्वजा/पत्ता लगाउने, धूप-दियो वाल्ने आदि चाहिँ महिना-महिनमा पनि गरिन्छ । ग्यावोको पूजा गर्दा पाँच रङ्का ध्वजा-पत्ता लगाउनु पर्छ । वालुङ् जनविश्वास

अनुसार ग्यावो देवताले खासै पिराउँदैन तर ग्यावो थानमा फोहोर गरिएमा, अनैतिक काम गरिएमा सामन्य दुःख भने दिने गर्छन् ।

# १४.राजनैतिक प्रणाली र सहभागिता

वालुङहरू नेपालको आधुनिक राजनीति प्रणालीमा थेर-थोर सहभागि भएको देखिए पनि अन्य जाति-समुदायको तुलनामा भने यी समुदायहरू कम सङ्ख्याले मात्र नेपालको केन्द्रीय राजनीतिमा सहभागी भएका देखिन्छ । यति हुँदा-हुँदै उनीहरूको क्षेत्र ओलाङचुङगोला क्षेत्रमा भने वालुङ बाहेक अन्य जाति समुदायको बसोवास नभएको कारण स्थानीय तवरका सामाजिक संङ्गठनका पदहरूमा भने उनीहरूको सम्लग्नता राम्रो नै रहेको देखिन्छ ।

## (क) परम्परागत शासन ब्यावस्था

वालुङहरूको आफ्नै किसिमको परम्परागत शासन व्यवस्था छ । यस व्यवस्थालाई गोभाङ्गी शासन व्यवस्था भनिन्छ । गोभाङ्गी शासनभित्र एक जना गोभा (गोवा) हुन्छन् । उक्त गोभा (गोवा) ले केन्द्रीय सरकारको आदेश अनुसार लालमोहर मार्फत् निश्चित क्षेत्रको रेखदेख गर्ने अधिकार पाएको हुन्छ । खासगरी गोभा (गोवा) ले रेख-देख गर्ने अधिकार पाएको क्षेत्रलाई नै गोभाङ्गी क्षेत्र भनिएको हो । गोभाङ्गी शासनलाई सु-व्यवस्थित गर्न गोभाङ्गी क्षेत्रका प्रत्येक गाउँहरूबाट गोभा (गोवा) को सहयोगको लागि अन्य कर्मचारी जस्तै मझिया, काजी, कारबरी, विचारी, नाइके, टाले आदि पनि चयन गरिएको हुन्छ । आफ्नो पद अनुसार उनीहरूलाई कामको बाँड-फाँड गरिएको हुन्छ । जुन कामहरू गोभा (गोवा) को आदेश अनुसार हुने गर्दछ ।

### गोभा (गोवा)

गोभा (गोवा) वालुङ गोभाङ्गी क्षेत्रका मुख्य व्यक्ति हो । यो गोभा वंशजको आधारले चयन हुन्छ । वालुङहरूमा सिवा (सिजावा) वंशिका उक्याप (उक्याप्पा) परिवारहरू गोभा हुने गर्दछन् (Haimendorf 1975:127) । वालुङ गोभा (गोवा) ले गोभाङ्गी क्षेत्रभित्र पर्ने पाँचवटा गाउँ (:ओलाङचुङगोला, याङमा, घुन्सा, लुङथुङ लेलेप) को रेखदेख गर्दछन् । अघि यी पाँचैवटा गाउँबाट गोभाले भूमिको माल र सिमानामा उठाईने भन्सार माल (कर) मझिया मार्फत् उठाएर धनकुटाको माल कार्यालयमा बुझाउने (Hooker,1987:220) गर्दथे । स्थानीय

तवरमा सरकारी आदेश कार्ययन् भए नभएको सवै जानकारी सरकारलाई दिने काम पनि उसैले गर्दथ्यो । गम्भीर मुद्दाको फैशला गर्न, क्षेत्रीय शासनको व्यवस्थापन् गर्न तथा गाउँका अन्य समस्या जस्तैः-सार्वजनिक विकास विस्तार, बाटो-घाटोको निर्माण, नयाँ कार्य योजनाको प्रारम्भ, न्याय दण्ड जरिवानाको दायरा आदिको हेरविचार गर्ने पूर्णरुपले अधिकार पनि गोभालाई नै हुन्छ । ओलाङचुङगोलामा तेन्डु सोनाम भोटिया, तेन्जीङ भोटिया, ग्याल्चेन, लान्देन्ला, दोर्जेनाम्ग्याल आदि वालुङ भोटेहरूले (उक्याव,२०६६:११५) गोभा पद चलाएका छन् । आजभोलि वालुङहरूमा गोभा प्रथा छैन ।

## मझिया

वालुङ गोभाङ्गी क्षेत्रभित्रको प्रत्येक गाउँमा गोभाको सहयोगी एक जना मझिया नियुक्ति गरिन्छ । जो गाउँको जनसङ्ख्याको आधारले चयन हुन्छ । सामान्यतया मझियाहरू पनि वंशजकै आधारले चयन गरिन्छ । निर्धारित क्षेत्रभित्र मझियाको अधिकार गोभा समान हुन्छ । गाउँमा रैतीलाई मिलाएर राख्ने, रैतीबाट कर असुल्ने र गोभालाई बुझाउने काम उसैबाट हुन्छ । त्यसैगरी गाउँका विकासे कार्यहरू कसरी सञ्चालन गर्ने, भइपरी आउने समस्यालाई कसरी समाधान गर्ने, पाटी-पौवा, बाटो-घाटोहरू कहाँ कसरी बनाउने आदि कुराको उर्दि लगाउने काम पनि मझियाले नै गर्छन् । जोखिम्पूर्ण मुद्दाहरू बाहेक अन्य जस्तैः-स्थानीय तवरका अपराध, कानुन, दण्ड जरिवाना, पातकी छुतकी सबै मझियाले हेर्छन् ।

## काजी

गोभा प्रचलनभित्र एक जना काजी चयन गरिन्छ । काजीले स्थानीयका कुराहरूबारे गोभालाई सर-सल्लाह दिने काम गर्छन् । त्यसैगरी गोभाले जारि गरेका आदेशहरू स्थानीय जनतालाई पालना गर्न लगाउने, सभा सम्मेलनामा जनतालाई बोलाउने आदि काम पनि काजीले नै गर्छन् । हालसम्म ओलाङचुङमा देवी काजी, छङ्वा डिठ्ठा, सोना ताप्गेला, गुलीला र जयाङ्ला गरी जम्मा पाँच जना वालुङले काजी पद सम्हालेका देखिन्छ ।

## विचारी

विचारीले गाउँमा घटनाहरू भए घटनाको जाँचबुझ गरी सत्य-तथ्य निक्र्योल गर्ने र गोभा वा मझियालाई जानकारी दिने काम गर्छन् । खासगरी विचारी कै निर्णय अनुसार सजायको दायरा निर्धारण गरिन्छ । कामको लेखा/जोखा तथा हिसाब/किताब राख्ने काम पनि विचारीले नै गर्छन् । विचारीको सम्बन्ध प्रत्यक्ष रूपले स्थानीय जनतासँग हुन्छ । अध्ययन क्षेत्र ओलाङचुङमा पिन्चुङ, तेन्जिङ धार्के, गिर्मे नोर्बु गरी तीन जना वालुङ भोटियाले विचारी पद लिएका (उक्याव,२०६६:६८) देखिन्छ ।

## कारबारी

गोभा प्रथाभित्र आर्थिक कारोबारको लेखाजोखा गर्न एक जना कारबारी छानिन्छ । खासगरी आफ्नो क्षेत्रभित्रका मझियाले रैतीबाट उठाएका माल, प्रशासनिक व्यवस्थापनमा लाग्ने खर्च तथा भइपरि आएका खर्चको हिसाब/किताब आदि कारबारीले हेर्छन् । ओलाङचुङमा माइला सोनाम वाङ्ग्याल, दजिङ, लाक्पा आदिले कारवारी पद चलाएको देखिन्छ । आजाभोलि पनि छिटफुट रूपले कारबारीका सन्तान भेटिन्छ ।

## नाइके

वालुङहरूको परम्परागत शासन व्यवस्था गोभाङ्गीभित्र कुनै नयाँ कार्य थालनी गर्दा त्यसलाई पूर्णता दिन जिम्मेवारी बहन गर्न सक्ने एक जना नाइके (मूली) छानिन्छ । नाइके प्रत्येक गाउँमा एक-एक जना राखिन्छ जो गोभाले नियुक्ती गर्छन् । नाइकेले गोभा तथा मझियाले गाउँमा सभा सम्मेलन (कचहरी) आदि सम्पन्न गर्दा गाउँका मान्छेहरूलाई बोलाउने । एक अर्कामा सुचना आदान/प्रदान गर्ने गोभाले उर्दी गरेका आदेश, निर्देशनहरू पाँचवटा गोभाङ्गी गाउँसम्म पुऱ्याउने, स्थानीय जनतालाई गोभाको आज्ञा पालन गर्न लगाउने आदि काम गर्दछ ।

## टाले (होक्तेवा)

स्थानीय तवरका गतिविधिलाई व्यवस्थित गर्न, सूचना आदान/प्रदान गर्न गोभाले प्रत्येक गाउँबाट एक वा दुई जनाको दरले टाले (होक्तेवा) नियुक्ति गरेका हुन्छन् । टाले (होक्तेवा)

को मुख्य काम गाउँमा भएका अपराधिक कार्य, चोरी डकैती, हत्या, हिँसा लगायत जोखिम्पूर्ण घटनाका खबर गोभा, विचारी मझिया तथा सरोकारवाला व्यक्ति कहाँ पुऱ्याउनु हो । अवस्था अनुसार त्यस्ता अपराधिक मान्छेलाई पक्डेर गोभा, मझिया कहाँ लाने काम पनि टालेले  गर्दछ ।

## (ख) गोभाङ्गी प्रथाको अन्त्य

लामो समय वालुङहरूमा चलेको गोभाङ्गी प्रथा देशको राजनैतिक उतार-चढावका कारण पछिल्लो कालमा पूर्ण रूपले अन्त्य भएको छ । खासगरी वि.सं. २००७ सालपछि आएको नेपालको राजनैतिक परिवर्तनले गोभाङ्गी प्रथाको अन्त्य हुनमा ठुलो भूमिका खेलेको छ । मूख्यकारण वि.सं.२००७ सालपछि नेपालमा आएको राजनैतिक परिवर्तनले ओलाङचुङगोला क्षेत्रमा केन्द्रीय तहका कर्मचारीहरूले प्रवेश पाउन थाले । वि.सं. २०१२ सालतिर उक्त जग्गामा एउटा प्रहरी प्रशासन पनि बस्यो (थापा,२०६५:१८५) । हिजो स्थानीय गोभाले हेरेका पाँचगाँउहरू अब सरकारी अड्डा तथा अमिन्ले हेर्न थाल्यो । अघि ओलाङचुङगोला क्षेत्रका सम्पूर्ण जग्गाको नाप-जाँच गोभाङ्गी प्रथा मार्फत् गरिन्थ्यो । मानौ त्यस क्षेत्रमा बस्ने कुन घर-परिवारलाई आवादीको लागि कति जग्गा दिनुपर्ने अथवा कसलाई भोगचलनको निम्ती कुन क्षेत्रको जग्गा दिनु पर्ने आदि सबै निर्णय गोभाले गर्दथ्यो । जग्गा भोग चलान गर्ने जनताहरूबाट कर उठाएर सरकारलाई बुझाउने पनि गोभाले नै गर्दथ्यो । तर त्यो काम पछि अमिनले हेर्न थाल्यो । त्यहाँका निति-नियम तथा कानुनी प्रक्रियाहरू अड्डा अदालत मार्फत् हेर्न थालियो । नेपालको केन्द्रीय सरकारले रेखदेख गर्न सुरू गरेको केही समय लगतै छिमेकी राष्ट्र भारतले पनि ओलाङचुङगोलामा एउटा चेकपोष्ट राख्यो । खासगरी सन १९५९ तिर चाइनाले तिब्बतलाई स्वायत क्षेत्र घोषित गरेपछि आफ्नो देशको सुरक्षाको लागि भारतले नेपालको केही उत्तरी भागहरूमा चेक पोष्ट राख्ने अभियान सुरु गरेका थिए । ओलाङचुङमा भारतिय चेकपोष्ट राखे पछि धेरै भारतीय सैनिकहरू त्यस क्षेत्रमा तैनाथ गरिए । यसरी ओलाङचुङगोलमा अन्य विभिन्न निकायबाट पनि कर्मचारीहरूको प्रवेशक्रम बढ्दै गयो ।

नेपालको राजनीतिले फेरि नयाँ धार लियो । वि.स २०१७ तिर नेपालमा राजतन्त्रात्मक पञ्चायती ब्यावस्था लागु गरियो । पञ्चायती ब्यावस्थासँगै गाँउ-गाँउमा प्रधानपञ्च राख्ने निर्णय भयो । त्यसैताक वि.सं. २०१८ सालतिर ओलाङचुङगोला क्षेत्रलाई पनि एउटा गाउँ-

पञ्चायत बनाई त्यहाँको स्थानीय राप्ताङ भोटियालाई ओलाङचुङ गाउँ-पञ्चायतको पहिलो प्रधानपञ्च बनाउने निर्णय गरियो । त्यसपछि ओलाङचुङगोला क्षेत्रको हेरचाह प्रधानपञ्चले गर्न थाल्यो । स्थानीय गोभाङ्गी प्रथाभित्रका मौलिक अधिकारहरू क्रमशः न्यून हुँदै गयो । पञ्चायती व्यावस्था लागु भएको केही वर्ष पश्चात वि.सं. २०२१ साल तिर नेपालमा नयाँ भूमि सुधार ऐन सुरु भयो । उक्त भूमि सुधार ऐन लागू गरे पश्चात् भने सरकारी निकायबाटै गोभाङ्गी प्रथाको अन्त्य गरियो । अन्त्यमा गोभा दोर्जे नाम्ग्यालको पाला वि.सं. २०२४ सालपछि भने ओलाङचुङगोला क्षेत्रमा पूर्ण रूपले गोभाङ्गी प्रथाको अन्त्य भयो । त्यसपछि धेरै वालुङ गोभा भोटियाहरू ओलाङचुङगोलाबाट अन्यत्र विस्थापित भए ।

## (ग) राजनैतिक संलग्नता

भौगोलिक रूपले अन्यः समुदाय भन्दा टाढा रहेका वालुङ भोटियाहरू लामो समय आफ्नै स्वायत्त शासनमा चलेको देखिन्छ । खासगरी उब्जाउ बिहिन क्षेत्रमा वालुङहरू बसोवास गर्ने भएकाले धेरै समय उनीहरू व्यापार-व्यवासय मै बिताउने गर्छन् । त्यसकारण राजनैतिक तथा अन्य सामाजिक क्षेत्रमा यी समुदायले कम् मात्र समय दिएको भेटिन्छ । वालुङहरूको प्रवेश नेपाली राजनीतिमा त्यति पुरानो छैन । खासगरी पञ्चायती व्यवस्था लागु भएपछि मात्र छिटफुट वालुङहरूले नेपाली राजनीतिमा प्रवेश गरेको देखिन्छ । यसरी राजनीतिमा प्रवेश हुने वालुङहरूको नामावली तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका न.११

| क्र.स | नाम | पद |
|---|---|---|
| १ | छ्वाङडन्दु भोटिया | पञ्चायत सभापति |
| २ | रप्काङ भोटिया | प्रधानपञ्च |
| ३ | ग्युर्मे टासी भोटिया | प्रधानपञ्च |
| ४ | ग्युर्मे नुर्भो | उप-प्रधानपञ्च |
| ५ | पान्जो शेर्पा | प्रधानपञ्च |
| ६ | दावा शेर्पा | वामपन्थी नेता |
| ७ | किपा शेर्पा | गाविस अध्यक्ष |
| ८ | चुङदाक शेर्पा | गविस अध्यक्ष |

(स्थलगत अध्ययन २०६९ मा वालुङ जानिफकारहरूसँग लिएको जानकारीमा आधारित)

नेपालको आधुनिक राजनीतिमा वालुङ समुदायबाट छ्वाङडण्डु भोटिया पहिलो पल्ट पञ्चायत सभापति भएका थिए । त्यसपछि वि.सं.२०१८ सालतिर ओलाङचुङगोला गाउँ-पञ्चायतबाट स्थानीयबासी राप्काङ भोटिया (जेठो कारबारी) प्रधान पञ्च भयो । ग्युर्मे टासी (माइलो गोवा) पनि लामो समयसम्म प्रधानपञ्च भए । अर्का ग्युर्मे नुर्भो भोटियालाई उप-प्रधानपञ्च बनाइयो । गाउँ-फर्क अभियान पछि मनोनित रूपमा पाँजो शेर्पालाई पनि प्रधानपञ्च बनाइयो । वि.सं. २०३४/०३५ देखि लामो समयसम्म दावा नुप्पु भोटिया वामपन्थी (कम्निष्ट) आन्दोलनमा लागे । वि.सं. २०४६ को आन्दोलनपछि किपा शेर्पा र चुङ्दाक् शेर्पा गाविस अध्यक्ष भए । पासाङ हिरा छुम्बेलाई उपाध्यक्ष बनाइयो ।

## (घ) परम्परागत न्याय प्रणाली

वालुङहरूको परम्परागत न्यायः व्यवस्था आफ्नै किसिमको छ । अघि वालुङ क्षेत्रमा अड्डा/अदालत थिएन । धर्म र सत्यको आधारले उनीहरू न्याय-निसाफ गर्दथे । सबै किसिमको मुद्दाको फैशला लामा मार्फत् गुम्बामा गरिन्थ्यो । ओलाङचुङगोला बजारभित्र स्थानीय वालुङले जस्तो किसिमको अपराधिक कार्य गरे पनि अपराधिले माथि देगो भन्ने जग्गामा रहेको दिक्किछ्योलिङ गुम्बाको प्रवेशद्वार (कानी) लाई काटेर गुम्बाभित्र प्रवेश गरिसकेपछि अपराधि पूर्णरूपले लामाको अधिनमा हुन्थ्यो । कस्तो सजाय दिने लामाकै तजबिजमा हुन्थ्यो । गाउँलेहरूले कही गर्न पाइन्नथ्यो । वालुङहरू न्यायको अन्तिम फैशला धार्मिक ग्रन्थ दोमाङ छोएर गर्दछन् । मसिना सामाजिक घटना जस्तैः- चोरी, डकैती, कुटपिट आदि उनीहरू छिमेकी नातेदारको पहलबाट मिलाउने गर्दछन् । आफन्तले मिलाउन नसकेको मझियाले हेर्छन् । पुनः मझियाले हेर्न नसकेको जटिल मुद्दा मात्र गोभाले हेर्दछन् ।

वालुङहरूको परम्परागत प्रणालीभित्र न्याय माग्न जाँदा दस्तुर लाने चलन छैन । बरू गल्ती गरे वापत दोषी उपर कारवाई गरी पीडित माथि माफी माग्न गाउँलेहरूले अभियुक्तलाई पीडितको खुट्टामा सोरूक (रक्सी) राखी ढोगेर माफी माग्न लगाउँछन् । न्याय चित बुझ्दो नभएमा गोभाको आदेश बमोजिम दोषी र पीडित दुवैलाई सत्य-तथ्यको लागि धर्म ग्रन्थ ‘दोमाङ’ छोएर अथवा अभियुक्तको टाउकोमा दोमाङ र हातमा दियो राखेर बोल्न लगाइन्छ । वालुङहरूको मान्यता अनुसार दोमाङ छोएपछि सत्य कुरा बोल्नु पर्छ ।

अन्य सामाजिक कुरामा पनि वालुङको आफ्नै किसिमको नीति-नियम अथवा न्याय प्रणाली छ । नयाँ मान्छे भैयाद बनाउँदा, धर्म पुत्र राख्दा मझिया अथवा गोभाको आदेश बमोजिमको नियम पुरा गर्नुपर्छ । गाउँको कुनै व्याक्तिले अवैध रूपमा सम्बन्ध राखेर विवाह अघि पेट बोकेमा गाउँ दूषित भएको सम्झन्छन् । त्यसकारण गाउँलाई शुद्ध बनाउन जरिवाना स्वरुप त्यस्ता व्यक्तिलाई पुस्तक बोकाएर गाउँभरी घुमाइन्छ । तर हाड-नाताभित्रै सम्बन्ध राखि पातकी/छतकी भएमा दुवै जोडीलाई गाउँ निकाला गरिन्छ । त्यस्ता मानिसलाई वालुङले सिमाना पारी भारतको सिक्किम दार्जिलिङ आदि ठाउँमा पठाउने गर्छन् । केही स्थानीयबासीहरूको भनाइ अनुसार अघि वालुङ क्षेत्रमा हाडनाता विग्रेका मानिसलाई याकको छालाबाट बनाइएको बोराभित्र लगाई नजिकको खोलामा फ्याल्ने गरिन्थ्यो । तर पछिल्लो कालमा यो प्रथा चलेको त्यति जानकारीमा आएन ।

## १५.स्वास्थ्य

वालुङ क्षेत्र ज्यादै विकट जग्गामा रहेको हुनाले मानवीय सेवा र सुविधाहरू त्यस जग्गामा खासै पुगेको छैन । हाल ओलाङचुङगोला बजारमा एउटा उप-स्वास्थ्य चौकी रहेको पाइए पनि त्यो त्यति व्यवस्थित छैन । सरकारी तवरबाट स्वास्थ्य सम्बन्धी खटाइएका कर्मचारीहरू समेत त्यस क्षेत्रमा जान त्यति मान्दैनन् । त्यसकारण ओलाङचुङबासी वालुङहरू स्वास्थ्य सम्बन्धी डक्टरी उपचार गर्नु परे सामान्य उपचारको लागि पनि लेलेप अथवा जिल्ला अस्पताल फुङ्लिङ बजार झर्ने गर्दछन् ।

समग्र रूपमा वालुङहरूको चेतना स्तर राम्रो रहेको देखिए पनि उनीहरूको मूल थल्लो अथवा अध्ययन क्षेत्र ओलाङचुङगोलाबासी वालुङहरूमा भने हालसम्म पनि चेतना स्तर सामान्य नै देखिन्छ । उनीहरूले पुरातन् किसिमको जीवनशैली अपनाउँदै आइरहेका छन् । दुःख बिमार हुदाँ तान्त्रिक धामी कुतेम्बाला मार्फत झारफुक गर्दछन् । परम्परागत आयुर्वेदिक औषधीहरू प्रयोग गर्छन् । केही स्थानीयवासीहरूको भनाइ अनुसार बिगतमा ओलाङचुङगोलातिर आयुर्वेदिक उपचार गर्ने बैद्य (आम्ची) हरू पनि हुन्थे तर आजभोली त्यस जग्गामा बैद्य (आम्ची) हरू छैनन् ।

ओलाङचुङबासी वालुङहरू घरको मुनी तला (होकाङ) मा वस्तु/भाउ राख्ने गर्छन् । घर नजिक सामान्य झारपातबाट छेकबार गरिएको शौचालयहरू पनि बनाएका हुन्छन् । त्यहाँका

सबै वालुङ घरहरूले शौचालयको उचित ब्यावस्था गरेका छैनन् । कन्चन्जङ्घा सरक्षण क्षेत्र परियोजना (के-क्याप) ले वि.सं. २०६२ सालतिर ओलाङचुङगोला बजारमा १० वटा शौचालयको व्यवस्था गरे पनि त्यो सबै शौचालय त्यति प्रयोगमा आएको छैन । ओलाङचुङबासीहरू आफ्नो घर तथा वस्तीहरूको सर-सफाएमा कम् मात्र ध्यान दिन्छन् । अत्यन्त चिसोका कारण उनीहरू नुवाई/धुवाई पनि त्यति गर्दैनन् । शैक्षिक चेतना तथा प्रचार प्रसारको अभावले दुःख विमार हुदाँ के-कसरी उपचार गर्ने, फोहोर मैला गर्दाको परिणाम के हुन्छ आदिबारे जति चेतना हुनु पर्ने हो त्यति उनीहरूमा छैन । यौन समस्या सम्बन्धी चेतना पनि ओलाङचुङबासी वालुङहरूमा त्यति देखिएन । तालिम प्राप्त मासिका तथा सुँडेनीहरूको अभावले दिनानुदिन त्यस क्षेत्रमा सुत्केरी आमा र बच्चाको ज्यान जाने क्रम बढिरहेको छ । अन्य दुर्घटनामा पर्ने अथवा सामान्य रोगबाट ग्रसित भएका विरामीहरू समेत औषधी उपचारको अभावले ओलाङचुङतिर अकालमै मृत्यु हुने गर्दछ ।

## (क) परम्परागत आयुर्वेदिक उपचार प्रणाली

वालुङहरू आयुर्वेदिक उपचार गर्दा खासगरी जडीबुटीको प्रयोग गर्दछन् । कस्तो विरामी हुँदा कुन जडीबुटी खाने, चोटपटक लाग्दा के-कस्तो जडीबुटी कसरी खाने आदिबारे उनीहरूलाई राम्ररी ज्ञान छ । अचानक भइपरी आउने दुर्घटना अथवा दुःख बिमार हुँदा प्रयोगको लागि वालुङहरू विभिन्न किसिमका आयुर्वेदिक ओखतीमूलोहरू जस्तैः- पाँचऔले, बुढो-ओखती, पदमचाल आदि घरैमा जतन् गरेर राख्दछन् । अन्य घरमा आगन्तुक पाहुनाहरूलाई समेत कोशेली स्वरूप यस्ता ओखतीहरू दिने अथवा ओखतीको प्रयोगबारे परामर्श दिने आदि काम पनि उनीहरूले गरेको देखिन्छ ।

वालुङहरू दवाइ ख्वाउन भन्दा अगाडि विरामीका रोगको प्रकृति हेर्दछन । रोगको प्रकृति हेर्न वालुङ क्षेत्र ओलाङचुङगोलामा अघि तिब्बतीयन वैद्य (आम्ची) हरू पनि राखिएको हुन्थ्यो भन्ने केही स्थानीयवासीहरूको भनाइ छ । वैद्य (आम्ची) ले बिरामीको नाडी छामेर रोग पता लगाउने गर्दथ्यो । तर आजभोली त्यस क्षेत्रमा यस्ता वैद्य (आम्ची) हरू छैनन् । वालुङहरू उच्च रक्तचाप भएमा  कुर्किको धुलो घोलेर खाने गर्छन् । अन्य ज्वरो आएमा, पखाला चलेमा चिराइतो तथा बिखोमाको मसिनो धुलो पिसेर त्यसको रस बनाएर खान्छन् । चिराइतोको रसले शरीरका सम्पूर्ण भागमा दल्ने काम पनि गर्छन् । त्यसैगरि जिउ खाएमा, ढाड-कम्मर दुःखेमा अथवा छाती दुःखेमा पाखन्वेत (बुढो ओखती), खोकिम् जस्ता

ओखतीहरू खाने गर्छन् । यस समुदायमा खोकीम्लाई चियाको परूमा खाएको पनि भेटिन्छ । वालुङ भोटियाहरू अचानक दुर्घटना परेर घाउ/चोट लागेमा, हात कम्मर मर्केमा अथवा ढाड कम्मर सर्केमा पाँच औंले, सेपोगुन्डम (सर्मगुरु) जस्ता ओखतीहरू प्रयोग गर्दछन् । यसका साथै गर्भिणी महिला तथा अन्य कुनै पनि बिरामीलाई विमारको अवस्था अनुसार एवं प्रकारले नै वालुङहरू जडीबुटी ख्वाउने गर्दछन् ।

## (ख) तान्त्रीक (धामी/झाँक्री) उपचार प्रणाली

तान्त्रिक (धामी-झाँक्री) उपचार प्रणाली भन्नाले झारफुक विधिबाट विरामीको उपचार गर्नु भन्ने बुझिन्छ । वालुङहरू आयुवेदिक उपचारबाट बिरामी जाति भएन भने तान्त्रिक कुतेम्बाला (धामी-झाँक्रि) को प्रयोग गर्दछन् । वालुङहरू देवी-देवता, भूत-प्रेत तथा बोक्सी-डाहीप्रति पनि बढी विश्वास राख्छन् । खासगरी यी समुदायहरू स्थानीय देवी-देवता जस्तैः ग्यावो, चैं आदिले बढी दुःख दिन्छ भन्ने विश्वास गर्दछन् । उल्लेखित यी देवी-देवताहरूले दुःख दिए मानिस विरामी हुने, गाउँ-घर खरेडी लाग्ने तथा पशु-प्राणी मर्ने आदि जन-विश्वास वालुङहरू गर्दछन् । कहिले-काहिँ यस्तो देवी-देवताले दुःख दिदा मानिसको ज्यान समेत जाने आशंका पनि उनीहरू गर्दछन् ।

वालुङ समुदायमा तान्त्रिक उपचार गर्दा सबै भन्दा पहिला धामी (कुतेम्बाला) मार्फत् 'ल्हो' तथा जन्मबार आदिको आधारबाट विरामीको जोखना (मोप्ता) हेर्ने काम गरिन्छ । कहिलेकाहीँ यस्ता विरामीको जोखना (मोप्ता) लामा मार्फत् धार्मीक ग्रन्थ (दोमाङ) पढाएर पनि हेराउन सकिन्छ । यसरी जोखना हेराई सकेपछि लामा र धामी (कुतेम्बा) दुवै मार्फत् उपचार गराउन सकिन्छ । फरक चाहिँ के हो भने लामाले लिखित पुस्तक पढेर विरामीको उपचार गर्छन् तर धामी (कुतेम्वा) ले अलिखित मुखाकिरित प्रकृया (थुतुरे बेद) बाट उपचार गर्छन् । वालुङहरू पुजा/पाठ गर्दा बलि हिंसा गर्दैनन् ।

# अध्याय - छ

# आर्थिक व्यवस्था

## १.आय आर्जनको श्रोत

वालुङ बस्ती ओलाङचुङगोला क्षेत्रमा बन्दाकोपि र भोटेमुला बाहेक अन्य केही पनि उब्जाउ नहुने भएकोले अघि पितृ-पुर्खा देखि नै त्यहाँका स्थानीय वालुङ भोटियाहरूले जीवन गुजाराको लागि पशुपालन तथा ब्यापार-व्यवसाय गर्दै आइरहेका छन् । त्यसकारण आर्थिक सवालमा नेपालका अन्यः क्षेत्र तथा जाति-समुदायहरू भन्दा यी वालुङ भोटिहरूको आर्थिक अवस्था केही मात्राले राम्रो देखिन्छ । उनीहरूको आय-आर्जनका मुख्य श्रोतः व्यापार/व्यवसाय, पशुपालन, जडीबुटी सङ्कलन, निजामति जागिर तथा स-साना घरेलु उद्योग आदि पर्दछ । वालुङहरूको  मूल बस्ती ओलाङचुङगोला क्षेत्र पयर्टकहरूको लागि उपयुक्त ठाउँ भए पनि नेपालका अन्य हिमाली समुदायहरू झैँ यी वालुङ समुदायहरू पर्यटन् व्यवसायमा लागेका चाँहि त्यति देखिन्न (Haimendorf,1984: 74) । यस सोध-पत्रमा छानिएको ओलाङचुङगोला बजारका ३२ वटा वालुङ घरहरूमा वि.सं. २०६९ तिर गरिएको क्षेत्र-कार्य अध्ययन अनुसार हाल उनीहरूले अपनाइ रहेको पेशा अथवा कुन पेशामा कति वालु-परिवारहरू सम्लग्न छन् भन्ने कुराको परिणाम तलको तालिकामा देखाइएको छ ।

तालिका न.१२

| क.स | पेशा तथा व्यापार | घर-परिवार सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| (१) | घरेलु उद्योग | १८ | ५६.२५% |
| (२) | सरकारी कर्मचारी | २ | ६.२५ % |
| (३) | व्यापार | ४ | १२.५ % |
| (४) | ज्यालादारी तथा अन्य कृषि | ५ | १५.६२ % |
| (५) | पशुपालन | ३ | ९.३७ % |
| (६) | जम्मा | ३२ | १०० % |

(स्थलगत अध्ययन् २०६९)

माथिको तालिका अनुसार घरेलु उद्योगबाट घर धान्ने वालुङहरू १८ परिवार देखिन्छन् । यो कुल सङ्ख्याको ५६ % (प्रतिशत) हुन्छ । सरकारी सेवाबाट २ घर देखिन्छ । यो कुलः सङ्ख्याको ६ % (प्रतिशत) हुन्छ । व्यापारबाट घर धान्ने ४ घर देखिन्छ । यो कुल सङ्ख्याको १२ % (प्रतिशत) हुन्छ । त्यसैगरी ज्यालादारी र पशुपालनमा क्रमशः ५ र ३ परिवार छन् । यो कुल छनौट परिवार सङ्ख्याको १६ % (प्रतिशत) र ९ % (प्रतिशत) हुन जान्छ ।

## (क) व्यापार/व्यवसाय

वालुङहरूको जीवन धान्ने मूल आधार व्यापार/व्यवसाय हो । उनीहरू आन्तरिक र बाहिऱ्य गरी दुई तरिकाले  व्यापार गर्दछन् । वालुङहरूका मूलः व्यापारिक केन्द्र तिब्बत, नेपाल र भारतका विभिन्न शहरहरू पर्दछ । अघि उनीहरू ब्यापार गर्न  माथिल्लो भेगमा तिब्बतको सार, रिउ, कुडो हुँदै सिगाक्चे, ल्हासासम्म पनि पुग्दथे । तल्लो भेगमा वालुङ ब्यापारिक मार्ग ताप्लेजुङ, तेह्रथुम, धनकुटा, धरान र विराटनगर हुँदै भारतको कलकता डिल्ली बम्बैसम्म पुग्दथे (Haimendorf 1975:12) तिब्बत (भोट) देखि उनीहरूले नुन, स्वीटर आदि ल्याउने गर्दथे ।

वालुङ भोटियाहरू तिब्बत (भोट) बाट भोटे नुन, भुवा, उन, भ्याङलुङ, च्याङग्रा, जुता, मोजा सिरक, भुवादार टोपी, कटनको कपडा, छाला, गलैंचा बुन्ने धागो, मुगा, सिमाला, शङ्ख, ब्याट्रि, मग, चुरोट आदि आयात गरी नजिकको बजार ताप्लेजुङ तेह्रथुम, धनकुटा तथा काठमाडौ हुँदै भारतको दार्जिलिङ, कालिम्पोङ र कलकता सम्म निर्यात गर्दछन् । पुनः कालिम्पोङबाट रङ् अरेन्डी कपडा, रेडिमेन्ट कपडा,प्लास्टिकको कप, घडि, महिलाले लगाउने होड्ज्युक, ध्वजा, उन रङ्गाउने रङ्, धागो खरिद गरी धरान, विराटनगर ताप्लेजुङ हुँदै तिब्बतसम्म निर्यात गर्दछन् । ढुवानीको लागि उनीहरू याक, डिम्जो उराङ आदि प्रयोग गर्छन् । कतिपय मसिना व्यापारहरू वालुङहरूले आफ्नै छेत्रभित्र पनि गर्छन् । याङ्मा, घुन्सा, ग्याब्ला जस्ता नजिक गाँउमा देशी तथा तिब्बती सर-समानहरू निर्यात गरी ती गाउँहरूबाट आलु, याक/चौरीको बच्चा आदि आयात गरी तिब्बत लान्छन् ।

वालुङहरु सिप/कला, होटल ब्यावासय तथा पाहुना सत्कार गर्न पनि त्यतिकै सिपालु छन् । अघि उनीहरू हिउँदको छ महिना (कार्तिकदेखि चैतसम्म) बासस्थान क्षेत्रको तल्लो भेग तापेथोक, तावा, थिवा, मित्लुङ आदि जग्गामा झरी सामान्य कटेरो (हेर्नुहोस् परिशिष्ट १)

बनाएर जाँड, रक्सी, तोङवा आदिको व्यापार गर्दथे । आजभोलि पनि आय आर्जन गर्न उनीहरूले घरैमा स-साना होटल तथा किरानी पसलहरू थापेका देखिन्छ । चौरीको नौनी, चीज घ्यु घरैमा बनाई अन्य बजार तिर निर्यात गर्छन् । साथैः जडीबुटी सङ्कलन गर्ने, राडीपाखी, स्वीटर तथा गलैँचा बुनि ताप्लेजुङ काठमाडौं लगायत तिब्बतसम्म निर्यात गर्ने काम पनि गर्छन् । । वि.सं. २०६५ सालमा मात्र वालुङहरूले एक करोड बराबरको जडीबुटी तिब्बत तिर निकासा गरेका (लिम्बू/गुरुङ,२०६६:७) थिए । प्रत्येक वर्ष वालुङहरूले घर बुना ६०० (छ सय थान) गलैँचा मध्ये ५० (पचास) थान जति नजिकको गाउँघरमा, त्यसैगरी ३०० (तीन सय थान) ताप्लेजुङ बजारमा, २०० (दुई सय) थान काठमाडौँमा र ५० (पचास) थान तिब्बतमा वितरण गर्दछन् (केसी,२०५९:१) । पाँचदेखि छ महिनासम्म उनीहरू व्यापारमा लाग्छन् । व्यापारमा नलाग्नेहरू डकर्मी/सिकर्मी काम गर्छन ।

## (ख) पशुपालन

पशु-पालन (याक/चौरी, डिमा, डिम्जो, उराङ आदि) ओलाङचुङगोलाबासी वालुङ भोटियाहरूका आर्थिक श्रोतको मूलः आधार मानिन्छ (Haimendorf 1975:124) । धेरै जसो यी क्षेत्रका वालुङहरूले अघि पशु-पालनबाट नै जीवन गुजारा गर्दथे । तर आजभोलि यसरी पशु-पालनबाट जीवन गुजारा गर्नेहरूको सङ्ख्या ओलाङचुङगोलामा अलिक घटेको देखिन्छ । क्षेत्रगत अध्ययन (२०६९) अनुसार अध्ययनको लागि ओलाङचुङगोला बजारमा छानिएको ३२ घर-परिवार वालुङहरू मध्ये कुल सङ्ख्याको ९.३७ % (नौ प्रतिशत) घर-परिवारलेमात्र आजभोलि पशु-पालनबाट जीवन गुजारा गरेका छन् । पशु-पालनबाट जीवन गुजारा गर्ने वालुङहरू प्राय सबै स्तरकाहरू नै देखिन्छ ।

वालुङ भोटियाहरू याक र डिम्जोलाई सरसमान ढुवानी गर्न प्रयोग गर्दछन् । त्यसैगरी यस्ता याक र डिम्जोलाई तिब्बततिर लगेर बेची पैशा साट्ने काम पनि गरिन्छ । आजभोलि एउटा याकको पचास हजारदेखि साठी हजारसम्ममा बिक्ने गर्दछ । वालुङहरू चौरीको दुधबाट घ्यु, चीज, नौनी, छुर्पि आदि बनाउने गर्दछन् । यसरी बनाएका बस्तुहरू बेचेर घर-खर्च टार्ने गर्दछन् । त्यसैगरी याक/चौरीको छालाबाट जुत्ता (दोचा) बनाउने, भुत्लाबाट लत्ता-कपडाहरू बनाउने आदि काम पनि उनीहरू गर्दछन् ।

वालुङहरू याक/चौरी स्याहार गर्न बर्खाको समयमा जङ्गल खर्कतिर गोठ बस्ने गर्छन् । थाङजे, स्याम्दो, नुराक, माहुङमा, देहङमा तथा सिङजेमा आदि क्षेत्रहरू ओलाङचुङगोलाका वालुङहरूको गोठ बस्ने जग्गाहरू हुन् । अघि धेरै जसो यी समुदायका दिन-चर्याहरू गोठ मै बित्ने गर्दथ्यो । उनीहरूका जीवन गुजाराको मूल आधार नै पशुपालन हुन्थ्यो । त्यसकारण कतिपय वालुङ पशु व्यवसायीहरूले अघि गोठाले समिति (ढोक्पे किदुक) जस्ता संस्थाहरू पनि खोलेका हुन्थे तर आजभोलि यस्ता संस्थाहरू ओलाङचुङगोलामा खासै भेटिन्न ।

## (ग) घरेलु उद्योग

धेरै जसो वालुङहरूले घरैमा स-साना घरेलु उद्योगहरू सञ्चालन गरी सामान्य आय-आर्जन गर्ने काम गर्दछन् । उनीहरू छुर्पी, नौनी, चीज, घ्यू जस्ता बस्तुहरू घरैमा बनाउने गर्छन् । यसरी बनाएको वस्तुहरूलाई  तिब्बत, जिल्ला सदरमुकाम फुङ्लिङ बजार तथा अन्य विभिन्न शहरहरूमा लगेर बेच्ने गर्दछन् । त्यसैगरी घरैमा चौरीको भुत्लाबाट पाखी, छेरा, दरी, पाल, बख्खु, तथा फाजी आदि बनाई बेच्ने काम पनि उनीहरु गर्दछन् । स्थलगत अध्ययन् (२०६९) अनुसार आजभोलि धेरैजसो ओलाङचुङबासी वालुङ (भोटिया) हरूको जीवन गुजारा गर्ने मुख्य माध्यम पनि यहीँ घरेलु उद्योग नै भएको देखिन्छ । अध्ययनको लागि छानिएको ३२ वालुङ घर-परिवार मध्ये १८ घर-परिवार (जुन कुल छनौट सङख्याको ५६ % (प्रतिशत) हुन्छ ) ले आजभोलि घरेलु उद्योगबाटै जीवन गुजारा गरेका छन् । अघि वालुङले याक/चौरीको छालाबाट जुत्ता (दोचा) समेत बनाउने गर्दथे । तर आजभोलि उनीहरूले जुत्ता (दोचा) बनाएको भने खासै देखिँदैन ।

वालुङहरू गलैँचा पनि बुन्ने गर्छन् । गलैँचा बुन्दा चाँहिने आवश्यक कच्चा पदार्थ उनीहरू अन्यः क्षेत्रबाट ल्याउने गर्छन् । जस्तै गलैँचाको लागि चाहिने ऊन तिब्बतबाट तिब्बतीयन भ्याङ्लुङ, च्याङ्ग्रा आदिको ऊन ल्याउछन् भने धागो र रङ कालिम्पोङ तथा कलकत्ता जस्ता शहरहरूबाट ल्याउने गर्छन् । प्रत्येक वर्ष ओलाङचुङगोला बजारमा अन्दाजी ६०० (छ सय) थान जति गलैँचा निर्माण हुन्छ । यसरी निर्माण गरिएको गँलैचा उनीहरू सदरमुकाम फुङलिङ, धरान, धनकुटा आदि बजारहरूमा झारेर बेच्दछन् । यी बजारहरूमा झारेर बेच्दा प्रति दर गलैँचाको अन्दाजी रु.४००० (चार हजार) देखि रु.५००० (पाँच हजार) सम्ममा बिकी हुने गर्दछ । तर त्यहीँ गलैँचा माथि तिब्बततिर लगेर बेचे प्रति दर रु ८००० (आठ हजार) देखि रु.१०,००० (दश हजार) सम्ममा पनि बिकी हुन सक्छ । त्यसकारण आजाभोलि

ओलाङचुङबासीहरूले गलैंचा प्राय तिब्बततिरै लगेर बेच्ने गरेका पाइन्छ । वालुङहरूले घरेलु ओखती मूलोहरू पनि बनाउने गर्छन् । खासगरी मध्यम स्तरका वालुङहरूले धेरै घरेलु उद्योगका कामहरू गरेको देखिन्छ ।

## (घ) जडीबुटी सङ्कलन

वालुङहरू प्रत्येक साल असार देखि श्रावण महिना विच एक महिनासम्म जडीबुटी सङ्कलन गर्दछन् । उनीहरूले सङ्कलन गरेका जडीबुटीहरू सुनपाती, खोकिम, कुर्की, यार्चागुम्बा, पाँच-औले, जटामसी, पदमचाल, भोटे-खयर, भोन्खर, पाखम-बेद, चिराइतो, विख्मा, भुतकोष आदि पर्दछन् । यसरी सङ्कलन् गरेको जडीबुटी वालुङहरू तिब्बतको रिहु, सार तथा भारतको सिक्किम, दार्जिलिङ, कालिम्पोङ आदि शहरहरूमा लगेर बेच्दछन् । त्यसैगरी आफ्नै देशभित्रका मुख्य शहर जस्तैः धरान, धनकुटा, विराटनगर, काठमाडौ आदि ठाउँहरूमा पनि लगेर बेची घरको आधारभूत आवश्यताहरू परिपुर्ति गर्ने काम उनीहहरू गर्दछन् । आजभोलि ओलाङचुङगोला बजारमा २५% (पच्चिस प्रतिशत) भन्दा बढी वालुङहरू जडीबुटी व्यवसायमा निर्भर रहेका देखिन्छ (कार्की,२०६०:२४) । प्राय वालुङहरू उपचारको लागि पनि धेरै जसो उहि जडीबुटीहरू नै प्रयोग गरेका पाइन्छ ।

वालुङहरूले जडीबुटीहरू सङ्कलन् गर्न विभिन्न नीति-नियमहरू पनि बनाएका हुन्छन् । बिगतमा ओलाङचुङगोला परिसरभित्र सबै जग्गाहरूमा वालुङहरूलाई जडीबुटी सङ्कलन् गर्न स्वतन्त्र थियो तर आजभोलि त्यस क्षेत्रमा 'कन्चनजङ्घा संरक्षण क्षेत्र' (k-cap) स्थापना भएपछि स्वतन्त्र जडीबुटी सङ्कलन् गर्नमा रोक लगाइएको छ । ओलाङचुङगोला क्षेत्रभित्र कुन जग्गामा कस्ले र कति समय जडीबुटी खोज्ने भन्ने कुरा हाल कन्चनजङ्घा संरक्षण क्षेत्रको कार्यलय (k-cap) ले निर्धारण गर्दछ ।

## (ङ) नोकरी

नोकरीभित्र निजामती सेवा, प्राइभेट सेवा, गैसस, बैदेशिक रोजगार, किसान, मजदुर, पर्यटन व्यवसाय आदि पर्दछ । बसाई-सराई गरेका वालुङहरूको यी सबै कुरामा सहभागिता राम्रो देखिए पनि अध्ययन क्षेत्र ओलाङचुङगोला बजारका वालुङहरूमा भने धेरै न्युन देखिन्छ । हालसम्म स्थाई रूपले ओलाङचुङगोला बजारमा बस्दै आएका वालुङ भोटियाहरू

बैदेशीक रोजगारीमा त्यति गएका छैनन् । अन्य शाही/सेना, तथा प्रहरीमा पनि खासै लागेका देखिदैन । त्यस क्षेत्रका वालुङहरू व्यापार/व्यवसायबाट नै जीवन गुजारा गर्दछन् । अध्ययनको लागि छानिएको ओलाङचुङगोला बजारका वालुङ घर-परिवारहरूबाट नगन्य रूपले निजामती जागिरमा लागेका केही कर्मचारीहरूको नामावली तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका न.१३

| नाम | पद | कार्यक्षेत्र |
|---|---|---|
| फोमु शेर्पा (वालुङ) | शिक्षिका | महेन्द्र प्रा.वि (ओलाङचुङगोला) |
| फुटी शेर्पा | लेखापाल | भन्सार कार्यलय (ओलाङचुङगोला) |
| पेमा शेर्पा | लेखापाल | भन्सार कार्यलय (ओलाङचुङगोला) |
| पासाङ किपा शेर्पा | मासिका | उप-स्वास्थ्य चौकी (ओलाङचुङगोला) |
| नुपु शेर्पा | कर्मचारी | गोला बजार (ओलाङचुङगोला) |

(स्थलगत अध्ययन,२०६९ )

## २.वस्तु विनिमय

वालुङहरू उब्जाउ बिहिन बिकट जग्गामा बस्ने भएकाले कतिपय आधारभूत आवश्यकताहरू छिमेकी गाउँका वासिन्दाहरूसँग बस्तु-वस्तु विनिमय गरेर पनि पूरा गर्दछन् । आफूले सङ्कलन् गरेको जडीबुटी तथा बुनेका स्वीटर, गलैंचा आदि उनीहरू तल्लो भेग स्थित

लेलेप, हेल्लोक, खोक्लिङ, तापेथोक आदि गाउँका लिम्बूहरूकहाँ झारी धान/चामल, मकै कोदो आदि साट्दछन् । यसरी विनिमय गर्ने वालुङहरू प्राय मध्यस्तरकाहरू हुने गर्दछन् । गोभा कारबारी तथा विचारी परिवारका वालुङहरूले भने बस्तु विनिमय गरेको खासै देखिन्न । उनीहरूलाई चाहिने बस्तु भरिया मार्फत् अन्य ठाँउबाट नै ढुवानी गर्छन् ।

अघि वालुङहरू जडीबुटी जस्तैः- खोकिम्, बिख्मा, लाहा, भोटे नुन आदि बोकी गाउँ-गाउँ डुल्थे । धान/चामल सङ्कलन गर्थे । विनिमयलाई सुलभ बनाउन उनीहरू तल्लो गाउँका वासिन्दाहरूसँग मित समेत लगाउँथे । ओलाङचुङगोलाका अधिकाँस वालुङहरूले फुलवारी,

हाङपाङ, चाँगे गाउँका लिम्बू लाहुरेहरूसँग मित लगाउने गर्दथे। माथिबाट लाहा, छुर्पी भोटे जुत्ता (दोचा) झारी उनीहरूले झारेका वस्तुहरूले लिम्बू लाहुरे मितहरूसँग विभिन्न वस्तुहरू जस्तैः लाहुरे बुट जुत्ता, छत्रे टोपी, सुट्केस, क्यामरा, लता-कपडा, सुन/चाँदी, मोतीमाला आदि साटी माथि ओलाङचुङगोला लाने गर्दथे । कहिले-काहीँ वालुङहरूले लिम्बू लाहुरेहरूलाई ठग-ठाग गर्ने काम समेत गर्दथे (स्थानीय लोजक लामासँग गरेको कुराकानीमा आधारीत) । यसरी वालुङहरूले लिम्बूहरूबाट लगेको वस्तु जस्तैः क्षेत्रे टोपी, लाहुरे बुट जुत्ता, मोतीमाला आदि माथि तिब्बत (भोट) को बजारहरूमा लगेर धेरै मोलमा बेच्दथे । तर यो प्रचलन  आजभोलि विस्तारै न्युन हुँदै गएको छ ।

## ३.खाद्य सुरक्षा भण्डार

वालुङ क्षेत्र ओलाङचुङगोला बजार अत्यन्त विकट र उब्जाउ विहीन जग्गामा रहेको हुनाले त्यहाँका स्थानीय वालुङ भोटियाहरूले जीवन गुजाराको लागि तिब्बतको सार, रिहु बजार तथा जिल्ला सदरमुकाम फुङलिङ बजार हुँदै धनकुटा, धरान, विराटनगर आदि शहरहरूबाट खाद्य-वस्तु आयात गर्दछन् ।

वालुङहरूले वर्षभरि पुग्ने खाद्य-वस्तु निश्चित समय अवधीभित्र आयात गरी घरैमा भण्डार गरेर राख्छन् । वैशाख र जेष्ठ महिना उनीहरूको लागि खाद्य-वस्तु आयात गर्ने उपयुक्त समय हो । असार महिनाको सुरूवातसँगै त्यस भेगमा धेरै झरी-वर्षा लाग्ने गर्दछ । प्रत्येक साल झरी-वर्षाको समयमा ओलाङचुङ जाने बाटोतिर बाढी-पहिरो जाने पनि गर्दछ । खासगरि ओलाङचुङगोला बजार जान तमोर नदीको बाटो भएर जानु पर्छ । तमोर नदीमा उपयुक्त किसिमको पुल हालसम्म बन्न सकेको छैन । त्यसकारण बर्खा-बाढीको समयमा तमोर नदी तर्न अत्यन्त कठिन पर्छ । जस्ले गर्दा बर्खाको समयमा सदरमुकाम फुङ्लिङ बजारबाट ओलाङचुङतिर समान ढुवानी गर्ने सम्भावना अत्यन्त न्युन देखिन्छ । ओलाङचुबासीहरूले सदरमुकामबाट जति खाद्य-वस्तु ढुवानी गर्नु पर्ने हो त्यो हिउँदमै गरिसक्नु पर्दछ । त्यसैगरी  हिँउद महिना अथवा मंसिरदेखि फागुनसम्म  तिब्बत (भोट) जाने बाटोतिर हिउँले पुरेर ढुवानीको लागि बाटोमा धेरै सास्ती खेप्नु पर्छ । हिउँ परेको समयमा तिब्बततिर याक जान सक्दैन । त्यसकारण तिब्बतबाट जति समान ढुवानी गर्नु पर्ने हो त्यो उपयुक्त समय अथवा हिउँ नपर्ने समयमा नै ढुवानी गरिसक्नु पर्छ ।

वालुङहरूले खाद्य वस्तुको जोहो घरको आर्थिक अवस्था अनुसार गर्दछन् । खासगरी उनीहरूले दाल, चामल, चिनि, गेडा-गुडी आदि खाद्य-वस्तुको जोहो गर्दछन् । यस्तो वस्तुको जोहो गर्दा थोरै जोहो गर्नेहरूले चार देखि पाँच बोरा सम्म गर्दछन् भने धेरै गर्नेहरूले पन्ध्र देखि बिस बोरासम्म जोहो गर्दछन् । वालुङ भोटियाहरूले धेरै जसो दाल, चिनि, चामलहरू अघि विराटनगर, धरान, धनकुटाबाट ताप्लेजुङ फुङ्लिङ बजार हुँदै बासस्थानक्षेत्र ओलाङचुङ तिर ल्याउने गर्दथे । तर आजभोलि सदरमुकाम फुङ्लिङबाट ओलाङचुङ जानेबाटोलाई त्यति मर्मत नगरिएको, सदरमुकामबाट समान बोक्ने कुल्ली पनि नभेटिएको र भेटिएका कुल्लीहरूले समेत ढुवानीको ज्याला धेरै लिने गरेको आदि कारणहरूले धेरै जसो वालुङहरूले आवश्यक समानहरू माथि तिब्बतबाट नै ल्याउने गरेका देखिन्छ । तिब्बतदेखि समान ढुवानी गर्ने समय जेष्ठ/असार देखि कार्तिक सम्मको महिनालाई उपयुक्त मानिन्छ । ओलाङचुङबासी वालुङहरूले अन्दाजी २० वर्षअघि देखि खाद्य वस्तुको भण्डार गर्न सुरू गरेका हुन् ।

## ४.आर्थिक आय-आर्जनमा परिवर्तन

वालुङहरूको आर्थिक अवस्था विगत भन्दा अहिले राम्रो देखिन्छ । आर्थिक उपार्जनका माध्यमहरू पनि उनीहरूमा केही फेरवदल भएको छ । अघि वालुङ भोटियाहरू मध्ये थोरैले केही छिमेकी गाउँ र देशहरूसँग सामान्य व्यापार-व्यवसाय गरेका बाहेक बाँकी सबैका आर्थिक श्रोत र जीवन गुजाराको मुल आधार वस्तु विनिमय र पशुपालन नै थियो । उनीहरू गाउँ देखि तल्लो भेगका वासिन्दाहरूसँग वस्तु विनिमय गर्दथे । जस्तैः जडीबुटी छुर्पि आदिले अन्नहरू (धान मकै कोदो) साटि जीवन गुजारा गर्थे । तर आजभोलि यसरी वस्तु विनिमय गरी जीवन गुजारा गरेका वालुङहरू खासै भेटिन्न । त्यसैगरि अघि वालुङ भोटियाहरूले वर्षभरिको धेरै समय (गोठ) खर्कतिर याक/चौरीको गोठालो गर्दै बिताउँथे । गोठालाको हितको लागि गोठाले सस्था (ढक्पे किदुक) पनि खोलिएको हुन्थ्यो । तर आजभोलि वालुङहरू त्यति गोठालो (गोठ) बस्दैनन् । ढक्पे किदुक पनि छैन । मूलः कारण हाल वालुङहरूले पशु-पालनामा त्यति चासो राखेको देखिँदैन ।

अधिकांस वालुङहरू गलैंचा व्यापार गर्ने, जडीबुटीको व्यापार गर्ने, तथा नेपालका विभिन्न शहरहरूमा गई होटल व्यवसाय गर्ने आदि गर्दछन् तर बिगतको जस्तो आफ्नो गाउँदेखि

तल्लो भेग जस्तै तापेथोक, तावा, मित्लुङ आदि जग्गाहरूमा झरी अस्थाई रूपले कटेरोहरू बनाई ब्यापार व्यवसाय गर्ने काम भने आजभोलि वालुङहरूले गर्दैनन् । वैदेशीक रोजगार र निजामती जागिरमा लागेका वालुङहरू खासै नभेटिए पनि अन्य सामान्य गैह्र सरकारी संस्था (एन. जि. ओ र आइ. एन. जि. ओ) हरूमा भने छिटफुट रूपले आजभोलि लागेका भेटिन्छन् । स्थलगत अध्ययन (२०६९) अनुसार विगत १० वर्षको अन्तरालमा अध्ययनको लागि छानिएको वालुङ घर-परिवारभित्र घर-ब्यवहार धान्ने पेशामा भएको फेरबदललाई तालिकाको माध्यमबाट सार रूपले तल उल्लेख गरिएको छ ।

तालिका न.१४

| **क.स** | **वालुङ घर-परिवार धान्ने मूल आधार** | **घर-परिवार (२०५९)** | **घर-परिवार (२०६९)** |
|---|---|---|---|
| (१) | पशु-पालन व्यवसायबाट गुजारा गर्ने परिवार | ७ | ३ |
| (२) | बस्तु विनिमयबाट गुजारा गर्ने परिवार | २ | ० |
| (३) | घरेलु उद्योगबाट गुजारा गर्ने परिवार | १३ | १८ |
| (४) | ठुला व्यापार व्यवसाय गर्ने परिवार | ४ | ४ |
| (५) | सरकारी तथा नीजि तवरमा जागिर गर्ने परिवार | ४ | ५ |

(स्थलगत अध्ययन २०६९)

# अध्याय - सात

# सारांश र निष्कर्श

## १.सारांश

पूर्वी नेपालको ताप्लेजुङ जिल्ला स्थित ओलाङचुङगोला क्षेत्रमा वालुङ भोटियाहरू बस्दछन् । यी भोटियाहरूका आफ्नै किसिमको भाषा, धर्म सँस्कृति रहेको पाइन्छ । यति भएर पनि नेपालका अन्य जाती/समुदायको तुलनामा वालुङ भोटियाहरूको जति अध्ययन/अनुन्धान हुनु पर्ने हो त्यो भएको छैन । जसले गर्दा दिनानु दिन यी समुदायको मौलिक कुराहरू लोप हुँदै गइरहेको छ । मूलत यहीँ कुरालाई मध्यनजर राखी त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तरगत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्त गर्न आंशिक आवश्यकता परिपूर्तिको लागि वालुङ समुदायबारे शोध-पत्र तयार गर्ने योजना बनाइएको हो । यो शोध-पत्र अध्ययनको मूल उद्देश्य ओलाङचुङगोलाबासी वालुङ समुदायका ऐतिहासिक पक्षको अध्ययन गर्दै उनीहरूको आर्थिक, राजनैतिक, सामाजिक तथा साँस्कृतिक अवस्थाबारे गहन रूपले अध्ययन गरी वालुङहरूको एउटा जातिशास्त्रीय विवरण तयार गर्नु थियो ।

वालुङ जाति सम्बन्धी तयार गरिएको यस शोध-पत्रमा अध्ययनको लागि हाल ओलाङचुङ गोला बजारमा स्थायीरूपले बसोवास गर्दै आएका वालुङ भोटियाहरू मध्ये ३२ घर-परिवारलाई नमूनाको रूपमा छनौट गरिएको छ । यो अध्ययनमा तथ्याङ्क सङ्कलन गर्दा वणनात्मक र अन्वेशणात्मक दुवै विधि प्रयोग गरिएको छ । वणनात्मक विविधबाट वालुङहरूको सबै पक्षको अध्ययन गरिएको छ भने अन्वेशणात्मक विविधबाट उनीहरूका विविध पक्षको विगत र वर्तमानमा भएको परिवर्तनबारे अध्ययन गर्ने प्रयास गरिएको छ । वालुङहरूका वर्तमान अवस्थाबारे अध्ययन गर्न अवलोकन विधिको पनि प्रयोग गरिएको छ । त्यसैगरि सामाजिक, आर्थिक लगायत अन्य विविध पक्षको सत्य-तथ्य थाहा पाउन सबै स्तरका वालुङहरूसँग अन्तरवार्ता लिने काम पनि गरिएको छ । यसरी लिएका कुराहरूलाई अझ विश्वासिलो बनाउन सामुहिक रूपले छलफल. गरी छलफलबाटै अध्ययनको निचोड निकाल्ने प्रयास गरिएको छ ।

स्थलगत अध्ययन र प्राप्त तथ्याङ्क अनुसार अध्ययनः क्षेत्र 'ओलाङचुङगोला' बजार ताप्लेजुङ जिल्लाको सदरमुकाम फुङलिङदेखि ६४ (चौसाट्ठी) कि.मि. पूर्वी उत्तरमा पर्दछ । यो बजारलाई अघि 'वालोङ', 'होलुङ' आदि नामले चिनिन्थ्यो । यसरी नामाकरण हुनको पछाडि धेरै कथा, इतिहास तथा किम्बदन्तीहरू रहेको पाइन्छ । हाल ओलाङचुङगोला बजारमा ५८ (अन्ठाउन) घर वालुङ भोटियाहरू बस्छन् । यी वालुङ भोटियाहरूलाई अघि भोटे, भोटिया मात्र भनिन्थ्यो । पछि देशको राजनैतिक, सामाजिक परिवर्तनको कारण उनीहरूलाई शेर्पा भन्न थालियो । तर ओलाङचुङबासीहरूले शेर्पा भनेर चिनेका समुदायहरू भने ओलाङचुङगोला भन्दा तल्लो भेग जस्तै खोक्लिङ, खेजेनिम् सान्थाक्रा आदि क्षेत्रमा बस्ने भोटे (भोटिया) मुलका समुदायहरू थिए । ओलाङचुङबासी भोटियाहरूले शेर्पा भनेर चिनेका ती समुदायहरूलाई न्युन स्तरका समुदायको रूपले हेर्दथे । त्यसकारण नेपालको राजनैतिक परिवर्तन सँगै वि.सं. २०५६ मा भएको नेपालका जनजाति अनुसूचि निकाल्ने प्रक्रियामा ओलाङचुङगोलाबासी भोटियाहरूले ती शेर्पा समुदायहरू भन्दा भिन्न चिनिन्न उनीहरू आफुलाई वालुङ हिमाली आदिवासी जनजाति  बनाउनु पर्ने प्रस्ताव पेश गरे । त्यसपछि उनीहरूलाई वालुङ भन्न थालियो । 'वालुङ' वर्तमान ओलाङचुङगोलाको पुरानो नाम 'वालोङ' 'वालुङ' आदिबाट नामाकरण गरिएको नयाँ जाति/समुदाय हो । यस समुदायमा अन्य समुदाय झै थर, उप-थर खासै हुँदैन । तर आजभोलि चाहिँ वालुङहरूले आफ्नो वंशज तथा परिवारलाई  थर-उपथर भन्न थालेका छन् । उनीहरूको केही वंशज तथा थरहरू तिब्बतको स्थान नामसँग पनि जोडिएको छ । जस्तैः 'ठावा' वंशी  यो 'ठाउ' भन्ने जग्गाको नामसँग जोडिएको छ । 'उक्याप' यो 'पेरुक उकेवा' भन्ने जग्गाको नामसँग जोडिएको छ । थरसँग जोडिएका यी ठाँउहरू सबै भोट (तिब्बत) मै पर्दछ । त्यसकारण वालुङहरू अघि तिब्बतबाटै आएका वासिन्दाहरू हुन भन्ने अनुमान पनि लगाउन सकिन्छ तर कहिले र कसरी आए भन्ने बारे केही किम्बदन्ती र लोक कथाहरू बाहेक दरिलो प्रमाण भने हालसम्म प्राप्त भएको छैन ।

वालुङहरू खोला,नदीको किनारमा बासस्थान बनाउँछन् । उनीहरूको बसोवास सामूहिक हुन्छ । घर-आँगन/बँलेसी आदिमा ढुङ्गाहरू बिछ्याएका हुन्छन् । गाउँ छिर्ने मूल गल्लीमा प्रवेशद्वार (कानी) हरू पनि बनाएका हुन्छन् ।  त्यसैगरी वालुङहरूले गुम्बा, छ्योर्तेन आदि गाउँको माथिल्लो भागमा बनाउने गर्छन् । उनीहरूले गाउँ आसपासका खोला खोल्सीहरूमा पानी-घट्टाहरू बनाएका हुन्छन् । वालुङहरूको घर काठको चिरपट, ढुङ्गा, माटो आदिले

बनिएको हुन्छ । घर सामान्य दुईदेखि तीन तलासम्मको हुन्छ । उनीहरू घरको छेउमा सानो करेसाबारी पनि निकाल्छन् ।

वालुङहरूको भाषा, धर्म, सँस्कृति आदि मौलिक किसिमको रहेको पाइन्छ । उनीहरू तिब्बतीयन वालुङ भोटिया भाषा बोल्छन् । वालुङ क्षेत्रका अधिकांस गाउँ-ठाउँको नाम पनि भोटिया भाषा मै राखिएको छ । तर अन्य भाषा-भाषि भैँ वालुङ भाषा प्रबर्धनबारे भने हालसम्म कुनै पनि तवरबाट त्यति पहल गरिएको देखिँदैन । समग्रमा वालुङहरूको शैक्षिक अवस्था सामान्य राम्रै देखिए पनि उनीहरूको मूल क्षेत्र ओलाङचुङगोलामा स्थाई बसोवास गर्ने केही आर्थिक स्थिति नाजुक भएका वालुङहरूको शैक्षिक अवस्था भने चिन्ताजनक नै देखिन्छ । मुख्यकारण ओलाङचुङगोलामा उपयुक्त किसिमको स्कूल छैन ।

वालुङहरू वंशज हितेरी-मितेरी आदिबाट नातेदारी बनाउँछन् । उनीहरू बौद्ध धर्म अन्तरगतको 'ङि-मा-पा' सम्प्रादय मान्छन् । तान्त्रिक तुना-मुना तथा स्थानीय देवी-देवताहरूमा पनि वालुङहरू उतिकै विश्वास राख्छन् । तिब्बती भोटिया र वालुङ भोटियाले मन्साउने देवी-देवताहरूमा धेरै समानता छ ।

वालुङहरूको गर-गहना बहुमूल्य वस्तुबाट बनिएको हुन्छ । उनीहरूको गर-गहनामा तिब्बती शैलीको प्रभाव देखिन्छ । गीत/सङ्गीत पनि वालुङहरूको आफ्नै किसिमको छ । उनीहरूको गीत/सङ्गीत सुःखद कार्यका र दुःखद कार्यका गरी दुई किसिमको हुन्छ । तर आजभोलि वालुङहरूका यस्तो गीत/सङ्गीतहरू बिस्तारै लोप हुँदै गइरहेको छ । खानेकुरा वालुङहरू मौसम अनुसारको खाने गर्छन् । यी समुदायका खानेकुराको परिकारमा पनि तिब्बतीयन् शैलीको प्रभाव धेरै देखिन्छ । तोङवा (पै) वालुङहरूको मुख्य पेय पदार्थ हो । उनीहरूको भेष-भुषा ऊन, तिब्बतीयन भुवा, याक/चौरी आदिको भुत्लाबाट बनिएको हुन्छ । वालुङहरूमा लामा, विवाहित महिला, सर्वसाधारण आदि पहिरन बाटै छुटिन्छ ।

वालुङहरू जन्म, विवाह र मृत्यु तिनवटा मुख्य संस्कारहरू पुरा गर्छन् । सबैभन्दा पहिले जन्म संस्कार गर्छन् । वालुङ महिलाहरू गर्भवती हुँदा पेटको पूजा गर्दैनन् । प्रायः उनीहरू बच्चा आफ्नै घरमा जन्माउँछन् । माइतीमा त्यति जन्माउँदैनन् । वालुङहरू बच्चा जन्मीसकेपछि छेमा (स्वागत), ठूसोल (न्वारन) जस्ताः संस्कारहरू गर्दछन् । मागि, प्रेम आदि तरिकाबाट उनीहरू विहा गर्छन् । धेरैजसो वालुङ पुरुषहरूले तिब्बतीयन महिलासँग विवाह

गरेका देखिन्छ । तर वालुङ महिलाहरूले चाहिँ तिब्बतीयन पुरुषसँग  विहा गरेको त्यति देखिन्न । अध्ययन स्थलका ३२ वालुङ घरमध्ये १८ घरले तिब्बतीयन महिलासँगै विवाह गरेका छन् । तर वालुङ महिलामा भने एक जना डोयङ्गा वालुङ भोटियाले मात्र तिब्बतीयन पुरुषसँग विवाह गरेका छन् । वालुङ विवाहमा  केटी मगनी, विवाह मिति तोक्ने प्रक्रिया, विवाह सम्पन्न प्रक्रिया जस्ता कार्यहरू सम्पन्न गर्नुपर्छ । त्यसैगरी वालुङहरू जलाउने र खोलामा काटेर फ्याने दुई तरिकाले मृतकको अन्त्येष्ठी गर्छन् । अन्य समुदाय झैँ मृतकको नाममा जुठो बार्ने, सेतो कपडा लगाउने चलन यो समुदायमा छैन । उनीहरू मानिस मरेको दिनदेखि ४९ दिनसम्म मृतकको नाममा विभिन्न संस्कारहरू गर्छन् । यी संस्कारहरूमा दिन्जीङ, जैँएसाक, स्याकु आदि मुख्य पर्दछ । तर आजभोलि भने वालुङहरूले गर्ने जन्म, विवाह र मृत्यु संस्काहरूमा केही फेरबदल भएको छ ।

वालुङहरू व्यापार/व्यवसाय र पशुपालन आदिबाट जीवन गुजारा गर्छन् । अघि उनीहरूको आम्दानीको मूल आधार पशुपालन थियो । आजभोलि यसमा परिवर्तन भएको छ । हाल अध्यनको लागि छानिएका घर मध्ये अन्दाजी ९% (प्रतिशत) वालुङले मात्र पशुपालन व्यवसाय गरेका देखिन्छ । ५६ % (छपन्न प्रतिशत) ले घरेलु-उद्योग व्यवसायबाट जीवन गुजारा गर्दछन् । दिनानु दिन वालुङहरूको पेशामा फेरबदल हुँदै गइरहेको छ । विगत दश वर्षको अन्तरालमा दश वर्ष अघि ७ घर वालुङहरूको मूल व्यवसाय पशुपान थियो भने हाल त्यो घटेर ३ घरका मात्र मूल व्यवसाय पशुपालन रहेको छ । तर घरेलु उद्योगबाट जीवन गुजारा गर्ने परिवार पहिला १३ घर थियो हाल बढेर १८ घर पुगेको छ ।

वालुङ समुदायमा राजनैतिक प्रणाली पनि आफ्नै किसिमको छ । अघि उनीहरूमा गोभाङ्गी प्रथा थियो । गोभा गाउँका मूली हुन्थे । गोभाको सहयोगी मझिया, कारबारी, विचारी नाइके पनि हुन्थे । यी सहयोगीहरूलाई क्षेत्र र अवस्था अनुसार वालुङ क्षेत्रका भिन्न-भिन्न गाउँमा विभाजन गरिएर राखिन्थ्यो । तर आजभोलि यो प्रचलन् छैन । नेपालको आधुनीक राजनीतिमा भने वालुङहरू कम् मात्र सम्लग्न देखिन्छन् ।

वालुङ क्षेत्रमा स्वास्थ्य सेवाको पहुँच राम्रो छैन । ओलाङचुङ बजारमा एउटा उप-स्वास्थ्य चौकी रहे पनि त्यहाँ उपचारका साधनहरू त्यति छैन । त्यसकारण हालसम्म नै उनीहरू डक्टरी उपचार भन्दा पनि घरायसी उपचारमै धेरै भर परेका छन् । गाउँ स्तरका जडीबुटीहरू प्रयोग गर्छन् । यसका साथै सामान्य झारफुक गर्ने काम पनि गर्छन् ।

## २.निष्कर्ष

वालुङ नेपालको हिमाली भू-भागमा बस्ने भोटिया मूलका एक समुदाय  हुन् । उनीहरू ताप्लेजुङको ओलाङचुङगोला क्षेत्रमा बस्दछन् । यी समुदायका मूल उद्‌गम् स्थल  चाहिँ भोट (तिब्बत) लाई मान्ने गरिन्छ । वालुङ भोटियाहरू  धेरै वर्ष अघि भोटबाटै झरी वर्तमान नेपालको ओलाङचुङगोला जग्गामा बस्न सुरू गरेका हुन् भन्ने भनाइ छ । तर कहिले आएका हुन् भन्ने निश्चित प्रमाण भने हालसम्म प्राप्त हुन सकेको छैन ।

वालुङहरूको आफ्नै इतिहास, भाषा, धर्म, सँस्कृति छ । उनीहरूको संस्कार/सँस्कृतिमा तिब्बतीयन शैलीको प्रभाव देखिन्छ । धेरै जासो वालुङहरू हालसम्म पनि आफ्नो भोटिया भाषा मै बोल्छन् । उनीहरू बौद्ध धर्म बाहेक अन्यः कुनै पनि धर्ममा लागेका देखिदैन । वालुङहरू व्यापार/व्यवसायबाट जीवन गुजरा गर्छन् । उनीहरूको व्यापारिक केन्द्र तिब्बतको सार, रिहु, नेपालको ताप्लेजुङ, धनकुटा, काठमाडौ र भारतको कालिम्पोङ, दार्जिलिङ, कलकता आदि मुख्य पर्दछ । व्यापारको अलावा पशुपालन् व्यवसाय, घरेलु-उद्योग आदिबाट पनि वालुङहरू घर-व्यावहार चलाउँछन् । आजभोलि केही वालुङहरू सानातिना नोकरीमा समेत सम्लग्न रहेका देखिन्छन् । पछिल्लो काल-खण्डमा भनेः धेरै जसो यी वालुङ भोटियाहरू घरेलु-उद्योगबाटै घर-व्यवहार चलाएका भेटिन्छन् ।

वालुङ क्षेत्र ओलाङचुङगोला नेपालको राजधानी काठमाडौदेखि टाढा रहेको र भौगोलिक रूपले पनि धेरै विकट भएकोले विकासका पूर्वधारहरू त्यस क्षेत्रमा पुगेको खासै देखिँदैन । भोटे मुला र बन्दा कोपी बाहेक ओलाङचुङगोलामा अन्य केही पनि उब्जाउ हुँदैन । ओलाङचुङ क्षेत्रमा यायायातको समेत ज्यादै अभाव छ । त्यसकारण उनीहरू रासन/पानी अन्य जग्गाबाट ढुवानी गरेरै जीवन गुजारा गर्छन् । आजभोलि ढुवानीको महगीले गर्दा दिनानु दिन ओलाङचुङका वालुङहरू अन्यत्र जग्गामा विस्थापित भइरहेका छन् । त्यसैगरी ओलाङचुङगोलामा उपयुक्त किसिमको उपचारको पनि व्यवस्था छैन । हालसम्म उनीहरू परम्परागत आयुर्वेदिक उपचार प्रणाली मै निर्भर हुन वाध्य छन् । प्रशिक्षणको अभावले परम्परागत आयुर्वेदिक उपचारबारे जानकारी हुने व्यक्तिहरू पनि वालुङ क्षेत्रमा विस्तारै कम् हुँदै गएको देखिन्छ । वर्षेनी वालुङहरू सामान्य रोगबाट समेत सिकार बन्न बाध्य छन् ।

अघि वालुङ भोटियाका आफ्नै क्षेत्र र शासन पद्वति थियो । पछि देशमा आएको राजनैतिक परिवर्तनले उनीहरूको मौलिक शासन प्रणालीको पूर्णरूपले अन्त्य भयो । वर्तमान नेपालको राजनीतिमा भने वालुङहरू कम् मात्र सम्लग्न देखिन्छन् । समग्र वालुङहरूको शैक्षिक अवस्था राम्रो देखिए पनि अध्ययन स्थलका वालुङहरूले भने राम्रो शिक्षा पाउन हालसम्म पनि धेरै समस्याहरू खेप्नु परेको छ ।

वालुङहरू जन्म, विवाह र मृत्यु  तिनवटा मुख्यः संस्कारहरू पूरा गर्छन् । सुत्केरीलाई अछुतको रूपमा हेर्ने चलन उनीहरूमा छैन । दिन र वारको आधारले वालुङले बच्चाको नाम राख्छन् । नाम प्राय आफ्नै भाषा मै  राख्दछन् । वालुङहरू मागि, प्रेम र चोरी आदि तरिकाबाट विहा गर्छन् । धेरैजसो वालुङ पुरुषले तिब्बतीयन महिलासँगै विवाह गर्छन् । तर वालुङ महिलाहरूले भने तिब्बतीयन पुरुषसँग विहा गरेका त्यति देखिदैन । त्यसैगरी वालुङहरू जलाउने र खोलामा काटेर फ्याने दुई तरिकाले मृतकको अन्त्येष्ठी गर्छन् । अन्य समुदाय झैँ मृतकको नाममा जुठो बार्ने, सेतो कपडा लगाउने चलन यो समुदायमा छैन ।

# सन्दर्भ सामग्री

अधिकारी, गोपीकृष्ण (२०५९ वर्ष २ अङ्क २) 'कन्चन्जङ्घा उपहार', ताप्लेजुङ, कन्चन्जङ्घा संरक्षण क्षेत्र आयोजना ।

आदिवासी जनजाति जर्नल (२०६७) काठमाडौ, आजउरा प्रतिष्ठान ।

आङदेम्बे, दिलविक्रम (२०६९ फागुन २६) 'कान्तिपुर राष्ट्रिय दैनिकि' काठमाडौ, कान्तिपुर प्रकाशन प्रा.लि ।

आङदेम्बे, दिलविक्रम (२०६७ बैशाख १०) 'गोरखापत्र राष्ट्रिय दैनिकि' काठमाडौ, गोरखापत्र प्रकाशन प्रा.लि ।

आङदेम्बे, दिलविक्रम (२०७०) 'नेपालका जातिय संस्कार' काठमाडौ, नेपाल प्रज्ञा प्रतिष्ठान (ने.प्र.प्र) ।

उक्याप, पेन्जोकला (२०६६) 'वालुङ दर्पण' ताप्लेजुङ, ओलाङचुङगोला गाउँ विकास समिति

उक्याप ताम्ला (२०६६) 'वालुङ दर्पण' ताप्लेजुङ, ओलाङचुङगोला गाउँ विकास समिति

चेम्जोङ, इमानसिं (२०३१ 'दोस्रो संस्करण' ) 'किरातकालीन विजयपुरको संक्षिप्त इतिहास' दार्जिलिङ, नेपाली साहित्य परिषद ।

ढुङ्गेल, रमेश (२०६९) 'जोन्देन उक्याव स्मृतिग्रन्थ' काठमाडौ, सुश्री याङ्की उक्याव ।

ढुङ्गेल, रमेश (इ.१९८९) 'प्राचीन नेपाल' (पुरातत्व विभागको द्वैमाषिक मुखपत्र) सम्पादक जनकलाल शर्मा, प्रकाशक श्री ५ सरकार शिक्षा तथा संस्कृति मन्त्रालय पुरातत्व विभाग काठमाडौ नेपाल ।

गुरुङ, बलबहादुर (२०६६) 'वालुङ दर्पण' ताप्लेजुङ, ओलाङचुङगोला गाउँ विकास समिति

गुरुङ, हर्क (२०५७) 'जनजाति पत्रिका' वर्ष २ अङ्क १, काठमाडौःराष्ट्रिय जनजाति विकास समिति ।

गुरुङ, हर्क,(२००७), 'मैले देखेको नेपाल' काठमाडौः हिमाल एसोसिएसन पाटनढोका, ललितपुर ।

जनजाति, (२०५६, वर्ष १ अङ्क १-२), 'जनजातिको अनुसूची स्वीकृत' काठमाडौः राष्ट्रिय जनजाति विकाश समिति ।

कार्की, झमकबहादुर ( २०६० वर्ष ३ अङ्क २ ) 'कञ्चनजङ्गा उपहार' ' ताप्लेजुङ, कञ्चनजङ्गा संरक्षण क्षेत्र आयोजना (के-क्याप)

केन्द्रीय तथ्याङ्क विभाग, (२०६८), 'तथ्याङ्क गतिविधि', काठमाडौः केन्द्रिय तथ्याङ्क विभाग ।

केसी, डि.वि. (२०५९ वर्ष २ अङ्क ३) 'कञ्चनजङ्गा उपहार' ताप्लेजुङ, कञ्चनजङ्गा संरक्षण क्षेत्र आयोजना (के-क्याप) ।

लामा, लोजक (२०६६) 'वालुङ दर्पण' ताप्लेजुङ, ओलाङचुङगोला गाउँ विकास समिति ।

लिम्बू, दलबहादुर र गुरुङ लिला चक्र ( २०६६) 'वालुङ दर्पण' ताप्लेजुङ, ओलाङचुङगोला गाँउ विकास समिति ।

मादेन, डिल्लीजंग (२०६२) 'मादेन फेन्दुवा बंशावली' ताप्लेजुङ, मादेन फेन्दुवा वंशावली प्रकाशन समिति ।

मेचीदेखि महाकाली, (२०३१) , श्री ५ को सरकार सूचना विभाग सञ्चार मन्त्रालय ।

नेपाल, ज्ञान मणि (२०२५) 'वनका फूल' भोजपुर, महेन्द्र कार्की ।

शेर्पा, पाशाङ (२०६७) 'शेर्पा जातिको चिनारी' ललितपुर, नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (ने.आ.ज.उ.रा.प्र) ।

शेर्पा, पासाङ (२०५६) 'ताप्लेजुङ जिल्लाको ओलाङचुङगोलामा बसोवास गर्ने होलुङ जातिको सामाजिक आर्थिक तथा साँस्कृतिक अवस्था एक अध्ययन' काठमाडौ (अप्रकाशित), आजउरा प्रतिष्ठान ।

शेर्पा, ताम्लिङ (२०६८ जेष्ठ १९) मा व्याक्तिगत रुपले गरिएको कुराकानीमा आधारित ।

तामाङ, अजितमान (२०६९) 'तामाङ जातिको चिनारी' ललितपुर, नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान (ने.आ.ज.उ.रा.प्र) ।

थापा, राजेश्वर (२०६५) 'वालुङ र वालुङगा' काठमाडौ, अभिमान प्रकाशन ।

शेर्पा, बरादोर्जे (२०६९ असोज १४) मा व्याक्तिगत रुपले गरिएको छलफलमा आधारित ।

उक्याप, ताम्ला (२०६८ माघ ५ ) मा व्यक्तिगत रुपले गरिएको छलफलमा आधारित ।

Bista, Dor Bahadur ( 2000 5th edition , 2011 reprint ) ‘People of Nepal’ Nepal, Ratna Pustak Bhandar, Bhotahity Kathamandu ( copies 1967)

Das, Sarat Chandra ( 1970 reprinted ) “Lasha and Central Tibet” Manjusri publishing House Kumar Gallery II Sunder Nagar Market New Delhi India (copies 1902)

Fisher, J.F (1985) Trans Himalayan Traders: Economy, society, and Cultural in Northwest Nepal, Berkeley: University of California press

Haimendorf, C.V. Furer (1964) The sherpa of Nepal , London john Murray

Haimendorf, C.V. Furer (1984) The Sherpas Transformed: Social Change in a Buddhist Society of Nepal, Sterling Publisher Pvt. Ltd, New Delhi .

Haimendorf, C.V. Furer (1975) Himalayan Traders, Publishers– John Murry (Publishers) Ltd. 50 Albemarle street, London, WIX 4BDedited by Caste and Kin in Nepal, Indian And Ceylon (Asia Publshing House)

Hooker, J.D (1987 4th edition) Himalayan Journals: Nots of Naturalist in Bengal, The Sikkim, and Nepal Himalayas the Khasia Mountains and. Etc . New Delhi. Today and Tomorrows Printers and Publishers (original prented 1855 )

Regmi, Mahesh Chandra (1978) ‘land tenure and taxation in Nepal’, Kathmandu, Ratna pustak Bhandar.

Ukyab, Tamla and Adhikari, Shyam (2000) 'Walungs' The Nationalities of Nepal, Kathamandu, His Majesty's Government of Nepal, Ministry of Local Development

Ukyab. Zonden (2001) ‘Walung Interlude’ Kathmandu,

# परिशिष्ट

## परिशिष्ट १ (एक) अध्ययनका क्रममा प्रयोग भएका पारिभाषिक शब्दावलीहरु तल उल्लेख गरिएको छ ।

भोटे - नेपालको हिमाली भू-भागमा बस्ने भोट (तिब्बत) मूलका बासिन्दालाई भोटे ( भोटिया) भनिन्छ ।

बोन्पो - बोन्पो तिब्बतमा बुद्ध धर्म प्रचार हुन भन्दा पहिला प्रचारमा आएको एउटा सम्प्रादाय हो । यस सम्प्रादायमा बलि हत्या गरी तन्त्र-मन्त्र, भूत-प्रेतको पुजा/आजा गर्ने तथा मृतकको काजकृया आदि गरिन्छ ।

दे-मेन्दे- दे-मेन्दे ओलाङचुङगोला क्षेत्रका वालुङ भोटियाहरूले बोल्ने एक प्रकारको भाषिक थेगो हो । यो शब्दको खस नेपाली भाषामा 'हो कि होइन' भन्ने अर्थ लाग्दछ ।

सम्बोटा- भोट-बर्मेली भाषाभित्र पर्ने तिब्बतमा प्रचलित लिपि ।

तोर्लङ - काठको मुढावाट बनाइएको लाम्चो आकारको ठेकी । कतिपयले यस्तो तोर्लङ ठूलो भालु बाँसको पनि बनाउने गर्छन् । खासगरी यो तोर्लङ हिमाली भू-भागतिर भोटे चिया (फेच्या) घोल्नको लागि प्रयोग गरिन्छ ।

बुद्धगया - बुद्ध धर्म अनुसार प्रशिद्ध चार ठाँउ मध्ये एक जहाँ भगवान बुद्धले ज्ञान प्राप्त गरेको थियो । यो जग्गा भारतमा पर्दछ ।

ठिप्ताला- पूर्वी नेपालको ओलाङचुङगोला गाविसमा पर्ने नेपाल र तिब्बतको सिमास्थलमा रहेको एउटा नाका (पास) भन्ज्याङको नाम हो । यो भन्ज्याङ पूर्वी नेपालबाट. र भोट (तिब्बत) जाने मुख्य नाका पनि हो ।

'वा' - न्याउरी मुसा जस्तो सानो लेकाली जनावर जुन हिमाली भू-भागमा पाइन्छ ।

मावोहाङ- मावोहाङ - मावोहाङ वंशी लिम्बूहरूको पितृ देवता ।

'इम्वीरी याङथाङवा  फुल्लासो बेल्लासो' - ओलाङचुङगोला क्षेत्रको उत्तरी भू-भाग अन्तरगत भोट (तिब्बत) को सिमाना नजिक रहेको हिम-तालहरूलाई किराती लिम्बू मुन्धुमी (मुखाकिरित थुथुरे बेद) भाषामा इम्वीरी याङथाङवा  फुल्लासो बेल्लासो' भन्ने गरिन्छ ।

इरुम्सुम-वरुम्सुम - बगेको पानीबाट घुमाइने ढुङ्गाको जाँतो (पानी घट्ट) लाई किराती लिम्बू मुन्धुमी भाषामा 'इरुम्सुम-वरुम्सुम' भनिन्छ ।

कानी -  भोटिया मूलका बासिन्दाहरूले गाउँ छिर्ने ठाँउमा बनाएको प्रवेशद्धार ।

खम्पा-   तिब्बती दलाई लामाको समर्थक लडाकु, । सनः १०५९ मा चीनले तिब्बतलाई स्वा-शासित क्षेत्र घोषणा गरे पछि दलाई लामा तिब्बतबाट विस्थापित भए । त्यहीँ बेला भोट (तिब्बत) को खम्पा क्षेत्रका अधिकांस दलाई लामाका समर्थक भोटिय लडाकुहरू  नेपालको हिमाली भु-भागमा आएर बस्न थाले । यी समुदायलाई खम्पा भनेर चीन्न थालियो ।

नावा - भोटे (भोटिया) मुलका एउटा गोत्र तथा समुदाय । यी समुदायका मूल वसोवास क्षेत्र सङ्खुवासभाको हटियागोला, ताप्लेजुङको साँवा, नाल्वो, पापुङ आदि पर्दछ , छिटफुट रूपले यी समुदायहरू सोलुखम्बु, पाँचथर र इलाम आदि जिल्लामा पनि बस्दछन् ,

पो - भोटिया भाषामा उच्च पहाडी लेकतिर बस्ने बासिन्दालाई 'पो' भनिन्छ ।

गोभाङ्गी -सरकारी तवरबाट लाल मोहर मार्फत लिम्बूहरूलाई दिइएको सुब्बा पद जस्तै ओलाङचुङबासी भोटियालाई गोभा पद दिइएको थियो । तीनै गोभाले रेखदेख गर्ने अधिकार पाएको क्षेत्रलाई गोवाङ्गी भनिन्छ ।

खम्बाचेँन- पूर्वी नेपालको ताप्लेजुङ जिल्ला स्थित लेलेप गाविसको पूर्वी उत्तरी भु-भाग अन्तरगत कन्चन्जङ्घा हिमालको पदमार्गमा पर्ने नुप्चुङ र मिरा जस्ता हिम-शिखरको काखमा रहेको एउटा उपत्यकाको नाम हो ।

जिम्भु - उच्च लेक तिर पाइने एक प्रकारको प्याज हो । यसको डाँक्लो तथा पात मसला सब्जी आदिको रूपमा प्रयोग गरिन्छ ।

आरम्भ - औपचारिक शिक्षा सुरू गरेको तर पाँच कक्षासम्म नपुगेको एक वा दुई कक्षासम्म मात्र पढेकोलाई यहाँ आरम्भ शिक्षा लिएको भनेर गणना गरिएको छ ।

धर्म-पुत्र - आफ्नो सन्तान् नभएको खण्डमा आफूभित्रको नातेदार अथवा अन्य जो कोहीको सन्तानलाई ल्याई आफ्नो सन्तान जस्तै पालन-पोषण गरी आफ्नो धनसम्पतिको हकदार समेत बनाइएको ब्यात्तिलाई धर्म-पुत्र भनिन्छ ।

गोवाक - भोटिया मुलीहरूले लगाउने प्वाँलो मुगा र मोतीबाट निर्मित एक एक प्रकारको टोपी । गोवाक अत्यन्तः बहुमुल्य बस्तुबाट निमार्ण हुने गहना भएकोले सामान्य परिवारका भोटियाहरूले त्यति प्रयोग गर्न सक्दैनन् ।

'घो'- वालुङहरूले घाँटीमा लगाउने सुनबाट बनिएको एक प्रकारको माला ।

केदाक'- पेटको अघिल्लो भागमा लगाउने चाँदीबाट निर्मित एक प्रकारको गहनालाई केदाक भनिन्छ ।

धुन्ज्याङ - वालुङहरू घरमा नयाँ पाहुना आउँदा, चाड-पर्व मनाउदा तथा धार्मिक पूजा-पाठ आदि कार्य गर्दा उपयुक्त घरमा सामुहिक भेला भई नाच-गान तथा भोजको आयोजना गरेर रमाइलो गर्दछन् । यस्तो प्रचलनलाई उनीहरू धुन्ज्याङ भन्छन् ।

पाक (पाख) - उवा चामल, पिठो,छुर्पी आदिबाट निर्मित एक प्रकारको तिब्बतीयन खाद्य परिकार हो ।

पाँङ्देन - वालुङ महिलाले बक्खुसँग अगाढि पछाढि लगाउने कपडालाई पाङदेन भनिन्छ ।

लङ्जाक - वालुङहरू विवाह गर्दा बेहुला-बेहुलीलाई सगुन दिने समयमा युवतीहरूले लगाउने पहिरन ।

ठ्यु - सामान्य पानीलाई विभिन्न धार्मिक मन्त्रोचारण गरि औषधि मुलो लगाएर पवित्र जल बनाएकोलाई ठ्यु भनिन्छ ।

सोरुक - वालुङ समुदायमा केटी माग्न जाँदा केटीको बाबु/आमा तथा आफन्तलाई कोशेली स्वरुप काठको तोङ्वा ( पै) लगेर राखि दिने प्रचलन छ । यसरी राखिएको तोङवा (पै) लाई सारूेक भनिन्छ ।

ठोसोछेमा - वालुङहरुले जन्म, विवाह, मृत्यु संस्कार तथा धार्मिक विधि/विधानमा प्रयोग गर्ने एक प्रकारको काठको बाकसलाई 'ठोसोछेमा' भनिन्छ । यस वाकसभित्र घ्यु, चिनी, उवाको पिठो, गँहु, ध्वजा/पता, धुप आदि राखिएको हुन्छ ।

साङला - यो एक प्रकारको कित्ली जस्तो भाँडो हो । वालुङहरु प्रत्येक संस्कार/कर्मकाण्ड, पुजा-आजा तथा पार्टी-भोज आदिमा यो भाँडो (साङ्ला) को प्रयोग गर्दछन् ।

फाजे - काठबाट बनाईको एक प्रकारको भाँडा ।

दाधा - वालुङ भोटियाहरूले संस्कार कर्म-काण्ड तथा धार्मिक पूजा/आजा गर्दा निशान जस्तो एक प्रकारको ध्वजा (लिङ्गो) को प्रयोग गर्दछन् । यसरी प्रयोग गरिएको ध्वजा (लिङ्गो) लाई उनीहरू 'दाधा' भन्छन् । दाधा मुगा, सुन/चाँदी, युङ मालिङ्गो, ध्वजा/पत्ता आदिबाट बनाइएको हुन्छ । वालुङहरू विवाह गर्दा दाधा अनिवार्य रूपले हुनुपर्छ ।

'छ्या माण्डो याङ् माण्डो - वालुङ लामा पुस्तकभित्र लेखिएको एक प्रकारको मन्त्र । यो मन्त्र उचारण गरिए गाउँ-घरको सह अन्यत्र जाँदैन भन्ने जन-विश्वास वालुङ समुदायमा छ ।

लक्सुम - वालुङहरूले दुध धुन प्रयोग गर्ने पित्तलबाट बनिएको एक प्रकारको दुधेरोलाई लक्सुम भनिन्छ ।

छ्याङखोले याङखोले - वालुङ लामा पुस्तकभित्र लेखिएको एक प्रकारको मन्त्र । यो मन्त्र उचारण गरिए अन्यत्र जग्गाबाट गाउँ-घरमा सह आउन सक्छ भन्ने जन-विश्वास वालुङहरू गर्दछन् ।

सुङ्जोक - वालुङहरू मानिसको मृत्यु भएको दिन रातभर मृतकको नाममा विभिन्न पुजा/पाठहरू गर्दछन् । यसरी मृतकको नाममा गरिने पूजा-पाठलाई उनीहरू सुङज्योक भन्छन् ।

कुतेम्बाला - देवी-देवता चढेका वालुङ धामी/झाँक्रीलाई कुतेम्बाला भनिन्छ । कुतेम्बालाले मुखाकीरित (थुथुरे वेद) मार्फत विरामीको जोखना हेर्ने, उपचार गर्ने तथा देवी-देवताको पूजा-आजा गर्ने आदि गर्दछन् ।

दिक्किछ्योलिङ - यो ओलाङचुङगोला बजारमा रहेको गुम्बाको नाम हो ।

गोभा - सरकारी तवरबाटै निश्चीत क्षेत्रको रेखदेख गर्न लालमोहर मार्फत् अधिकार प्राप्त एउटा पद हो । यो लिम्बूले पाएको सुब्बा पद जस्तै हो ।

कटेरो - चित्रा ढुङ्गा, काठ, चित्रा आदिबाट निर्माण गरिएको अस्थाई किसिमको घर अथवा गोठ ।

**परिशिष्ट २ (दुई) अध्ययनको लागि छानिएका व्यक्तिहरूको नामावलीहरू तल उल्लेख गरिएको छ।**

| नाम | जिल्ला | गाविस /न.पा/टोल |
|---|---|---|
| ताम्ला उक्याप | काठमाडौँ | कुलेश्वर |
| ढन्डु शेर्पा | ताप्लेजुङ | लेलेप |
| वाङ्दी लामा | काठमाडौँ | धुम्बाराही |
| जुङदाक शेर्पा | ताप्लेजुङ | लेलेप |
| डने शेर्पा | ताप्लेजुङ | लेलेप |
| चुङ्दाकला शेर्पा (वालुङ) | ताप्लेजुङ | फुङलीङ |
| बरादोर्जे शेर्पा (वालुङ) | ताप्लेजुङ | ओलाङचुङगोला |
| पासाङ किपु शेर्पा (वालुङ) | ताप्लेजुङ | ओलाङचुङगोला |
| याङमाक नुप्पु शेर्पा (वालुङ) | ताप्लेजुङ | ओलाङचुङगोला |
| छेतेन टासी शेर्पा (वालुङ) | ताप्लेजुङ | ओलाङचुङगोला |
| तावाली ङिमा शेर्पा (तावाली) | ताप्लेजुङ | ओलाङचुङगोला |
| ताम्लीङ शेर्पा (वालुङ) | ताप्लेजुङ | ओलाङचुङगोला (याङमा) |
| फुज्युङ शेर्पा (वालुङ) | ताप्लेजुङ | ओलाङचुङगोला (याङमा) |
| चुङगी शेर्पा (भोटिया) | ताप्लेजुङ | लेलेप (ग्याब्ला) |
| दावा फुटि शेर्पा (भोटिया) | ताप्लेजुङ | लेलेप (ग्याब्ला) |
| हिमाली चुङदाक शेर्पा (खम्बाछेन्दा) | ताप्लेजुङ | लेलेप (घुन्सा) |
| निमा दोर्जे भोटिया (वालुङ) | काठमाडौ | बौद्ध |
| लोजाक लामा (वालुङ) | काठमाडौ | अनाम नगर |
| धार्के शेर्पा (खम्बाछेन्दा) | ताप्लेजुङ | लेलेप (खम्बाछेन) |

## परिशिष्ट- ३ (तीन) अध्ययनको क्रममा प्रयोग गरिएका प्रश्नावलीहरू निम्न लिखित छन् ।

१ तपाई कहिलेदेखि ओलाङचुङगोला बस्दै आउनु भएको हो ?

२ तपाईको मूल थातथल्लो कता हो ?

३ तपाईको क्षेत्रमा गाउँ-ठाउँका नामहरू तपाइको मौलिक भाषामा राखिएको छ कि छैन ?

४ तपाईको समुदायको बसोवास क्षेत्र र सिमाना कहाँ सम्म छ ?

५ तपाईको परिवार कस्तो प्रकारको छ ।

६ वालुङ भोटियाहरूमा थर-उपथर के कति छन् ?

७ तपाईहरू विहा गर्दा कति पुस्तासम्म साइनो केलाउनु हुन्छ ?

८ तपाईहरूले विवाह गर्दा के-के रितहरू पुरा गर्नु पर्छ ?

९ तपाई कुन धर्म मान्नु हुन्छ ?

१० तपाई कुन/कुन देवी-देवताको पूजा गर्नुहुन्छ ?

११ अन्य जाति समुदायसँग तपाईको सम्बन्ध कस्तो छ ?

१२ तपाईहरू कुन-कुन चाड-पर्व मनाउनु हुन्छ ?

१३ तपाईहरूले मनाउने चाड-पर्वको वर्तमान अवस्था कस्तो छ ?

१४ तपाईको परिवारको हालको मुख्य पेशा के हो ?

१५ वर्तमान तपाईहरूको जीवन गुजाराको मुल माध्यम के हो ?

१६ तपाईहरूको गाउँमा शिक्षा र स्वास्थ्यको अवस्था कस्तो छ ?

१७ तपाईहरू व्यापार व्यवसाय कताबाट कसरी गर्नु हुन्छ ?

१८ वालुङहरूको परम्परागत लोक गीत, गर-गहना र भेष/भुषाहरू के के हुन् ?

१९वालुङ भोटियाका परम्परागत प्रशासन छ कि छैन ?

२० तपाइहरूको परम्परागत न्याय प्रणाली कस्तो थियो ।

२१ वालुङहरूको परम्परागत संस्थाहरु छ कि छैन ?

२२ वालुङ भोटियाहरू नेपालको राजनीतिमा कतिको सम्लग्न छन् ?

२३ वर्तमान नेपालको जातिय आन्दोलनमा वालुङहरू लागेका छन् कि छैनन् ?

# परिशिष्ट-४ (चार) ओलाङचुङगोला बजारको सामाजिक सर्वेक्षण:

१ परिचयात्मक विवरण: मिति…………

- उत्तरदाताको नाम………… जन्म स्थान……… वर्ष…………
- गा.वि.स………………वाड. न…………… टोल……………

२ पारिवारिक विवरण:

- परिवार मूलिको नाम :……………………
- जात ……………………
- परिवारको प्रकार ………………………
- परिवारको सङ्ख्या ……………… पुरुष …………. महिला……………….
- धर्म…………….
- भाषा…………
- शिक्षा…………

(पारिवारिक विस्तृत विवरण)

| क्र.स | नाम | उमेर | लिङ्ग | शिक्षा | पेशा |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# परिशिष्ट - ५ (पाँच) जनकारसँग गरिएको अन्तरकृयाको चेकलिष्ट

## १ सामान्य परिचयः

(क) पुर्खौली थातथलो, भौगोलीक क्षेत्र, जनसङ्ख्या, भाषिक-धार्मिक समुह, अहिलेको सघन बसोवास भएको ठाउँहरू

(ख) आफूलाई कसरी चिनाउँछन्, अन्यले कसरी चिन्छन्

## २ जातिय इतिहासः

### (क) उत्पति र इतिहासः

किम्बदन्ती, परम्परागत विश्वास, लोकप्रिय जनश्रुति, बसाई-सराईको इतिहास, लिखित अलिखित इतिहास ।

## ३ भुगोलः

### ३.(क) पहिचान र भूगोलः

- मूल थातथल्लो, सिमाना

- बसाई सरेर बसोवास भएको ठाँउहरू

-आफ्नो मूलः थातथल्लोलाई अन्योन्याश्रित सम्बन्धलाई प्रष्ट्याउने रीति-थिति संस्कार परम्परा तथा प्रचलनमा आइरहेका व्यवहारहरू ।

## ४ सामाजिक संरचना र सम्बन्धहरू

### ४.(क) वासस्थानका प्रकार/वर्तमान वासस्थानः

-वालुङ भोटियाका वासस्थान कस्तो छ, सामुहिक मिलेर बसेको होला, गाउँमा प्रवेशद्वार होला, गुम्बा होला आदि ।

**४.(ख) घरको बनावट**

-घरको संरचन, घर के ले बनेको छ, घर कति तलाको छ, अन्य समुदायाको भन्दा वालुङ घर के-कति कारणले फरक छ, घर कोठाका नामहरू आदि ।

**४. (ग) जनसङ्ख्या, नाताकुटुम्ब, थर-उपथर , शिक्षा**

**४.(ग).१ जनसङ्ख्या**

वालुङको जम्मा जनसङ्ख्या कति हो ? पुरुष र महिला मध्ये कस्को सङ्ख्या बढि छ ? एउटा घरमा कति परिवार छन् ? ।

**४.(ग).२ थर-उपथर**

एउटै थर-उपथर  हुनको आसय, थरको उत्पति, उनीहरूमा कति थर छन् । थर भित्र उपथर हुन्छ कि हुन्न, आदि

**४.(ग).३ नाता कुटुम्ब र साइनो सम्बन्धः**

नाताबाट साइनो सम्बन्ध छुटाउने आधारहरू, नाता कुटुम्ब प्रणालीको महत्व, नाता-कुटुम्ब विच विनिमय प्रणाली, हितेरी/मितेरी गाँस्ने चलन, धर्म-पुत्र राख्ने चलन आदि ।

## ५. धर्म र धार्मिक परम्पराः

-परम्परागत धर्म

-मूलभूत धार्मिक दर्शन र विश्वास

-परम्परागत देवी-देवता र पूजा-आजा

-परम्परागत धामी-झाँक्री

-महत्पूर्ण धार्मिक स्थल

### ५.१ प्रमुख जीवन चक्र संस्कारहरू

जन्मः बच्चा जन्मेअघि पछिदेखि वयस्क सम्म गरिने संस्कार

विवाहः विवाहका प्रकार, विवाह प्रकृया, विवाहमा लैङ्गिक सम्बन्ध, विवाहमा आएको परिवर्तन ।

मृत्युः मृत्यु पछिको जीवन सम्बन्धी विश्वास, मृत्यु पछि गरिने सबै संस्कारहरू ।

## ६ लोक वार्ता, परम्परागत र अन्य भौतिक संस्कृतिः

-परम्परागत लोक गीत र संगीत (लोक गीत, लोक वाजा)

-भेष-भूषा

-गर-गहना

## ७.राजनैतिक प्रणालीः

-परम्परागत राजनैतिक शासन प्रणाली

परम्परागत शासन

अधिकार

संरचना

-परम्परागत न्याय प्रणालीः

संरचना, प्रक्रिया

परम्परागत कानुन

वर्तमान राजनैतिक प्रणालीमा वालुङ भोटियाका अवश्था

## ८.आर्थिक

-परम्परागत जीवन गुजारा प्रणाली तथा वालुङहरूको विनिमय प्रणाली ।

-खाध्य सुरक्षा प्रणालीमा वालुङहरूको आदिवासी प्रणाली ।

-परम्परागत उद्योग, कुटिर उद्योगमा वालुङहरूको वर्तमान अवश्था ।

-गैर परम्परागत पेशा वैदेशिक रोजगार नोकरी आदिमा वालुङको अवस्था ।

-बजारिकरण र यसले वालुङ समुदायमा पारेको प्रभाव ।

# परिशिष्ट - ६ (यस अध्ययन क्षेत्रका केही महत्वपूर्ण तस्वीरहरू)



(वालुङ दम्पति)



(वालुङ भोटियाका बासस्थान क्षेत्र ओलाङचुङगोला बजार)



(ओलाङचुङ बजारमा रहेको वालुङ भोटिया घरहरू)



(ओलाङचुङगोला स्थित श्री महेन्द्र प्रा.वि स्कूल)



(ओलाङचुङका वालुङहरू स्याब्रो नृत्य गर्दै )



(वालुङको अन्त्येसष्ठी स्थल 'केन्दायाङ' जग्गा )



(ओलाङचुङगोला स्थित दिकिछोलिङ गुम्बा)



(फुटुक पर्व मनाउदै वालुङ भोटियाहरु)



(बच्चाको छेदा पुजा गर्दै वालुङ भोटियाहरु )



(तिब्बतवाट याकलाई ब्यापारिक समान बोकाएर ओलाङचुङगोला बजार ल्याउदै)



(गलैंचा बुन्दै वालुङ महिला) .........